सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ जेठ २०८०, मंगलबार (6 June 2023, Tuesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ५४ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ कुरुवाघरविनाका अस्पताल

बिरामी कुर्दा कुरुवा नै हुन्छन् बिरामी

मञ्जु टेलर/नयाँ पत्रिका
तस्बिर : **ज्ञानेन्द्र कार्की**

गत १७ वैशाखमा वीर अस्पतालको मेडिकल वार्ड भवनको पर्खाल भत्किँदा आइसियूमा उपचाररत बिरामीका पाँच कुरुवा घाइते भए। आइसियूनजिकै भुइँमा आराम गरिरहेका अंशु चौधरी, धनेश्वर पन्थी, श्यामा देवी, रिना झा चौधरी र बहुवा देवीलाई पर्खाल भत्किएर खसेको इँटा र जस्तापाताले ढाड र टाउकोमा चोट लागेको थियो। केही महिनाअघि पनि पर्खाल भत्किँदा १० जना कुरुवा घाइते भएका थिए।

तर, कुरुवा घाइते हुने गरी भत्किएको पर्खाल अहिलेसम्म मर्मत भएको छैन, जब कि त्यही धराप पर्खालमुनिको जोखिमपूर्ण भुइँमा अन्य बिरामीका कुरुवाले अहिले पनि आश्रय लिइरहेका छन्। अस्पतालले भने ०३४ मा बनेको मेडिकल भवनको चौथो तलाको पर्खाल पानी पर्दा गलेर इँटा झर्ने गरेको, तर उक्त भवन भत्काउने योजना रहेकाले मर्मत नगरिएको बताएको छ।

■ राजधानीका सबैजसो ठूला अस्पतालमा कुरुवाघरको अभाव

बिरामीका कुरुवाका लागि अस्पतालमा कुरुवाघर नै हुनुपर्ने हो। तर, बर्सेनि १५ देखि २० हजार बिरामी बेडमा भर्ना भएर उपचार हुने वीरमा कुरुवाघर बस्ने छुट्टै घरको व्यवस्था छैन। विशिष्टिकृतसहितको सेवा दिइरहेको वीरमा सर्जिकल भवनसँगै नयाँ भवनहरू बनिरहे पनि कुरुवा भने वार्डबाहिरका प्यासेज, कुना र जोखिमयुक्त स्थानमै बस्न बाध्य छन्। चिसो भुइँमा लामो समय बस्दा बिरामी हुने जोखिम त छँदै छ, शौचालय, नुहाउने र फोन चार्ज गर्ने ठाउँदेखि ओढ्ने-ओछ्याउनेलगायतका

» पृष्ठ ११ मा क्रमशः

■ बर्सेनि १५ देखि २० हजार बिरामी भर्ना भएर उपचार हुने वीरमा कुरुवाघरको व्यवस्था छैन



वीर अस्पतालमा बर्सेनि १५ देखि २० हजार बिरामी बेडमा भर्ना भएर उपचार गर्छन्, तर यहाँ कुरुवा बस्ने छुट्टै ठाउँ छैन। उनीहरू वार्डबाहिरका प्यासेज, कुना र जोखिमयुक्त स्थानमै बस्न बाध्य छन्। चिसो भुइँमा लामो समय बस्दा बिरामी हुने जोखिम त छँदै छ, शौचालय, नुहाउनेदेखि ओढ्ने-ओछ्याउनेलगायतका सामान राख्ने ठाउँ नहुँदा चोरीसँगै कुरुवामा मानसिक समस्या पनि देखिने गरेको छ। ५२ वर्षीया श्रीमतीलाई मिर्गौलामा समस्या देखिएपछि शुक्रबारदेखि कुरुवा बसिरहेका बाराका मधुसूदन साहले भने, 'भुइँमै रात बिताउनुपर्दा म आफैँ बिरामी पर्न थालिसकेँ। साँझपखपछि ज्वरो आउँछ।'

■ टिचिङमा क्रिटिकल केयरका बिरामीका २० कुरुवाका लागि मात्र ठाउँ, अन्य पेटीमै सुत्छन्



काठमाडौंको महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पतालमा क्रिटिकल केयरका बिरामीका लागि २० बेडको कुरुवाघर छ। तर, क्रिकिटल केयरका बिरामीका कुरुवा नै त्यहाँ नअटाउने भएपछि सँगैको सुरेश वाग्ले भवनको पेटीसमेत छुट्याइएको छ। अन्य बिरामीका कुरुवा भने सम्बन्धित वार्डबाहिर पेटीमै सुत्न बाध्य छन्। 'अस्पतालमा बिरामी राख्ने बेडहरू नै पर्याप्त छैनन्, यस्तो अवस्थामा कुरुवाका लागि छुट्टै व्यवस्था गर्न नसकिने अवस्था छ। केही दातृ निकायले कुरुवाघर बनाउन सहयोग गर्ने बताए पनि प्रक्रिया थाल्न सकिएको छैन,' त्रिवि शिक्षण अस्पतालका प्रवक्ता प्रमोदकुमार निरौलाले भने।

■ निर्देशिकाले नै भनेको छ- बिरामीका एक कुरुवा बस्ने प्रबन्ध हुनुपर्छ

स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० ले नै बिरामी कुरुवाका लागि कुरुवाघर हुनुपर्ने भनेको छ। निर्देशिकाको परिच्छेद ४ अन्तर्गत अस्पतालसम्बन्धी मापदण्डमा अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकताअनुसार बिरामीको साथमा रहने एक कुरुवा बस्ने प्रबन्ध हुनुपर्ने भनिएको छ। तर, अत्यधिक भिडभाड हुने अस्पतालहरूमै बिरामी कुरुवा आवास हुनुपर्ने मापदण्ड कार्यान्वयनमा आउन सकेको छैन। कुरुवाघरको अभावले अस्पतालमा उनीहरूको स्वास्थ्यमा मात्रै होइन, अस्पताल व्यवस्थापनमै समस्या हुने बताउँछन् जनस्वास्थ्यविद् डा. बाबुराम मरासिनी। उनले भने, 'हेर्दा सामान्य लागे पनि वार्डबाहिरका करिडोरमा बस्दा कुरुवा नै बिरामी परेर अस्पताल भर्ना हुनुपर्ने अवस्था छ। भिडभाडका कारण फोहोर बढ्ने, भिडभाडमा स्वास्थ्यकर्मीको सेवासमेत प्रभावित हुनेलगायत समस्या पनि देखिन्छन्। यसमा अस्पताल प्रशासनको खासै ध्यान गएको देखिँदैन।' सकेसम्म अस्पतालभित्रै वा सम्भव नभए अस्पतालनजिक एक बिरामीबराबर एकजना बस्न मिल्ने गरी कुरुवाघर बनाउन सके धेरै समस्या एकैचोटि समाधान हुने डा. मरासिनीको सुझाव छ।

सदनमा सत्ता र प्रतिपक्षबीच जुहारी

प्रधानमन्त्रीले जवाफ दिँदा 'अवरोध', सदन सञ्चालन सभामुखको नियन्त्रणबाहिर

सीमाबारे ढाँटेको छैन

● **पुष्पकमल दाहाल प्रचण्ड**, प्रधानमन्त्री



मैले कहीं पनि विकल्प यो हुन्छ र यसमा जाउँ भनेर प्रस्तावित गरेको छैन। नेपालको भूमि हो भनेर स्थापित गर्ने पहिलो कुरा हो। लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको भूमि हो भन्ने स्थापित गर्नमा मैले भूमिका खेलेको छु। मैले कुनै विकल्पको कुरा गरेको छैन। नेपालका केही विज्ञ र बुद्धिजीवीले गरेको अध्ययनका आधारमा यस्ता कुराहरू पनि छन् भनेको हुँ, यो गर्नुपर्छ भनेको छैन। विकल्प मेरो विषय होइन। हाम्रो भूमि हो, स्थापित गर्ने पहिलो प्राथमिकता हो। त्यसपछि कसरी जाने पछिको कुरा हो। भारतसँग विकल्पबारे कुनै चर्चा भएको छैन।

प्रधानमन्त्रीले कुरा बिगार्नुभयो

● **केपी ओली**, अध्यक्ष, एमाले



बंगलादेश जाने बाटोसँग लिम्पियाधुरा, लिपुलेक र कालापानीलाई सट्टापट्टा गर्न सकिने स्वर आएका छन्। म के सम्झाउन चाहन्छु भने बंगलादेश जाने बाटो या पारवहनको सुविधा सट्टापट्टाको विषय होइन, त्यो नेपालको अधिकारको विषय हो र यसमा कुनै सट्टापट्टाको विषय हुन सक्दैन। त्यहाँ (भारत)का संसदीय मामिलामन्त्रीले ग्रेटर भारत राष्ट्र निर्माणको यही उद्देश्य र गन्तव्य हो भनेर बोल्छन्। हामी यत्रै देश बनाउँछौं भन्दा खण्डन गर्नुपर्दैन ? चार दिनसम्म बस्दा बोल्नुपर्दैन ? त्यसकारण मौका गुमाउनु मात्र भएन, प्रधानमन्त्रीजीले कुरा बिगार्नुभो।

कमलराज भट्ट, शुरोजंग पाण्डे/नयाँ पत्रिका

नागरिकता विधेयक प्रमाणीकरण प्रक्रिया र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमणमा केन्द्रित हुनुपर्ने संसद् सोमबार 'भैंसी'मा केन्द्रित भएको छ। भारत भ्रमणका क्रममा प्रधानमन्त्रीले सीमा विवाद हलबारे दिएको अभिव्यक्तिलाई लिएर विपक्षीबाट अवरुद्ध प्रतिनिधिसभाको आइतबारको बैठकमा भारतले अनुदानमा दिएका राँगाको विषयमा लामो बहस भयो।

विपक्षीको मागअनुसार प्रधानमन्त्रीले जवाफ दिने गरी सोमबार बसेको बैठकमा नागरिकता र सीमाको विषयवस्तुभन्दा भारतबाट अनुदानमा प्राप्त मुर्रा राँगा बहसको केन्द्रमा आयो। राँगाकै विषयमा सत्ता र प्रतिपक्षबीच सदनमै दोहोरी चल्यो। प्रधानमन्त्रीले उठेका प्रश्नको जवाफ दिएका छन्। सोमबार दिनभर गरमागरम बहस गरेर प्रतिनिधिसभा निर्धारित कार्यसूचीमा प्रवेश गरेर आर्थिक वर्ष ०८०/८१ को बजेट वक्तव्यमाथि छलफल प्रारम्भ भएको छ।

प्रमुख प्रतिपक्षी एमालेसहित विपक्षी रास्वपा, राप्रपा, जनमोर्चा र नेमकिपाको अवरोधले आइतबार प्रभावित भएको सदनमा सोमबार प्रधानमन्त्रीले चार घन्टा बसेर जवाफ दिएका थिए। बोल्ने क्रममा सांसदले 'प्रधानमन्त्री भैंसी चढेर आएको' शब्द प्रयोग गरेपछि माहोल एकाएक तात्यो। तत्काल सभामुख देवराज घिमिरेले 'भैंसी चढेको' शब्द रेकर्डबाट हटाउन निर्देशन दिए।

जवाफकै क्रममा नागरिकता विधेयक निष्क्रिय भएको भनेर तर्क गरेर

» पृष्ठ ११ मा क्रमशः

कर्नर किक

● रवि मिश्र



■ शरणार्थीका नाममा ठगी मुद्दामा थुनछेक बहस

सरकारी वकिलको माग- प्रमाण मेटाउन सक्छन्, थुनामै राखियोस्



(समाचार पृष्ठ ३)

एसेम्बल उद्योगमा बढ्दै छ लगानी

मुस्ताङ म्याक्स, अन्ना लिफान, कस्मिक बाइकको एसेम्बल उद्योग बन्द भएको तितो विगत भुल्दै मोटरसाइकलदेखि टिभीसम्म स्वदेशमै उत्पादन

(समाचार पृष्ठ ९)

■ कोसीमा पनि एमाले नेतृत्वको सरकार जोखिममा

माओवादीले आज समर्थन फिर्ताबारे निर्णय गर्ने

कांग्रेस, एकीकृत समाजवादी र जसपाले एमाले नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिन दबाब बढाएपछि माओवादीले औपचारिक निर्णय लिन लागेको हो



हिक्मत कार्की, मुख्यमन्त्री

विराटनगरमा **गणेश लम्साल**

सत्तारूढ माओवादीले कोसी सरकारलाई दिएको समर्थन फिर्ता लिने तयारी गरेको छ। सोमबार बसेको माओवादी संसदीय दलको आकस्मिक बैठकले समर्थन फिर्ता लिने-नलिने विषयमा तीन घन्टा छलफल गरेको थियो। निष्कर्षविना टुंगिएको बैठकले मंगलबार औपचारिक निर्णय गर्ने माओवादीले

» पृष्ठ ११ मा क्रमशः

आमाको निधनपछि अलपत्र बाजुराका ६ बालबालिकाको उद्धार

शान्ति सेवा गृहले बालबालिकाको पालनपोषण र शिक्षाको जिम्मेवारीसहित सोमबार उद्धार गरेर काठमाडौं ल्याउँदै



तस्बिर सौजन्य : त्रिवेणी नगरपालिका

बाजुराका **गगन अयडी**

आमाको निधन भएपछि अलपत्र परेका बाजुराको त्रिवेणी नगरपालिका- १ नेपाली टोलका ६ बालबालिकाको उद्धार भएको छ।

काठमाडौंमा रहेको शान्ति सेवा गृहले ती बालबालिकाको पालनपोषण र शिक्षा दिने भनेर सोमबार उद्धार गरेर धनगढी पुऱ्याएको छ। मंगलबार काठमाडौं ल्याइँदै छ।

आमा आशा नेपालीको २७ वर्षकै उमेरमा निधन हुनुका साथै बुबा मन्नामे मानसिक समस्याले पीडित रहेको पाइएपछि बालबालिकाको उद्धार भएको बाजुराका पत्रकारसमेत रहेका सामाजिक अभियन्ता प्रकाश सिंहले बताए। '६ जना बालबालिकाको शिक्षा र पालनपोषणको जिम्मा लिने गरी त्रिवेणी नगरपालिकासँग कागजात गरेर शान्ति सेवा गृहले उद्धार गरेको हो,' उनले भने।

त्रिवेणीकी उपमेयर कमला न्यौपानेले बालबालिकाको जन्मदर्ता र आमाको मृत्युदर्ता बनाएर उद्धार गरिएको जानकारी दिइन्।

फोक्सो र मिर्गौलासम्बन्धी रोगबाट पीडित आशाको गत १० जेठमा उपचारको क्रममा धनगढीस्थित

» पृष्ठ ११ मा क्रमशः



भक्तपुर नगरपालिकाको सय शय्याको आफ्नै अस्पताल

२० मिनेटमै सेवा, १० महिनामा करिब दुई लाख बिरामीको उपचार

शान्ति तामाङ / नयाँ पत्रिका

भक्तपुर नगरपालिकाले सय शय्याको अस्पताल सञ्चालनमा ल्याएको छ। देशभरका सात सय ५३ स्थानीय सरकारमध्ये सय शय्याको अस्पताल सञ्चालन गर्ने भक्तपुर पहिलो स्थानीय सरकार बनेको छ।

नगरपालिकाले स्वास्थ्य सेवासमेत न्यून शुल्कमा उपलब्ध गराउँदै आएको छ। 'स्ट्यान्डर्ड बेडको एक सय रुपैयाँ शुल्क लिन्छौं,' नगर मेयर सुनील प्रजापतिले भने, 'अधिकांश नगरवासीले बिमा गरेका छन्। त्यही बिमाले कभरेज हुने भएकाले सेवा निःशुल्कजस्तै छ।' यस्तै, गरिब र विपन्नले उपचार गर्न नसक्ने अवस्था प्रमाणित गरे सबै स्वास्थ्य सेवा निःशुल्क हुने उनको भनाइ छ। नगरवासीलाई २० मिनेटमा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यअनुसार काम भइरहेको उनले बताए। 'हामीले नगरभित्र २० मिनेटमा स्वास्थ्य सेवा पाउने ग्यारेन्टी गरेका छौं। कुनै पनि नागरिकले २० मिनेटभित्र स्वास्थ्य सेवा पाउनुपर्छ भनेर प्रत्येक दिन घर-घरमा नर्स पुग्छन्। वडाका स्वास्थ्य केन्द्रमा डाक्टरसहितको सेवा उपलब्ध छ। ख्वप: अस्पतालमार्फत यी सबै सेवा उपलब्ध हुन्छन्। वडाका डाक्टरसम्म पुगे १०-१५ मिनेटमै पनि सेवा पाइन्छ,' उनले भने।

ख्वप: अस्पतालबाट दैनिक साढे सात सयजनाले सेवा लिइरहेका छन्। चालू आवको १० महिनामा मात्रै यहाँबाट एक लाख ७९ हजार जनाले सेवा लिइसकेका छन्। नगरपालिकाअन्तर्गत ख्वप: अस्पतालसहित श्वासप्रश्वास पुनर्स्थापना केन्द्र, जनस्वास्थ्य सेवा केन्द्र, सहरी स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य उपचार केन्द्र पनि सञ्चालनमा छन्। यसअघिको २५ शय्याको जनस्वास्थ्य केन्द्रलाई नगरपालिकाले सय शय्यामा स्तरोन्नति गरेको हो।



■ अस्पतालमा एक सय ७३ स्वास्थ्यकर्मी तथा कर्मचारी

अस्पतालमा हाल २१ जना विशेषज्ञ चिकित्सक, २० जना मेडिकल अफिसर, ४७ जना स्टाफ नर्ससहित एक सय ७३ जना कर्मचारी कार्यरत छन्। अस्पतालले सार्वजनिक बिदा र शनिबारसमेत गरी दैनिक ११ घन्टा ओपिडी सेवा दिइरहेको छ। नगरवासीका लागि निःशुल्क अक्सिजन सेवा उपलब्ध छ। चालू आवको १० महिनामा नौ हजार आठ सय ५५ सिलिन्डर ग्यास नगरपालिकाले निःशुल्क वितरण गरेको छ भने हालसम्म करिब चार सयजनालाई निःशुल्क रगत प्रदान गरेको जनाएको छ।



■ सुनील प्रजापति
मेयर, भक्तपुर नगरपालिका

हामीले नगरभित्र २० मिनेटमा स्वास्थ्य सेवा पाउने ग्यारेन्टी गरेका छौं। कुनै पनि नागरिकले २० मिनेटभित्र स्वास्थ्य सेवा पाउनुपर्छ भनेर प्रत्येक दिन घर-घरमा नर्स पुग्छन्। वडाका स्वास्थ्य केन्द्रमा डाक्टरसहितको सेवा उपलब्ध छ। ख्वप: अस्पतालमार्फत यी सबै सेवा उपलब्ध हुन्छन्। वडाका डाक्टरसम्म पुगे १०-१५ मिनेटमै पनि सेवा पाइन्छ।

■ ख्वप: अस्पतालमा सबै सेवा उपलब्ध

अस्पतालमा स्त्रीरोग, बालरोग, छाला, नाक-कान-घाँटी, दन्त, आँखा, हाडजोर्नी, छाती, मुटु, नसा, प्रसूति, मानसिक रोगलगायत रोगहरूको विशेषज्ञ सेवा उपलब्ध हुँदै आएको छ। गत ७ माघदेखि जटिल शल्यक्रिया र १७ वैशाखबाट प्रसूति सेवा पनि सुरु भएको छ। वडा-वडामा घरदैलो नर्सिङ सेवालाई प्रभावकारी बनाउन सम्बन्धित वडामा नियमित आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुने गरी नर्सहरूलाई समेत नगरपालिकाले परिचालन गर्दै आएको छ।

■ जनस्वास्थ्य केन्द्र अस्पतालमा रूपान्तरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई आधारभूत स्वास्थ्य र सरसफाइको अधिकारअन्तर्गत आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषणसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा नियमन, आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन, अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन, स्वास्थ्य सेवासम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापनको एकल अधिकार दिएको छ। नगरपालिकाले भने यसै वर्षदेखि सय शय्याको अस्पताल सुरु गरेको हो। सय शय्याको अस्पताल सञ्चालनको स्वीकृति पाउन भने निकै कष्ट भएको मेयर प्रजापतिले बताए। '०७३ सालमै २५ शय्याको अस्पतालको स्वीकृति जिल्ला जनस्वास्थ्य केन्द्रले दिने व्यवस्था थियो। सोहीअनुसार जनस्वास्थ्य सेवा केन्द्र चलाइरहेका थियौं। तर, अस्पताल भनेर सञ्चालन हुन सकिरहेको थिएन। कोरोनाका बेला धेरै मानिस केन्द्र आउन थालेका थिए। हामीले थोप्न सकेका थिएनौं। १७ वैशाख ०७८ मा जनस्वास्थ्य केन्द्रलाई ख्वप: अस्पताल भनेर नामकरण र नियमावली बनायौं। दैनिक पाँचदेखि ६ सय बिरामी आउन थाले। चाप बढ्यो,' अस्पताल सञ्चालनबारे मेयर प्रजापतिले भने, 'हामीले नर्सिङ कलेज पनि चलाइरहेका थियौं। त्यही बला सय शय्याको आफ्नै अस्पताल नभएका नर्सिङ कलेज बन्द गर्ने सरकारले निर्णय गऱ्यो। त्यसपछि केन्द्र सरकार र प्रदेश सरकार धेरैतिर धायौं। हामीसँग पूर्वाधार, जनशक्ति सबै भए पनि केन्द्र र प्रदेश सरकारले स्वीकृति दिन आनाकानी गऱ्यो। तर, हामीले पहल गर्न छाडेनौं। अन्ततः एक सय शय्याको अस्पताल चलाउन स्वीकृति पाएका छौं।' नगरपालिकाले २३ जेठ ०७९ मा बागमती प्रदेश सरकार स्वास्थ्य निर्देशनालयबाट अस्पताल सञ्चालन अनुमति पाएको थियो।

होस्टेलमा विद्यार्थी मृत फेला परेपछि पाँच दिनदेखि विद्यालय बन्द

काठमाडौं / काठमाडौंको सोह्रखुट्टेस्थित एक छात्रावासमा पाँच दिनअघि विद्यार्थी मृत अवस्थामा फेला परेयता उनी अध्ययनरत विद्यालय बन्द रहेको छ। इटरनल लाइट पब्लिक स्कुल (इलिप्स)मा कक्षा पाँचमा अध्ययनरत १२ वर्षीय बालक मृत फेला परेयता आफन्तहरूले विद्यालय बन्द गराएका हुन्।

विद्यालयको होस्टेलमा बस्दै आएका धादिङ नेत्रावती डबजोङ गाउँपालिकाका अभिषेक तामाङको शव १६ जेठमा झुन्डिएको अवस्थामा फेला परेको थियो। उक्त दिनदेखि नै आफन्तहरूले छानबिन र कारबाहीको माग राख्दै विद्यालय बन्द गराएका हुन्। बालकको मृत्यु शंकास्पद रहेको भन्दै आफन्तले विद्यालय प्रशासनमाथि कारबाहीको माग राख्दै नाराजुलस र धर्ना दिँदै आएका छन्। उनीहरूको अवरोधका कारण विद्यालय बन्द भएको हो।

जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार आफन्तले बालकको आत्महत्या नभई हत्या भएको दाबी गर्दै आइरहेका छन्। यसबारे थप अनुसन्धान भइरहेको परिसरका प्रवक्ता सीताराम रिजालले जानकारी दिए। उनका अनुसार आक्रोशित बनेका आफन्तहरूले विद्यालय तोडफोडसमेत गरेका छन्। उनीहरूले विद्यालयका प्रधानाध्यापक, सहायक प्रधानाध्यापक, होस्टेलका प्रमुखलगायत विरुद्ध गत शुक्रबार सोह्रखुट्टे वृत्तमा आत्महत्या दुरुत्साहन मुद्दा दर्ता गराएका छन्।

विद्यालय र मृतकका आफन्तबीच विवाद बढेपछि प्रहरीले विद्यालयका प्रधानाध्यापक, सहायक प्रधानाध्यापक, होस्टेलका प्रमुखलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ। बालकको आफन्त पूर्णिमा तामाङले शवमा निलडामसमेत रहेकाले आत्महत्या नभई हत्या भएको दाबी गरिन्। उनले विद्यालयकै भर परेर बालकलाई छाडिएकाले यसको सम्पूर्ण जिम्मेवारी विद्यालय र होस्टेलले लिनुपर्ने बताइन्। अभिषेक डेढ वर्षदेखि यस विद्यालयमा पढ्न थालेका थिए।

नक्सा पाँच तलाको, भवन आठ तलाको

काठमाडौं / काठमाडौं महानगरपालिका-२८, पुतलीसडक धोबीधारामा पाँच तलाको नक्सा पास गरी आठतले भवन निर्माण गरेपछि महानगरले अनुगमन गरेको छ। महानगरको नगर प्रहरीले सोमबार उक्त भवन अनुगमन गरेको हो। वडा नम्बर २८ का वडाध्यक्ष भाइराम खड्गीले महानगरलाई गत मंसिरमै मापदण्डविपरीत भवन निर्माण भइरहेको र जमिनमुनिको पानी जथाभावी तानेको भन्दै उजुरी दिएका थिए। उजुरीपछि महानगर प्रहरी नपुगेपछि खड्गीले सोमबार नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेलाई भेटेर जानकारी गराएका थिए। त्यसलगत्तै नगर प्रहरी अनुगमन गर्न गएको नगर प्रहरी प्रमुख पाण्डेले बताए। 'उक्त भवन पाँच तलासम्म मात्रै नक्सापास भएको छ,' उनले भने, 'मापदण्डविपरीत निर्माण भएको पाइएमा कारबाही हुन्छ।'

सोमबार उपत्यकामा

च्यासल : ज्यान मार्ने उद्योगका फरार प्रतिवादी काभ्रेपलाञ्चोक घर भई ललितपुर महानगरपालिका-९, च्यासल बस्दै आएका ३४ वर्षीय वसन्त हमाललाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकबाट ज्यान मार्ने उद्योग मुद्दाको वारदातपश्चात् २४ फागुन ०६३ देखि फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले च्यासलबाट पक्राउ गरेको हो। आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक पठाइएको प्रहरीले जनाएको छ।

नारायणचौर : काठमाडौं महानगरपालिका-१, नारायणचौरबाट नियन्त्रित लागुऔषध नाइट्राभेट तीन सय १० ट्याब्लेटसहित नक्साल भगवतीबहाल बस्ने भक्तपुर घर भएका १८ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरीवृत्त मालीगाउँबाट खटिएको प्रहरीले उनलाई उक्त लागुऔषधसहित नियन्त्रणमा लिएको हो।

दुवाकोट : सामाजिक सञ्जालमार्फत यौन दुर्व्यवहार गरेको अभियोगमा जुम्ला तिला गाउँपालिका-९, रासा घर भई भक्तपुर चाँगुनारायण नगरपालिका-२, दुवाकोटमोड बस्ने २३ वर्षीय दिनेशकुमार राउतलाई प्रहरीले पक्राउ गरेको छ। उनले टिकटकमार्फत महिलासँग साथी बनी कुराकानी गर्ने क्रममा यौन दुर्व्यवहार गरी स्क्रिन रेकर्ड गरी भेट्न बोलाउने र बोलाएको स्थानमा भेट्न नजाँदा 'फेक आइडी'मार्फत अश्लील क्याप्सन राखी, अश्लील भिडियो तथा तस्बिर पोस्ट गरी हैरानी तथा चरित्र हत्या गरेको खुल्न आएपछि साइबर ब्युरोबाट खटिएको प्रहरीले भक्तपुरबाट पक्राउ गरेको हो।

चिबहाल : ललितपुर महानगरपालिका-२६, चिबहालबाट राजस्व छली ल्याउँदै गरेको करिब २० लाख ७३ हजार पाँच सय ९० रुपैयाँबराबरको विभिन्न अवैध सामानसहित दुईजनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा बारा जितपुर सिमरा उपमहानगरपालिका-१४, डुम्बरवाना बस्ने ३४ वर्षीय दीपकप्रसाद लामिछाने र भारत बिहार राज्य मोतीहारी छतौनी ग्राम पञ्चायत-११ बस्ने २८ वर्षीय सचिनकुमार चौरासिया छन्। प्रहरीवृत्त चापागाउँबाट खटिएको प्रहरीले बागमती प्रदेश ०१-०२६ च ८९८० नम्बरको गाडी जाँच गर्ने क्रममा बिल तथा कागजात नभएका रजनीगन्धा, तुलसी, पासपास, खैनी, गुट्खा र कत्था गरी उक्त रुपैयाँबराबरको सामान, अन्य व्यक्तिको नामको म्याद गुज्रिएको प्रेस पास तीन थान र उक्त गाडीसहित उनीहरूलाई पक्राउ गरेको हो। बरामद सामानसहित उनीहरूलाई आवश्यक कारबाहीका लागि आन्तरिक राजस्व कार्यालय हरिहर भवन पुल्चोक पठाइएको छ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय : हरिपटलचोक, कास्की , फोन: ०६१- ५३३५५१

को

शाखा कार्यालय हरिपटलचोक, कास्कीको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०२/२३ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय हरिपटलचोक, कास्कीबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरू समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८०/०१/१० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरूको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरूको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा, प्राइभेट/पब्लिक लिमिटेड कम्पनी अध्यादेश, २०६२ बमोजिम मिति २०६२/०२/०५ मा दर्ता नं. ३७४०७/०६२/०६३ कायम भई दर्ता भएको कास्की जिल्ला, सावित्रिक पोखरा उ.म.न.पा. वडा नं. ११, रानिपौवा स्थित **पिनाकल एकेडेमी कास्की प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. टिकाराम वि.क.को नाति, देउ बहादुर वि.क.को छोरा, स्याङ्जा जिल्ला, साबिक पेलाकोट गा.वि.स./न.पा. वडा नं.१, स्थित स्थायी ठेगाना भएको **कमल वि.क. (ना.प्र.प.नं. ५८८८६, स्याङ्जा)**

२. सोम बहादुर वि.क.को नातिनी, राजेन्द्र विश्वकर्माको छोरी, कास्की जिल्ला, साबिक थुम्की गा.वि.स./न.पा.वडा नं.७, स्थित स्थायी ठेगाना भएको **कृष्ण माया विश्वकर्मा (ना.प्र.प.नं. ४६१०२८/६३, कास्की)**

३. गोपाल दमाईको नाति, पूर्णबहादुर दमैको छोरा, तनहुँ जिल्ला, साबिक पोखरीभञ्ज्याङ्ग गा.वि.स./न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **प्रेमबहादुर परियार (ना.प्र.प.नं. ८५०६१, तनहुँ)**

४. धक्कुरे दमाईको नाति, नहले दमाईको छोरा, कास्की जिल्ला, साबिक पोखरा उ.म.न.पा./गा.वि.स वडा नं. ९८ स्थित स्थायी ठेगाना भएको **गणेश परियार (ना.प्र.प.नं. १५२२७१, कास्की)**

५. मन बहादुर गैरेको नाति, डल्लेको छोरा, गोरखा जिल्ला, साबिक दर्बुङ गा.वि.स. वडा नं.१, स्थित स्थायी ठेगाना भएको **प्रकाश दिप गैरे (ना.प्र.प.नं. १००५०२, गोरखा)**

६. केशर गुरुङको नाति, डमर सिं गुरुङको छोरा, कास्की जिल्ला, साबिक पोखरा उ.म.न.पा./गा.वि.स. वडा नं. १३ स्थित स्थायी ठेगाना भएको **गुन्जु बहादुर गुरुङ (ना.प्र.प.नं.११६४२१, कास्की)**

७. सन्त बहादुर खत्रीको नाति, झपट बहादुर खत्रीको छोरा, कास्की जिल्ला, साबिक काँहु गा.वि.स. वडा नं.८ स्थित स्थायी ठेगाना भएको **राम कुमार खत्री (ना.प्र.प.नं. ६७६, कास्की)**

८. अमरध्वज गुरुङको नाति, देवी दास गुरुङको छोरा, लमजुङ जिल्ला, साबिक करापु गा.वि.स. वडा नं.७, स्थित स्थायी ठेगाना भएको **भिम बहादुर गुरुङ (ना.प्र.प.नं. ३२१०३, लमजुङ)**

९. शेर बहादुर गुरुङको नाति, खिम बहादुर गुरुङको छोरा, कास्की जिल्ला, साबिक भदौरतमाजी गा.वि.स. वडा नं.१, स्थित स्थायी ठेगाना भएको **राज कुमार गुरुङ (ना.प्र.प.नं. ९४०४३, कास्की)**

१०. डमर सिं गुरुङको नातिनी, गुन्जु बहादुर गुरुङाको छोरी, कास्की जिल्ला, साबिक पोखरा उ.म.न.पा वडा नं. १३ स्थित स्थायी ठेगाना भएको **विरमाया गुरुङ्ग (ना.प्र.प.नं. ४६-०१-७०-०१११९, कास्की)**

११. डल्ले दमाईको नातिनी, रुद्र बहादुर परियारको छोरी, कास्की जिल्ला, साबिक पोखरा उ.म.न.पा. वडा नं.१८ स्थित स्थायी ठेगाना भएको **आशमाया परियार (ना.प्र.प.नं. ४६३००१/४७, कास्की)**

धितो रहेको सम्पतिको विवरण

साबिक कैलाश बिकास बैंक लिमिटेड हाल यस बैंकको नाममा यातायात व्यवस्था कार्यालय गण्डकीमा दर्ता रहेको तपसिल बमोजिमको सवारीसाधन :

क्र.सं.	सवारीको मोडल	इन्जिन नं.	च्यासिस नं.	दर्ता नं.
१.	Starline Bus -10.90 L-2017	E413CDHD136920	MC2A3LRT0HD368169	गा १ क ३७८९

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम २०८०/०२/२३ गते मंगलबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय हरिपटलचोक, कास्कीबाट प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्थित्वारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

४. शिलबन्दी बोलपत्र मिति २०८०/०३/०५ गते मंगलबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय हरिपटलचोक, कास्कीमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

५. शिलबन्दी बोलपत्र मिति २०८०/०३/०६ गते बुधबार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय हरिपटलचोक, कास्कीमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।

७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय हरिपटलचोक, कास्कीबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

८. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

९. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय हरिपटलचोक, कास्कीमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

एभरेष्ट हस्पिटालिटि एण्ड होटल लिमिटेडको पहिलो बार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८० जेष्ठ २३ गते)

यस एभरेष्ट हस्पिटालिटी एण्ड होटल लि. (दर्ता नं. २९३१९४/७८/७९)को मिति २०८० साल जेष्ठ २२ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको पहिलो बार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रयोजनार्थ सबै शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछौं ।

सभा हुने मिति : २०८०/०३/१३
स्थान : कम्पनिको रजिस्टर्ड कार्यालय, बसन्तपुर, काठमाडौं २३
समय : बिहान १० बजे

कम्पनीको बार्षिक साधारण सभाको छलफलको बिषयसुची (एजेण्डा)

क) साधारण प्रस्ताव

१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको २०७९ अषाढ मसान्तको वासलात र सोहि अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसुचिहरु छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७९/८० को लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संञ्चालक समितीको पुर्नगठन गर्ने र संचालक लगत अद्यावधिक गर्ने ।
५. पब्लिक शेयर निकाल्ने बारे ।

ख) विविध

संचालकहरु तथा शेयरधनीहरुले अनलाइन (भर्चुअल) माध्यमद्धारा पनि सहभागिता जनाउन सकिनेछ र सो सम्बन्धि जानकारी कम्पनीले प्रत्येक संचालकहरु तथा शेयरधनीहरुलाई इमेल द्धारा जानकारी तथा पुष्टिकरण गरिनेछ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

नेपाल हस्पिटालिटि एण्ड होटल लिमिटेडको पहिलो बार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८० जेष्ठ २३ गते)

यस नेपाल हस्पिटालिटी एण्ड होटल लि. (दर्ता नं. २९३१९१/७८/७९)को मिति २०८० साल जेष्ठ २२ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको पहिलो बार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रयोजनार्थ सबै शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछौं ।

सभा हुने मिति : २०८०/०३/१३
स्थान : कम्पनिको रजिस्टर्ड कार्यालय, बसन्तपुर, काठमाडौं २३ ।
समय : दिउसो १३:०० बजे

कम्पनीको बार्षिक साधारण सभाको छलफलको बिषयसुची (एजेण्डा) :

क) साधारण प्रस्ताव

१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको २०७९ अषाढ मसान्तको वासलात र सोहि अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसुचिहरु छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७९/८० को लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संञ्चालक समितीको पुर्नगठन गर्ने र संचालक लगत अद्यावधिक गर्ने ।
५. पब्लिक शेयर निकाल्ने बारे ।

ख) विविध

संचालकहरु तथा शेयरधनीहरुले अनलाइन (भर्चुअल) माध्यमद्धारा पनि सहभागिता जनाउन सकिनेछ र सो सम्बन्धि जानकारी कम्पनीले प्रत्येक संचालकहरु तथा शेयरधनीहरुलाई इमेल द्धारा जानकारी तथा पुष्टिकरण गरिनेछ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

इन्टरनेशनल हिमालय हस्पिटालिटि एण्ड होटल लिमिटेडको पहिलो बार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८० जेष्ठ २३ गते)

यस इन्टरनेशनल हिमालय हस्पिटालिटी एण्ड होटल लि. (दर्ता नं. २९३१९३/७८/७९) को मिति २०८० साल जेष्ठ २२ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको पहिलो बार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रयोजनार्थ सबै शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछौं ।

सभा हुने मिति : २०८०/०३/१३
स्थान : कम्पनिको रजिस्टर्ड कार्यालय, बसन्तपुर, काठमाडौं २३ ।
समय : दिउसो १६:०० बजे

कम्पनीको बार्षिक साधारण सभाको छलफलको बिषयसुची (एजेण्डा)

क) साधारण प्रस्ताव

१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको २०७९ अषाढ मसान्तको वासलात र सोहि अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसुचिहरु छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७९/८० को लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संञ्चालक समितीको पुर्नगठन गर्ने र संचालक लगत अद्यावधिक गर्ने ।
५. पब्लिक शेयर निकाल्ने बारे ।

ख) विविध

संचालकहरु तथा शेयरधनीहरुले अनलाइन (भर्चुअल) माध्यमद्धारा पनि सहभागिता जनाउन सकिनेछ र सो सम्बन्धि जानकारी कम्पनीले प्रत्येक संचालकहरु तथा शेयरधनीहरुलाई इमेल द्धारा जानकारी तथा पुष्टिकरण गरिनेछ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

■ शरणार्थीका नाममा ठगी मुद्दामा थुनछेक बहस

सरकारी वकिलको माग– हाई प्रोफाइलले प्रमाण मेटाउन सक्छन्, थुनामै राखियोस्

शिल्पा कर्ण/नयाँ पत्रिका

सरकारी वकिलले नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका अभियुक्तलाई थुनामै राखी अनुसन्धान जारी राख्न माग गरेका छन्। काठमाडौं जिल्ला अदालतमा सोमबार थुनछेक बहसका क्रममा चारजना सरकारी वकिलले बहस गर्दै अभियुक्तहरूलाई थुनामै राखी अनुसन्धान अघि बढाउन माग गरेका हुन्। ठगीकाण्डमा संगठित अपराधसमेत देखिएकाले थुनाबाहिर पठाएर मुद्दाको पुर्पक्ष गर्दा प्रमाण मेटाउन सक्ने जोखिम रहेकाले उनीहरूलाई थुनामै राख्नुपर्ने उनीहरूको भनाइ थियो।

'धरौटी लिएर रिहा गर्ने अवस्था छैन श्रीमान्। यसमा मल्टिपल अफेन्डर्स (बढी प्रतिवादी) छन्। संगठित अपराधको मोडस ओपरेन्डी (अपराध गर्ने तरिका) छ। प्रतिवादीहरूबीच एउटा नेक्सस देखिएको छ। थुनामा बसेर पुर्पक्ष गर्नुपर्ने यथेष्ट आधार छन्,' सहायक जिल्ला न्यायाधिवक्ता दिनेश भट्टराईले इजलासमा भने। उनले प्रतिवादीहरूका कारण आमनागरिकको राज्य, नेतृत्व र मन्त्रालयप्रतिको विश्वास गुमेकाले राज्यविरुद्धको कसुर कायम हुनुपर्ने मागसमेत गरे।

सरकारी वकिलले यो मुद्दामा संगठित अपराध रहेको दाबी गर्दै मुद्दा दायर गरेकोमा पर्याप्त प्रमाण पेस नभएकोप्रति न्यायाधीश प्रेमप्रसाद न्यौपानेले जिज्ञासा राखेका थिए। 'बनाउँदाखेरी कुनै टेक्निक, प्रविधिका आधारमा बनाए कि, के आधारमा बनाए, कुनै स्रोत छैन ?,' न्यायाधीश न्यौपानेले प्रश्न गरे, 'यसमा सबैलाई लिंकेज गराउने संगठित अपराधको मुद्दा हो। त्यो भएन भने यो मुद्दा छिन्नभिन्न हुन्छ। त्यस्तोमा प्रमाणै यस्तो छ। फोटो बनाउन मिल्दैन र ?' केवल फोटोको आधारमा कसैबीच कुनै अपराधका लागि साँठगाँठ छ भन्न मिल्ने आधार र फोटोको वैधानिकताबारे उनले प्रश्न गरेका थिए।

जवाफमा सहायक जिल्ला न्यायाधिवक्ता भट्टराईले अन्य विभिन्न प्रमाण पनि रहेको र प्रतिवादीहरूबीच अपराधसँगको नेक्सस देखिने दाबी गरे। 'सँगैको फोटो देखेपछि केही कनेक्टिभिटी देखिन्छ, एकले अर्कोलाई चिनेको छ भनेर नेक्सस देखिन्छ,' उनले भने। साथै, पीडितहरूबाट उठाएको रकम एउटाबाट अर्कोको खातामा गएको, एकअर्कालाई बयानका क्रममा पोल गरेकोजस्ता आधारमा यस अपराधका लागि उनीहरू मिलेको र संगठित भई अपराध गरेको पुष्टि हुने उनको भनाइ थियो।

प्रतिवादीमध्येका केशव दुलालबारे उनले भने, 'आफू त जानु भो जानु भो, अरूलाई पनि बन्धनमा पार्नु भो।' तत्कालीन गृहसचिव टेकनारायण पाण्डेबारे उनले थपे, 'राष्ट्रेवक कर्मचारीमाथि मुद्दा चलेको छ श्रीमान्। यो सामान्य हो ? राज्य संयन्त्र उहाँको पछाडि लाग्नुको कारण के होला ?' पाण्डेसमेतले गृह मन्त्रालयको प्रतिवेदन तोडमरोड गरेको, गृह मन्त्रालयको गाडी प्रयोग गरेको, गृहमन्त्री र मन्त्रीका



सल्लाहकारबाटै यो घटना गराइएको भन्दै ती तहका व्यक्तिहरू थुनाबाहिर रहे थप प्रमाण नष्ट हुनसक्ने भएकाले थुनामा पठाउनुपर्ने जिकिर भट्टराईको थियो।

अर्का सहायक जिल्ला न्यायाधिवक्ता प्रकाश घिमिरेले यो मुद्दा 'ह्वाइट कलर क्राइम' भएको भन्दै प्रमाणको अभाव हुनसक्ने, तर प्रतिवादीहरूलाई थुनामै राख्नुपर्ने बताएका थिए। सामान्यतया, अहिंसात्मक भए पनि सार्वजनिक भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण तथा ठगीजस्ता अपराध यो श्रेणीमा आउने र ठूला तथा शक्तिशाली नै संलग्न रहने भएकाले प्रमाण मेटन मुस्किल हुने उनले बताए।

'यस्ता धेरै अपराध त अनुसन्धानको दायरामै आउँदैनन्। यसमा ठगी र भ्रष्टाचार पनि छ भनेर अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई लेखेर पठाइसकेका छौं,' केही प्रतिवादीबारे घिमिरेले भने, 'सम्पत्ति शुद्धीकरणबाट पनि अनुसन्धानमा गइरहेको अवस्था छ।' ठूलो पदमा रहेका व्यक्तिउपर अनुसन्धान तथा अभियोजन दुवैमा कठिनाइ हुने हुँदा तथा शक्तिशाली पदमा रहने भएकाले प्रभावकारी अदालती प्रक्रियाका लागि थुनामै रहेर उनीहरूलाई मुद्दाको पुर्पक्ष गराउने आदेश इजलासबाट हुनुपर्ने उनको भनाइ थियो।

प्रतिवादीउपर ठगीको कसुर कायम हुनुपर्ने भन्दै सहायक जिल्ला न्यायाधिवक्ता घिमिरेले भने, 'यसमा अब पारम्परिक अपराधजस्तो तमसुक वा बैंकमा रकम भेटिँदैन। पन्जा लाएर गरिएको अपराधजसरी हुने भएकाले प्रमाण भेटिन्न। नष्ट गर्दै, फाल्दै जान्छन्। मोबाइल फर्म्याट गर्छन्, खोलामा फाल्छन्।' कानुन बनाएपै आएकाहरूलाई कानुनको राम्रो ज्ञान हुने भएकाले यस्ता अपराधमा हत्तपत्त प्रमाण भेट्न कठिन हुने उनको भनाइ थियो। 'प्रतिवादीहरूले हिरासतबाटै प्रमाण लोप गराउन सक्छन् भन्ने अथोरिटी र प्रोसेक्युटरलाई समेत लागिरहन्छ। ऐनमा पनि प्रमाण लोप गराउन सक्ने अवस्था भएमा थुनामा राखेर पुर्पक्ष गर्नुपर्ने व्यवस्था छ,' उनले भने, 'ह्वाइट कलर क्राइम गर्नेहरूलाई कानुनको ज्ञान हुन्छ। उनीहरूले नै बनाएका हुन्छन्। सकेसम्म प्रमाण लोप बनाउन तल्लीन हुन्छन्।'



■ आज पनि सरकारी वकिल थुनछेक बहस गर्दै

भुटानी शरणार्थी बनाई अमेरिका पठाउने प्रलोभनमा करोडौं रकम ठगी गरेको अभियोग लागेकाविरुद्धको थुनछेक बहस मंगलबार पनि निरन्तर रहने भएको छ। आइतबारबाट सुरु बहस मंगलबारका लागि हेर्दाहेर्दैमा राखिएको थियो। इजलासले थुनछेक बहसका लागि सरकारी वकिललाई तीन दिनको समय दिएको थियो भने जाहेरवालाका तर्फबाट पनि आधा दर्जनभन्दा बढी कानुन व्यवसायीले बहसका लागि वकालतनामा हालिसकेका छन्। उनीहरूलाई समय तोकिएपछि निवेदक पक्षको बहस सकिनेछ।

विपक्षीका तर्फबाट भने पूर्वमहान्यायाधिवक्तादेखि नेपाल बार एसोसिएसनका पूर्वअध्यक्षसमेत प्रतिरक्षामा उत्रिँदै छन्। यद्यपि, बहसअधिसम्म पनि वकालतनामा हाल्न पाइने भएकाले प्रतिवादीका तर्फबाट कति कानुन व्यवसायी रहने भन्ने निश्चित छैन। हालसम्म झन्डै तीन दर्जन कानुन व्यवसायी बहस गर्ने तयारीमा रहेको यो मुद्दासँग जोडिएका एक अधिवक्ताले बताए। तर इजलासले आदेश दिएर कानुन व्यवसायीहरूलाई समय निर्धारण गरेमा भने बहस छोटिन सक्छ।

केशव दुलालसमेत ३० जनाउपर सरकारी वकिलले लिखत किर्ते, ठगी, राज्यविरुद्धको कसुर तथा संगठित अपराधमा मुद्दा चलाएको थियो। प्रतिवादीमध्ये १६ जनालाई पक्राउ गरिएको छ भने १४ जनालाई फरार प्रतिवादी बनाई मुद्दा दायर भएको हो। प्रतिवादीहरूमा पूर्वमन्त्रीहरू बालकृष्ण खाण, टोपबहादुर रायमाझी, उनका छोरा सन्दीप रायमाझी, पूर्वगृहसचिव टेकनारायण पाण्डेलगायतका उच्चपदस्थसमेत छन्।

पक्राउ परेकाहरूमाथि २८ करोड ८१ लाख ७४ हजार रुपैयाँभन्दा बढी बिगो मागदाबी गर्दै १० जेठमा मुद्दा दायर भएको थियो। जसको सुनुवाइ न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासमा भइरहेको छ। सरकारी वकिलका तर्फबाट जिल्ला न्यायाधिवक्ता महेशप्रसाद खत्रीले बहस सुरु गरेका थिए। सोमबार उनले त्यसैलाई निरन्तरता दिएका थिए भने सहायक जिल्ला न्यायाधिवक्ता दिनेश भट्टराई र प्रकाश घिमिरेका साथै जिल्ला न्यायाधिवक्ता सीताराम अर्यालले बहस गरेका छन्।



इजलासमा न्यायाधीश प्रेमप्रसाद न्यौपानेले सोधे– बनाउँदाखेरि कुनै टेक्निक, प्रविधिका आधारमा बनाए कि, के आधारमा बनाए, कुनै स्रोत छैन ? यसमा सबैलाई लिंकेज गराउने संगठित अपराधको मुद्दा हो। त्यो भएन भने यो मुद्दा छिन्नभिन्न हुन्छ। त्यस्तोमा प्रमाणै यस्तो छ। फोटो बनाउन मिल्दैन र ?

● **दिनेश भट्टराई**, सहायक जिल्ला न्यायाधिवक्ता

धरौटी लिएर रिहा गर्ने अवस्था छैन श्रीमान्। यसमा मल्टिपल अफेन्डर्स (बढी प्रतिवादी) छन्। संगठित अपराधको मोडस ओपरेन्डी (अपराध गर्ने तरिका) छ। प्रतिवादीहरूबीच एउटा नेक्सस देखिएको छ। थुनामा बसेर पुर्पक्ष गर्नुपर्ने यथेष्ट आधार छन्।

● **मोहन घिमिरे**, सहायक जिल्ला न्यायाधिवक्ता

यस्ता धेरै अपराध त अनुसन्धानको दायरामै आउँदैनन्। यसमा ठगी र भ्रष्टाचार पनि छ भनेर अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई लेखेर पठाइसकेका छौं। सम्पत्ति शुद्धीकरणबाट पनि अनुसन्धानमा गइरहेको अवस्था छ।

सरकारविरुद्ध एमाले जनवर्गीय संगठनको विरोध प्रदर्शन

काठमाडौं/ एमालेसम्बद्ध २३ जनवर्गीय संगठनले सोमबार सरकारविरुद्ध विरोध प्रदर्शन गरेका छन्। सार्वजनिक महत्त्व र समसामयिक विषयमा सरकारमाथि दबाब बढाउने पार्टी नीतिअनुसार एमालेसम्बद्ध जनवर्गीय संगठनहरूले संयुक्त प्रदर्शन गरेका हुन्।

एमालेनिकट युवा, विद्यार्थी, महिला, मजदुरलगायतका संगठनले माइतीघरबाट नयाँबानेश्वर चोकसम्म विरोध प्रदर्शन गरेका थिए। प्रदर्शनकारीले भारतसँग भूमि साटफेर गर्न सकिने प्रधानमन्त्री प्रचण्डको अभिव्यक्ति, नागरिकता विधेयक प्रमाणीकरण, रेशम चौधरीलाई आममाफीको निर्णय, सांसद विकास कोष ब्युँताइएकोलगायतका विषयमा प्लेकार्ड र नाराजुलुससहित प्रदर्शन गरेका थिए।

प्रदर्शनकारीले राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले लगातार असंवैधानिक काम गरेको आरोप लगाउँदै दुवैको राजीनामा मागेका थिए। उनीहरूले भारत भ्रमणका क्रममा गम्भीर राष्ट्रघात भएको, संविधान र संसदीय कानुन मिचेर नागरिकता विधेयक ल्याइएको भन्दै नारा लगाएका थिए। जुलुसपछि आयोजित सभालाई सम्बोधन गर्दै राष्ट्रिय युवा संघ नेपालका अध्यक्ष क्षितिज थेबे, अनेरास्ववियुका अध्यक्ष समिक बडाललगायतले सरकारले आफ्ना कदम नसच्याए निर्णायक आन्दोलन चलाउने चेतावनी दिएका थिए। एक सातादेखि युवा र विद्यार्थीसम्बद्ध संगठनले विरोध प्रदर्शन गर्दै आएकोमा सोमबार भने एमालेले सबै भ्रातृसंस्था उतारेर संगठित रूपमा शक्ति प्रदर्शन गरेको थियो।

सर्वोच्चको आदेश फुकुवाको माग

विराटनगर/ राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेको नागरिकता विधेयक कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश दिएपछि विराटनगरमा प्रदर्शन हुन थालेका छन्। प्रमाणीकरण भइसकेको नागरिकता विधेयक कार्यान्वयनमा रोक लगाउने सर्वोच्चको आदेश चाँडो फुकुवा गर्नुपर्ने माग गर्दै युवाहरूले निरन्तर प्रदर्शन थालेका हुन्।

बाबुआमाले जन्मसिद्ध नागरिकता पाएको, तर अभ्रसम्म छोराछोरीले नागरिकता नपाएका मधेसी र सीमान्तकृत समुदायका आक्रोशित युवाहरूले राष्ट्रपतिले प्रमाणीकरण गरेको विधेयक कार्यान्वयनमा सर्वोच्चले रोक लगाएर अधिकार हनन गरेको भन्दै प्रदर्शन चर्काएका हुन्। युवाहरूले आइतबार विराटनगरमा मसाल जुलुस प्रदर्शन गरेका थिए। सोमबार उनीहरूले जिल्ला प्रशासन घेराउ गर्दै नाराजुलुससहित घन्टौं प्रदर्शन गरे। सर्वोच्चले नागरिकता कार्यान्वयनमा लगाएको बाधा फुकुवा नभएसम्म निरन्तर आन्दोलन गरिरहने युवाहरूले चेतावनी दिएका छन्। प्रमाणीकरण भइसकेको विधेयक कार्यान्वयन गराएर पहिचान कायम गराउनुपर्ने, पठनपाठन, रोजगारी र सम्पत्तिको हक प्रदान गर्नुपर्ने संघर्ष समितिका मोरङ अध्यक्ष अजय पोद्दारले बताए।

प्लास्टिकजन्य प्रदूषणको न्यूनीकरण आवश्यक छ : वनमन्त्री



काठमाडौं/ वन तथा वातावरणमन्त्री डा. वीरेन्द्रप्रसाद महतोले प्लास्टिक प्रदूषण न्यूनीकरणका लागि उत्तम विकल्पको छनोट गर्न आवश्यक रहेको बताएका छन्। विश्व वातावरण दिवस मनाउने प्रचलन सुरु भएको ५०औं वार्षिकोत्सवको अवसरमा सोमबार राष्ट्रिय प्रकृति संरक्षण कोष, सदर चिडियाखानाले आयोजना गरेको कार्यक्रममा उनले प्लास्टिकको समग्र उत्पादन र उपभोग घटाउने सिद्धान्तलाई जोड दिएर चक्रीय अर्थ-व्यवस्थालाई प्लास्टिकजन्य प्रदूषणको न्यूनीकरणका लागि नेपालले समेत अवलम्बन गर्ने बताए।

'रिसाइक्लिङ विधिबाट प्लास्टिक प्रदूषण न्यूनीकरण गर्ने अर्को विकल्पका रूपमा अवलम्बन गर्दै ल्यान्डफिल पुग्ने प्लास्टिकजन्य फोहोरको मात्रा घटाइएको सुनिश्चित गर्न गैरसरकारी तथा निजी क्षेत्रलाई समेत यस्ता पूर्वाधारमा लगानी गर्न प्रोत्साहित गरिनेछ,' उनले भने। संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको आह्वानमा सन् १९७३ देखि हरेक वर्ष ५ जुनमा विश्व वातावरण दिवस मनाउन सुरु गरिएको हो।

वनसचिव डा. रेवतीरमण पौडेलले प्लास्टिकजन्य प्रदूषण निर्मूल पार्न वातावरणमैत्री विकल्पको उपयोग गर्न जरुरी रहेको बताए। वातावरण संरक्षणबारे स्कुलदेखि नै बालबालिकालाई सिकाउनुपर्ने उल्लेख गर्दै उनले यी विषय पाठ्यक्रममा समावेश गर्नुपर्ने बताए। प्रकृति संरक्षण कोषका सदस्यसचिव शरदचन्द्र अधिकारीले कोष ४० वर्षदेखि वातावरण संरक्षणको क्षेत्रमा क्रियाशील रहेको र दायरा फराकिलो बनाउँदै लगिने बताए। सकेसम्म प्लास्टिक र प्लास्टिकजन्य वस्तुको सामग्रीको प्रयोग गर्न नहुने उनको भनाइ छ।

■ तुलसी बहुउद्देश्यीय सहकारीको ठगी प्रकरण

उपाध्यक्ष, सचिव र प्रबन्धक चेल चलान, अध्यक्ष शर्मासहित पाँच अझै फरार

विराटनगरमा **गणेश लम्साल**

विराटनगरमा प्रधान कार्यालय रहेको तुलसी बहुउद्देश्यीय सहकारी संस्थाले बचतकर्ताको करोडौं रुपैयाँ हिनामिना गरेको आरोपमा पक्राउ परेका तीनजना जेल चलान भएका छन्। मोरङ प्रहरीले गत २९ फागुनमा पक्राउ गरेका सहकारीका प्रबन्धक मन्दिप खवास, उपाध्यक्ष अनिता गौतम र सचिव सविना न्यौपाने अदालतको आदेशबाट पुर्पक्षका लागि चेल चलान भएका हुन्।

निक्षेप हिनामिना गरेको आरोपमा उजुरी परेपछि प्रहरीले सहकारीका अध्यक्ष केदारनाथ शर्मासहित आठ संचालकविरुद्ध ठगी मुद्दा दायर गरेको थियो। प्रतिवादी बनाइएका अध्यक्ष शर्मा, सदस्यहरू बन्टी अधिकारी, आदित्यराज भट्टराई, निर्मला पोखरेल भट्टराई र छविलाल विश्वकर्मा अझै फरार छन्। एसपी दीपक पोखरेलका अनुसार उनीहरूले ६७ करोड ७६ लाख २१ हजार दुई सय ६८ रुपैयाँ हिनामिना गरेको अनुसन्धानबाट खुलेको थियो।

निक्षेप हिनामिना गरिएको भन्दै एक हजार तीन सय सातजनाले प्रहरीमा उजुरी दिएका थिए। जसबाट ५० करोड ८८ लाख ७८ हजार सात सय २८ रुपैयाँ ठगी गरेको प्रहरीको मागदाबी छ। अध्यक्ष शर्माले १६ करोड ९७ लाख ४२ हजार पाँच सय ४० रुपैयाँ सहकारीको श्रेस्तामा नै नचढाई हिनामिना गरेको अभियोग पत्रमा उल्लेख छ। शर्माले ३३ वटा निजी कम्पनी र जग्गामा लगानी गरेको पाइएको थियो। मोरङ प्रहरीले गरेको अनुसन्धान र लेखापरीक्षण प्रतिवेदनअनुसार शर्माले सहकारीको करोडौं रुपैयाँ दुरुपयोग गरी आफ्नो निजी कम्पनी र जग्गामा लगानी गरेको खुलेको थियो।

शर्माले निजी खाद्यान्न, मोटर, इलेक्ट्रिक, चिउरा मिल, जुत्तादेखि घरजग्गा कारोबारसम्ममा लगानी गरेको खुलेको छ। तुलसी सहकारीले मोरङ, उदयपुर, सिराहा र झापामा कार्यालय खोलेर सर्वसाधारणबाट निक्षेप संकलन गर्दै आएको थियो। उनीहरूलाई सहकारी ऐनको दफा १२२ बमोजिम ६ देखि ८ वर्षसम्म कैद सजाय र विगो ५० करोड ८८ लाख ७८ हजार ७२८ जाहेरवालाहरूलाई र १६ करोड ९७ लाख ४२ हजार



पाँच सय ४० रुपैयाँ तुलसी सहकारी संस्थालाई भराई बिगोबमोजिम जरिवाना तथा कैद सजाय मागदाबी गरेर अभियोग दर्ता गरिएको जिल्ला सरकारी वकिलको कार्यालय मोरङका न्यायाधिवक्ता रामहरि शर्मा काफ्लेले बताए।

तुलसी सहकारीका सञ्चालकले तीन हजार ६३ सर्वसाधारणले जम्मा गरेको एक अर्ब ४५ करोड ७५ लाख ४५ हजार नौ सय ९१ रुपैयाँ रकम हिनामिना गरेको आरोप छ। विराटनगरमा केन्द्रीय कार्यालय रहेको यो सहकारीमा सबैभन्दा बढी विराटनगरमा एक हजार नौ सय ७८ जनाले ६० करोड ४१ लाख आठ हजार आठ सय ६२ रुपैयाँ निक्षेप गरेको उजुरी प्रहरीमा परेको छ। यो संस्थाले बाल बचत, ज्येष्ट नागरिक बचत, भविष्य सुनिश्चित बचत, सुपर पेन्सन बचत, अवधि बचत, कर्मचारी चल्ती बचत, विशेष बचत, साधारण बचतलगायत आर्कषक खाताहरू सञ्चालन गरेर सर्वसाधारणबाट बचत संकलन गर्दै आएको थियो। यो सहकारीले विराटनगरबाहेक झापाको दमक, उदयपुरको गाईघाट र सिराहाको गोलबजारमा पनि शाखा कार्यालय स्थापना गरेर कारोबार गर्दै आएको छ।

विराटनगर महानगरपालिकाले चालू वर्षमा नियम पालना नगर्ने १५ वटा सहकारीको दर्ता खारेजी गरेको छ। सञ्चालनमा रहेका सहकारीहरूले लामो समयदेखि लेखापरीक्षण नगरेको, साधारणसभा गर्ने तथा विवरण नबुझाएका कारण सहकारी ऐनअनुसार १५ वटाको दर्ता खारेज गरिएको महानगरले जनाएको छ।

पानी पार्न भ्यागुतोको विवाह : २५ जन्ती, १२ सय खर्च

सिन्धुलीमा विदुर पौडेल

दुधौली नगरपालिका- ४ डकाहाबाट सोमबार २५-३० जनाको समूह भाँडाकुँडा र डोलीसहित कमला खोलातर्फ प्रस्थान गरे। मानिसहरूको भिड लाग्यो। केही समयपछि खोलामा जम्मा भएका मानिसहरू पूजाआजा गर्दै एकजोडी भ्यागुताको खोजीमा लागे।

लामो समयदेखि खडेरी परेकाले अन्नबालीसमेत सुक्न थालेपछि भ्यागुतोको विवाह गरेमा पानी पर्छ भन्ने जनविश्वासका साथ भ्यागुतालाई सिँगारपटार गरी डोलीमा चढाइयो। ब्राह्मणहरूले वैदिकमन्त्र पाठ गरी रुद्रीपूजा गरी धुमधामसँग भ्यागुताको विवाह गरिदिए।

एकजोडी कुमार केटाले विवाहित भ्यागुतालाई डोलीमा राखी कमला खोलामा बगिरहेको पानीमा पुऱ्याए। त्यसपछि ब्राह्मणहरूले भ्यागुतोको जोडीलाई डोलीबाट उतारी पानीमा छोडिदिए। लामो समयसम्म पानी नपरेका कारण रुद्रीपूजा आयोजना गरी



भ्यागुतोको विवाह गरिदिएको स्थानीय थानेश्वर काफ्लेले बताए। स्थानीयमा वैदिक मन्त्र पढी भ्यागुतोको जोडीको विवाह गरिदिएमा पानी पर्ने जनविश्वास रहेकाले करिब तीन-चार घन्टासम्म होमहोमादी गरी भ्यागुतोको जोडीको विवाह गरेको उनको भनाइ छ। यस्तो कार्यमा स्थानीयले स्वतस्फूर्त रूपमा रकम जम्मा गर्ने र महादेव, इन्द्रको पूजाआराधना गर्ने प्रचलन रहेको काफ्लेले बताए। भ्यागुतोको बिहेमा प्रसादबाहेक करिब एक हजार दुई सय रुपैयाँ खर्च लागेको उनको भनाइ छ।

Upakar Laghubitta Bittiya Sanstha Limited
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था
Head Office Kohalpur-11 Banke

कर्मचारी आवश्यकता

१)

क्र.सं.	बिज्ञापन नं.	पद	श्रेणी	माग संख्या	किसिम
१.	१/२०७९/२०८०	सहायक प्रबन्धक	व्यवस्थापकिय	केहि	खुल्ला
२.	२/२०७९/२०८०	जुनियर फिल्ड सहायक	सहायक	केहि	खुल्ला

२) **परिक्षाको किसिम :** लिखित, अन्तर्वार्ता र प्रयोगात्मक वा कुनै दुई।
३) **आवेदकको उमेरको हद :**
क) सहायक प्रबन्धकको हकमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।
ख) जुनियर फिल्ड सहायकको लागी १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको।
४) **शैक्षिक योग्यता र अनुभव :**
क) सहायक प्रबन्धकको हकमा मान्यता प्राप्त विश्वविधालयबाट अर्थशास्त्र, व्यवस्थापन, कानुन विषयमा स्नातकोत्तर उतीर्ण भएको र बैक तथा वित्तिय संस्थामा अधिकृत स्तरको पदमा कम्तिमा १ वर्ष कार्य अनुभव भएको अथवा मान्यता प्राप्त संस्थाबाट बि.बि.एस तह वा सो सरह उतीर्ण गरी वरिष्ठ अधिकृत भई २ वर्ष लघुवित्त संस्थामा विभागिय प्रमुखको रुपमा काम गरेको।
ख) जुनियर फिल्ड सहायकको हकमा दश जोड २ उतिर्ण गरेको।
५) **आवश्यक कागजातहरू :** पासपोर्ट साइजको २ प्रति फोटो, नागरिकता प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपी र कार्यअनुभवको प्रमाणपत्र।
६) **परिक्षा दस्तुर :** व्यवस्थापकिय श्रेणीको हकमा रु. १,०००।-, जुनियर फिल्ड सहायकका हकमा रु. २५०।-
७) **दरखास्त फारम :** संस्थाको केन्द्रिय कार्यालय तथा शाखा कार्यालयहरूबाट प्राप्त गर्न र संस्थाको वेभसाइड www.ulbsl.com.np डाउनलोड गरि बुझाउन सकिने छ।
८) **पारिश्रमिक तथा सेवा सुविधा :** संस्थाको नियम अनुसार हुनेछ।
९) **लिखित परिक्षा मिति :** पछि प्रकाशित गरिनेछ।

दुर्घटनामा एकको मृत्यु

सर्लाही/ बरहथवामा पिकअप भ्यान दुर्घटना हुँदा एकजनाको ज्यान गएको छ भने दुईजना घाइते भएका छन् । सोमबार बिहान बरहथवाको हीरापुरबाट चक्रघट्ट जाँदै गर्दा प्रदेश २-०३-००१ ख ३५२३ नम्बरको पिकअप भ्यान अनियन्त्रित भई सडक किनारमा पल्टिएको थियो । बरहथवा नगरपालिका-१६ लौकठमा भएको दुर्घटनामा मृत्यु हुनेमा बारा महागढीमाई नगरपालिका- ८ बस्ने २० वर्षका सचिव पासवान छन् ।

सोही स्थानका १४ वर्षीय विशोक पासवान र १३ वर्षीय विवेक पासवान घाइते भएका इलाका प्रहरी कार्यालय बरहथवाका प्रमुख डिएसपी मकेन्द्र मिश्रले जानकारी दिए । उनका अनुसार घाइते दुवैजनाको हात, खुट्टा र टाउकोमा सामान्य चोट लागेको छ । पिकअपमा सवार अन्य चारजना सकुशल रहेका छन् । दुर्घटनामा गम्भीर घाइते भएका सचिवलाई उपचारका लागि नयाँरोडस्थित दयन्ती अस्पताल पुऱ्याएपछि चिकित्सकले मृत घोषणा गरेका हुन् । प्रहरीले पिकअप भ्यानका चालकलाई नियन्त्रणमा लिएर घटनाको अनुसन्धान सुरु गरेको जनाएको छ ।

गेटामा मेडिकल विश्वविद्यालय माग्दै आन्दोलन

धनगढीमा **तेजराज भट्ट**

कैलालीका स्थानीय बासिन्दा र अन्य सरोकारवालाले गेटामा मेडिकल विश्वविद्यालय स्थापना गर्न दबाब दिँदै आन्दोलन सुरु गरेका छन् । सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत गेटामा मेडिकल कलेजको साटो स्वास्थ्य विज्ञान प्रतिष्ठान बनाउने घोषणा गरेपछि स्थानीय आन्दोलित भएका हुन् ।

मेडिकल कलेजका नाममा गेटामा करिब पाँच अर्ब रुपैयाँ लागतमा भवनलगायत संरचना निर्माण गरिएका छन् । कुन मोडेलमा सञ्चालन गर्ने भन्ने अन्योलले ढिलाइ हुँदा संरचना जीर्ण बन्ने जोखिम छ । सरकारले २९ माघमा गेटामा सहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय बनाउने निर्णय गरेको थियो । तर, उक्त निर्णयअनुसार बजेट भने आएन ।

सहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय बनाउने निर्णय कार्यान्वयनको माग गर्दै धनगढी-अत्तरियामा दबाबमूलक आन्दोलन थालिएको हो ।

संघर्ष समितिका संयोजक लोकराज पाण्डेयले सरकारले विश्वविद्यालय बनाउने निर्णय कार्यान्वयन गर्नुपर्ने आफूहरूको माग रहेको बताए । 'यहाँका नागरिकको माग मेडिकल विश्वविद्यालय बनाउनुपर्छ भन्ने हो । सरकारले निर्णय पनि गरिसकेको थियो,' पाण्डेयले भने, 'अहिले बजेटमा विश्वविद्यालय हटाएर प्रतिष्ठान बनाउने कुरा आएको छ । यो विषय हामीलाई स्वीकार्य छैन ।' बजेटअधि नीति तथा कार्यक्रममा भने गेटामा मेडिकल विश्वविद्यालयका लागि आवश्यक बजेट विनियोजन गर्ने उल्लेख गरिएको थियो । 'मेडिकल विश्वविद्यालय बनाउने निर्णय सरकारले गरिसकेको हो । प्रधानमन्त्रीले गत फागुनमा स्थलगत निरीक्षणका क्रममा पनि मेडिकल विश्वविद्यालय निर्माणको प्रक्रिया तीव्र रूपमा अगाडि बढाउने बताउनुभएको थियो,' पाण्डेयले भने, 'अहिले आएर स्वास्थ्य विज्ञान प्रतिष्ठान बनाउने भनियो ।'

■ प्रशासन कार्यालयमा धर्ना

मेडिकल विश्वविद्यालयको माग गर्दै आन्दोलनरत स्थानीयले जिल्ला प्रशासन कार्यालयमा आइतबार धर्ना दिएका छन् । आन्दोलनका कार्यक्रमअन्तर्गत सोमबार राजनीतिक दलका नेताहरूको सहभागितामा धनगढीमा सडक बहस गरिने संघर्ष समितिका सहसंयोजक आनन्द भट्टले बताएका छन् । संघर्ष समितिले यसअघि प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्रसमेत बुझाएको छ । आन्दोलनमा राजनीतिक दलका स्थानीय नेता, कार्यकर्ताको सहभागिता रहेको छ ।

■ पटक-पटकको घोषणा भएन कार्यान्वयन

विश्वविद्यालय, प्रतिष्ठान वा मेडिकल कलेज कुन 'मोडालिटी'मा सञ्चालन गर्ने भन्ने अन्योलले करोडौँ लागतका संरचना लामो समयदेखि अलपत्र परेका छन् । प्रयोगविहीन हुँदा संरचना जीर्ण बन्ने जोखिम छ । 'मोडालिटी' नटुंगिए पनि सरकारले गत वर्ष जेठमा गेटामा मेडिकल कलेजका लागि गेटासमेत पर्ने क्षेत्र नम्बर ४ बाट निर्वाचित सांसद वीरबहादुर बलायरले १ जेठमा गेटामा मेडिकल विश्वविद्यालय चलाउने सरकारको क्षमता नरहेको बताएका थिए । मेडिकल विश्वविद्यालयका नाममा सुदूरपश्चिमका जनतामाथि अन्याय भएको भन्दै उनले गेटामा मेडिकल कलेज खोल्नुपर्ने धारणा राखेपछि विरोध भएको थियो ।

शिक्षण अस्पताल सञ्चालन गर्ने निर्णय गरे पनि अहिलेसम्म अस्पताल सञ्चालन हुन सकेको छैन । आवश्यक बजेट र जनशक्ति व्यवस्थापन नहुँदा अस्पताल सञ्चालन हुन नसकेको हो । अस्पताल सञ्चालनका लागि जनशक्ति र उपकरण व्यवस्थापनको काम अगाडि बढ्न सकेको छैन ।

शेरबहादुर देउवा नेतृत्वको सरकारले गत वर्ष ३० जेठमा गेटामा मेडिकल कलेज सञ्चालनको प्रयोजनका लागि तीन सय शय्याको शिक्षण अस्पताल सञ्चालन गर्ने निर्णय गरेको थियो । उक्त निर्णयका आधारमा स्वास्थ्य मन्त्रालयले राष्ट्रिय ट्रमा सेन्टरका मेडिकल सुपरिन्टेन्डेन्ट डा. प्रमोद जोशीलाई अस्पताल निर्देशकका रूपमा खटाएको छ । तर, अस्पताल सञ्चालनको तयारी भने अगाडि बढ्न सकेको छैन ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०२/२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

अनामनगर शाखा, काठमाडौं

ऋणीको विवरण	संस्थागत जमानीकर्ताको विवरण
रोशन राउत ना.प्र.नं. १२३०२६/३५० जारी मिति २०६३/११/१७, जि.प्र.का. खोटाड बाबुको नाम : बाबुराम राउत बाजेको नाम : टंक बहादुर राउत स्थायी ठेगाना : डाडागाँउ - ०४, खोटाड हालको ठेगाना : महालक्ष्मी -०६, ललितपुर **कर्जा शिर्षक : सवारी साधन कर्जा**	नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं. १८७९४६/७४/०७५ अन्तर्गत मिति २०७५/०१/०६ मा दर्ता कायम भएको **हामी सबैको यातायात प्रा.लि.** कम्पनी दर्ता ठेगाना : ललितपुर म.न.पा. वडा नं. २९, ललितपुर स्थायी लेखा नं. ६०६७२९४१५, मिति २०७५/०१/०७ **संचालकहरु : दिल कुमार लिम्बु र मन कुमार सापकोटा**
व्यक्तिगत जमानत दिनेको विवरण	
शान्ता विश्वकर्मा ना.प्र.नं. १२२०१४/७२७ जारी मिति २०६९/०९/२४, जि.प्र.का. खोटाड बाबुको नाम : धन बहादुर विश्वकर्मा पतिको नाम : रोशन राउत ससुराको नाम : बाबुराम राउत स्थायी ठेगाना : बड्कादियाले - ५, खोटाड हालको ठेगाना : महालक्ष्मी -०६, ललितपुर	**विमल विश्वकर्मा** ना.प्र.नं. १२२०१४/५२८ जारी मिति २०७२/०७/१८, जि.प्र.का. खोटाड बाबुको नाम : धन बहादुर विश्वकर्मा बाजेको नाम : निर बहादुर विश्वकर्मा स्थायी ठेगाना : बड्कादियाले - ५, खोटाड हालको ठेगाना : महालक्ष्मी -०६, ललितपुर

गल्फी शाखा, धादिङ

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
बिष्णु भुजेल ना.प्र.नं. १२३२६ जारी मिति २०६०/१०/८, जि.प्र.का. धादिङ्ग बाबुको नाम : उदय ब. भुजेल बाजेको नाम : टेक बहादुर भुजेल स्थायी ठेगाना : कुम्पुर - ०५, धादिङ्ग **कर्जा शिर्षक : घर कर्जा**	**रिता भुजेल** ना.प्र.नं. १/५२८८३ जारी मिति २०६८/१०/२९, जि.प्र.का. धादिङ्ग बाबुको नाम : पुर्ण बहादुर भुजेल पतिको नाम : बिष्णु भुजेल ससुराको नाम : उदय ब. भुजेल स्थायी ठेगाना : कुम्पुर - ०५, धादिङ्ग

तेह्रथुम शाखा, तेह्रथुम

ऋणीको विवरण	
१) प्रदेश सरकार, प्रदेश नं. १, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा अपभोत्ता हित संरक्षण निर्देसनालय, घरेलु तथा साना उद्योग कार्यालय, तेह्रथुममा उद्योग दर्ता.नं. १८५३/०७७/०७८ अन्तर्गत मिति २०७७/०६/०१ मा दर्ता कायम भएको **गोल्डेन कृषि फर्म** फर्म दर्ता ठेगाना : म्याडलुङ न.पा. - १०, तेह्रथुम स्थायी लेखा नं. ६१३८३६४६१, मिति २०७७/०६/१४ **प्रोप्राईटर : विष्णुमाया सिरुवाल** **कर्जा शिर्षक : कृषि तथा आवधिक कर्जा**	२) **विष्णुमाया सिरुवाल** ना.प्र.नं. ४२२७३१/६४३ जारी मिति २०६१/१२/२२, जि.प्र.का. तेह्रथुम बाबुको नाम : नर बहादुर सिरुवाल पतिको नाम : रत्न बहादुर खड्का ससुराको नाम : दल बहादुर खड्का स्थायी ठेगाना : ईसिबु - ०६, तेह्रथुम हालको ठेगाना : म्याडलुङ न.पा. - ०१, तेह्रथुम **कर्जा शिर्षक : घर कर्जा**
व्यक्तिगत जमानत दिनेको विवरण	
रत्न बहादुर खड्का ना.प्र.नं. १४८५६/६३२/१६१ जारी मिति २०४२/०१/१८ जि.प्र.का. तेह्रथुम बाबुको नाम : दल बहादुर खड्का बाजेको नाम : टिका राम खड्का स्थायी ठेगाना : ईसिबु - ०८, तेह्रथुम हालको ठेगाना : म्याडलुङ न.पा. - ०१, तेह्रथुम	

धनगढी शाखा, कैलाली

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं. २००३८५/०७५/७६ अन्तर्गत मिति २०७५/०६/२१ मा दर्ता कायम भएको **सुदुरपश्चिम मेटल उद्योग प्रा.लि.** कम्पनी दर्ता ठेगाना : गोदावरी न.पा.-१, कैलाली स्थायी लेखा नं. ६०६५७३८४७, मिति २०७५/०६/२८ **सञ्चालकहरु : लक्ष्मण बहादुर कठायत र प्रकाश बहादुर देउवा** **कजा शिर्षक : ओभरड्राफ्ट, डिमाण्ड, आवधिक तथा अल्पकालिन कर्जा**	
सञ्चालक तथा व्यक्तिगत जमानत दिनेको विवरण	
लक्ष्मण बहादुर कठायत ना.प्र.नं. ५/१३२७६/२०५/०३६ जारी मिति : २०५७/०२/२४, जि.प्र.का. डोटी बाबुको नाम : प्रेम सिं कठायत बाजेको नाम : कालु सिं कठायत स्थायी ठेगाना : लाटामाण्डौ -२, डोटी	**प्रकाश बहादुर देउवा** ना.प्र.नं. ४३५८७ जारी मिति : २०५८/०१/२५, जि.प्र.का. कैलाली बाबुको नाम : हर्क बहादुर देउवा बाजेको नाम : महादेव देउवा स्थायी ठेगाना : चुरे गा.पा.-१, कैलाली
गंगा कुमारी बोगटी रजवार ना.प्र.नं. ७२४०० जारी मिति : २०६३/०६/३० जि.प्र.का. कैलाली बाबुको नाम : विर बहादुर बोगटी रजवार पतिको नाम : प्रकाश बहादुर देउवा ससुराको नाम : हर्क बहादुर देउवा स्थायी ठेगाना : श्रिपुर -७, कैलाली	**सुनी कुमारी भण्डारी** ना.प्र.नं. ४७२ जारी मिति : २०५५/०२/११ जि.प्र.का. डडेल्धुरा बाबुको नाम : केशव सिंह भण्डारी पतिको नाम : लक्ष्मण बहादुर कठायत ससुराको नाम : प्रेम सिं कठायत स्थायी ठेगाना : अमरगढी -७, डडेल्धुरा
धन बहादुर देउवा ना.प्र.नं. १३२३१ जारी मिति : २०४९/०९/२३ जि.प्र.का. कैलाली, बाबुको नाम : हर्क बहादुर देउवा बाजेको नाम : महादेव देउवा स्थायी ठेगाना : निगाली ०३, कैलाली	**चम्पा देवी देउवा** ना.प्र.नं. ६७३०११/१०६ जारी मिति : २०६३/१२/०४ जि.प्र.का. कैलाली, बाबुको नाम : टिका सिं रजवार पतिको नाम : धन बहादुर देउवा ससुराको नाम : हर्क बहादुर देउवा स्थायी ठेगाना : निगाली ०३, कैलाली

ठमेल शाखा, काठमाडौं

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
शम्भु कुवर ना.प्र.नं. ४३२५१/७५६ जारी मिति २०५२/१०/१०, जि.प्र.का नुवाकोट बाबुको नाम : रत्नबहादुर कुवर बाजेको नाम : देवी बहादुर कुवर स्थायी ठेगाना : रातमाटे - ६, नुवाकोट **कर्जा शिर्षक : घर कर्जा**	**देउति कुमारी कुवर** ना.प्र.नं. २१६९ जारी मिति २०४३/०९/२१, जि.प्र.का. नुवाकोट पतिको नाम : रत्नबहादुर कुवर ससुराको नाम : देवी बहादुर कुवर स्थायी ठेगाना : रातमाटे - ७, नुवाकोट
व्यक्तिगत जमानत दिनेको विवरण	
सरस्वती शिवभक्ति ना.प्र.नं. ६२८९४/६८ जारी मिति २०५६/०८/२७, जि.प्र.का. नुवाकोट बाबुको नाम : कृष्णबहादुर शिवभक्ति पतिको नाम : शम्भु कुवर ससुराको नाम : रत्नबहादुर कुवर स्थायी ठेगाना : विदुर न.पा. - ९, नुवाकोट	**उत्सव कुंवर** ना.प्र.नं. २५-०१-७२-०९४१७ जारी मिति २०७२/१२/२८, जि.प्र.का. नुवाकोट बाबुको नाम : शम्भु कुवर बाजेको नाम : रत्नबहादुर कुवर स्थायी ठेगाना : रातमाटे - ६, नुवाकोट

इलाम शाखा, झापा

ऋणीको विवरण	
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, ईलाममा प्रा.फ.र.नं. १३५६/०७७/०७८ अन्तर्गत मिति २०७७/०५/२५ मा दर्ता कायम भएका **न्यू इलाम स्पोर्ट** फर्म दर्ता ठेगाना : ईलाम न.पा. -०७, ईलाम स्थायी लेखा नं. ६१३५६०२५४, मिति २०७७/०५/०८ **प्रोप्राईटर : खगेन्द्र ठकुरी** ना.प्र.नं. ६१९३९/२८०३ जारी मिति २०५८/०६/२४, जि.प्र.का. इलाम बाबुको नाम : कृष्ण बहादुर ठकुरी बाजेको नाम : हर्क बहादुर ठकुरी स्थायी ठेगाना : ईलाम न.पा. - ७, इलाम हालको ठेगाना : ईलाम न.पा. - ८, इलाम **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	
व्यक्तिगत जमानत दिनेको विवरण	
तिलक बहादुर ठकुरी ना.प्र.नं. ३८८/१४७५ जारी मिति २०४४/१०/२९, जि.प्र.का. इलाम बाबुको नाम : कृष्ण बहादुर ठकुरी बाजेको नाम : हर्क बहादुर ठकुरी स्थायी ठेगाना : ईलाम -७, इलाम हालको ठेगाना : ईलाम न.पा. - ८, इलाम	**तारादेवी बस्नेत** ना.प्र.नं. १३ जारी मिति २०५१/१२/१९, जि.प्र.का. इलाम बाबुको नाम : डम्बर बहादुर बस्नेत पतिको नाम : तिलक बहादुर ठकुरी ससुराको नाम : कृष्ण बहादुर ठकुरी स्थायी ठेगाना : चमैता - ६, इलाम हालको ठेगाना : ईलाम न.पा. - ८, इलाम

गौर शाखा, रौतहट

संयुक्त ऋणीको विवरण	
राकेश कुमार महतो ना.प्र.नं. ३२९००१/१३७७ जारी मिति २०६७/०५/२७, जि.प्र.का. रौतहट बाबुको नाम : गगनदेव महतो कोइरी बाजेका नाम : रघुनाथ महतो कोइरी स्थायी ठेगाना : गौर - ४, रौतहट हालको ठेगाना : गौर न.पा. - २, रौतहट **कर्जा शिर्षक : आवधिक कर्जा**	**सुदर्शन महतो कोइरी** ना.प्र.नं. ३३५५ जारी मिति २०४५/०२/१५, जि.प्र.का. रौतहट बाबुको नाम : रघुनाथ महतो कोइर बाजेका नाम : ध्यानी महतो स्थायी ठेगाना : गौर - ५, रौतहट हालको ठेगाना : गौर न.पा. - २, रौतहट
व्यक्तिगत जमानत दिनेको विवरण	
दिलिप कुमार महतो ना.प्र.नं. १९१५ जारी मिति २०५३/१०/२४, जि.प्र.का. रौतहट बाबुको नाम : गगनदेव महतो कोइरी बाजेका नाम : रघुनाथ महतो कोइरी स्थायी ठेगाना : गौर - ४, रौतहट हालको ठेगाना : गौर न.पा. - २, रौतहट	**मीना देवी** ना.प्र.नं. : ८३६ जारी मिति २०४६/०३/०१, जि.प्र.का. रौतहट बाबुको नाम : आजादी महतो पतिको नाम : गगनदेव महतो ससुराको नाम : रघुनाथ महतो कोइरी स्थायी ठेगाना : गौर - ५, रौतहट हालको ठेगाना : गौर न.पा. - २, रौतहट
निर्मला कुमारी महतो ना.प्र.नं. ३२-०१-७६-०३०८४ जारी मिति २०७६/०३/२२, जि.प्र.का. रौतहट बाबुको नाम : भगवान महतो कोइरी पतिको नाम : राकेश कुमार महतो ससुराको नाम : गगनदेव महतो कोइरी स्थायी ठेगाना : गौर न.पा. - २, रौतहट	

धुन्चे शाखा, रसुवा

ऋणीको विवरण	
दावा ग्याल्वो घले ना.प्र.नं. ४२६३/१८८८, जारी मिति २०६१/०५/३०, जि.प्र.का रसुवा बाबुको नाम : ल्हाक्पा ग्याल्वो घले बाजेको नाम : कामी बोम्जो घले स्थायी ठेगाना : धुन्चे - ३, रसुवा हालको ठेगाना : गोसाईकुण्ड - ६, रसुवा **कर्जा शिर्षक : कृषि आवधिक कर्जा**	
व्यक्तिगत जमानत दिनेको विवरण	
ल्हाक्पा ग्याल्वो घले ना.प्र.नं. १६४/६७० जारी मिति २०४५/०२/२६, जि.प्र.का. रसुवा बाबुको नाम : कर्म भोम्जो घले बाजेको नाम : कुइसाड घले स्थायी ठेगाना : धुन्चे - ३, रसुवा हालको ठेगाना : गोसाईकुण्ड गा.पा. - ६, रसुवा	**जेबा याल्मो घले** ना.प्र.नं. २३३००१/७१ जारी मिति २०६३/१२/०५ जि.प्र.का. रसुवा बाबुको नाम : ग्याल्सींगी तमाङ पतिको नाम : दावा ग्याल्वो घले ससुराको नाम : ल्हाक्पा ग्याल्वो घले स्थायी ठेगाना : गोसाईकुण्ड गा.पा. - ६, रसुवा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

कैदीबन्दीको हक खोज्दै सर्वोच्चमा रिट

कानुन व्यवसायीसँग परामर्श लिँदा गोप्य रूपमा भेट्न पाउनुपर्ने जिकिर

काठमाडौं/ कैदीबन्दीलाई कानुन व्यवसायीसँग परामर्श लिँदा गोप्य रूपमा भेटघाट गर्न दिनुपर्ने मागसहित सर्वोच्च अदालतमा रिट दायर भएको छ । विवेक बखेलले २१ जेठमा रिट दर्ता गराएकोमा २५ गतेका लागि पेसी तोकिएको सर्वोच्चले जनाएको छ । रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, कानुन मन्त्रालय, कारागार व्यवस्थापन विभाग, केन्द्रीय कारागार कार्यालयसहितलाई विपक्षी बनाइएको छ । कैदीहरूलाई कानुनी सल्लाह तथा परामर्श लिँदा एकान्त र गोपनीयता चाहिने भन्दै सोको व्यवस्था मिलाउन रिटमा माग गरिएको छ ।

नेपालको संविधानमा पक्राउ परेको व्यक्तिलाई पक्राउ परेको समयदेखि नै रोजेको कानुन व्यवसायीसँग कानुनी परामर्श लिन पाउने अधिकार छ । साथै, यस्तो परामर्श तथा सल्लाह गोप्य रहने व्यवस्थासमेत गरिएको छ । तर, गोप्य रूपमा कैदीबन्दी तथा कानुन व्यवसायीबीच संवाद गर्ने वातावरण भने राज्यले नबनाइदिएको जिकिर निवेदकले लिएका छन् । रिटमा संविधानमा गोप्य रूपमा भेट्ने वातावरण मिलाइदिनुपर्ने कर्तव्यको भार सरकारमा रहेको प्रावधान रहे तापनि भेटून आउने आफन्त, थुनामा परेका थुनुवा र कैदीहरू सँगसँगै कारागारका कर्मचारीहरूको उपस्थितिमा कानुन व्यवसायीले खुला रूपमा कानुनी सल्लाह र परामर्श दिनुपर्ने अवस्था सिर्जना गरिएको भन्दै उक्त व्यवस्थाले कानुन व्यवसायी र नागरिकको समेत हक कुण्ठित गरेको दाबी गरिएको छ ।

संक्षेप

राप्रपाद्वारा महेन्द्रनगरमा चक्काजाम

कञ्चनपुर/ कार्यकर्ता पक्राउ गरेको विरोधमा राप्रपा कञ्चनपुरले महेन्द्रनगरमा सोमबार चक्काजाम गरेको छ । पूर्व-पश्चिम महेन्द्र राजमार्गअन्तर्गतको महेन्द्रनगरमा बसपार्कदेखि भाँसीसम्म राजमार्गमा अवरोध गर्दै चक्काजाम भएको हो । कञ्चनपुर प्रहरीले आइतबार साँझ आफ्नो पार्टीका कार्यकर्ता जयकिसन बोहरा (ज्याकी)लाई विनाकारण पक्राउ गरेको राप्रपा नेताहरूको दाबी छ । ५ जेठमा गणतन्त्र दिवसको दिन राप्रपा कञ्चनपुरले विरोध कार्यक्रम गर्दा केही नेता कार्यकर्ताले राष्ट्रपति र प्रधानमन्त्रीको फोटोमा जुत्ता प्रहार गरेका थिए । सोही प्रकरणमा प्रहरीले १८ जेठमा जयकिसन बोहरा (ज्याकी) र किसन बोहरालाई पक्राउ गरी कागज गराएर छाडेको थियो । पुनः पक्राउ गरी हिरासतमा राखेपछि आन्दोलित हुनुपरेको राप्रपा कञ्चनपुरका अध्यक्ष गजेन्द्रबहादुर चन्दले बताए । गणतन्त्रमा विरोध गर्न पाउनेदेखि वाक स्वतन्त्र हुनुपर्ने भए पनि सरकार र राष्ट्रपतिको विरोध गर्दैमा पक्राउ गरिहाल्नुपर्ने कारण नरहेको उनको भनाइ छ । कञ्चनपुरका प्रहरी प्रवक्ता प्रकाश डाँगीले भने बोहरालाई केही विषयमा सोधपुछका लागि राखिएको भन्दै अनुसन्धान भइरहेको जानकारी दिए ।

गाउँपालिकाको कार्यालय र अध्यक्षको घरमा ढुंगामुढा

सर्लाही/ चन्द्रनगर गाउँपालिकामा ढुंगामुढा र आगजनी भएको छ । चन्द्रनगर पोलिटेक्निक इन्स्टिच्युटका विद्यार्थीले गाउँपालिकाको कार्यालय र गाउँपालिका अध्यक्ष राजकुमार महतोको निजी निवासमै ढुंगामुढा गरेका हुन् । गाउँपालिका अध्यक्ष महतोका अनुसार पालिकाले जिल्लाबाहिर कर्मचारीका लागि दुईदिने क्षमता अभिवृद्धिसम्बन्धी तालिम आयोजना गरेको मौकामा विद्यार्थीले तोडफोड गरेका हुन् ।विद्यार्थीले गाउँपालिकाका कार्यालय सहयोगी लालबाबु राउत र विनोद मल्लिकलाई समेत हातपात गरेको अध्यक्ष महतोले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । कमजोर व्यवस्थापनका कारण दयनीय र जीर्ण अवस्थामा रहेको इन्स्टिच्युटको सुधारका लागि विद्यार्थीले आवाज उठाउँदै आएका थिए । ०७६ सालमा स्थापना भएको चन्द्रनगर पोलिटेक्निक इन्स्टिच्युटमा विगत चार वर्षदेखि शिक्षक तथा प्रिन्सिपलको नियुक्ति तथा व्यवस्थापन हुन सकेको थिएन । इन्स्टिच्युटमा प्रयोगात्मक सामग्रीसहितको ल्याब, पुस्तकालयलगायतका आवश्यक पूर्वाधार पनि उपलब्ध थिएनन् । गाउँपालिका अध्यक्ष महतोका अनुसार स्थापनायता आर्थिक वर्ष ०७८-७९ सम्मको लेखापरीक्षणसमेत गराइएको थियो । ०७९ वैशाखमा महतो अध्यक्ष नियुक्त भएलगत्तै इन्स्टिच्युट सञ्चालन, व्यवस्थापन तथा सुधारका लागि विद्यार्थी, शिक्षक, सञ्चालक समितिको पदाधिकारी र कर्मचारीको सहभागितामा सहमति भएको थियो । गाउँपालिकाका अध्यक्षसहित सबै कर्मचारीले हस्ताक्षर गरेको विज्ञप्तिमा दोषीलाई कारबाही र सुरक्षा माग गरिएको छ ।

लम्पी स्किनबाट चौपाया मरे

रामेछाप/ मन्थली नगरपालिकामा गाईभैंसीमा फैलिएको लम्पी स्किन रोग संक्रमणबाट सातवटा चौपाया मरेका छन् । मन्थली नगरपालिकाभित्रका १४ वटा वडामा एकैपटक लम्पी स्किन रोग फैलिएको छ । हालसम्म मन्थली नगरपालिकाका वडा नम्बर १, ३, ५ र ६ मा गरी सात पशु मरेको मन्थली नगरपालिका पशुसेवा उपशाखाका सहायक पशु विकास अधिकृत मुकुन्द खड्काले जानकारी दिए । पालिकाले यस रोगबाट पशुचौपायालाई जोगाउन नगरपालिकाले एक हजार दुई सय डोज भ्याक्सिन खोप लगाउन सुरु गरेको छ । तर, भ्याक्सिनको माग धेरै भए पनि थोरै मात्र आएकाले समस्या भएको छ । नगरपालिकाले पहिलो चरणमा धेरै संक्रमण भएको स्थानको पहिचान गरी भ्याक्सिन लगाउन सुरु गरेको छ । लम्पी स्किन रोग लागेका गाई-भैंसीमा ज्वरो आउने र शरीरका विभिन्न भाग तथा भित्री तहमा गाँठागुठी देखिने, गाँठागुठीबाट पानी बग्ने र पाक्ने, पशु छटपटाउने, दुब्लाउँदै जाने, खुट्टा खोच्याउने, दूध उत्पादन घट्नेलगायत लक्षण देखापर्छ । यो रोगको प्रभावकारी उपचार पनि नभएकाले रोगी पशुहरूलाई बथानबाट अलग्गै राख्ने, किर्ना लामखुट्टेजस्ता परजीवी निराकरण गर्ने, जैविक सुरक्षाको विधि कडाइका साथ पालना गर्नुपर्ने पशु प्राविधिक बताउँछन् । यो रोगबाट पशुमा हुने मृत्युदर कम भए पनि दुहुना पशुको दूध उत्पादनमा ८० प्रतिशतसम्म ह्रास हुने गर्दछ । पशुचौपायामा लागेको यो रोग २५ दिनदेखि एक महिनासम्म संक्रमण देखिने गर्दछ । पशुमा खोपले काम गर्न पनि करिब तीन हप्ता लाग्ने र फेरि रोग देखापरेपछि खोपले पनि काम गर्दैन ।

२९ जुनमा सत्यप्रेमकी कथा



कार्त्तिक आर्यन र कियारा आडवाणीको मुख्य भूमिका रहेको फिल्म 'सत्यप्रेमकी कथा'को ट्रेलर सार्वजनिक भएको छ। यस लभस्टोरी फिल्मलाई समीर विद्वान्सले निर्देशन गरेका हुन्। २९ जुनमा रिलिज हुने फिल्मलाई किरण श्रीकान्तले लेखेका हुन्।

आर्या ३ को सुटिङ पूरा



सुस्मिता सेनको बहुप्रतीक्षित सिरिज आर्या ३ को सुटिङ सकिएको छ। डिज्नी प्लस हटस्टारबाट प्रसारण हुने यस सिरिजको निर्देशन राम माधवानीले गरेका हुन्। सिरिजमा अंकुर भाटिया, सिकन्दर खेर, भिरेन भाजिरानीलगायत कलाकारको अभिनय छ।

शरीरमा पानीको कमीले देखिने समस्या





डा. मनोज यादव
फिजिसियन
नेपाल प्रहरी अस्पताल

शरीर स्वस्थ राख्नका लागि पानी प्रशस्त पिउनुपर्छ। पानीको कमी हुँदा डिहाइड्रेसन हुन सक्छ, मुड परिवर्तन हुने, अत्यधिक गर्मी महसुस हुने, कब्जियत र किड्नीमा समस्या देखिनेसमेत हुन सक्छ। औसतमा एउटा मानिसले दैनिक दुईदेखि तीन लिटर पानी पिउन जरुरी छ। यद्यपि, व्यक्तिको उमेर, शारीरिक सक्रियता, मौसम र समग्र स्वास्थ्यअनुसार यसमा फरक पर्न सक्छ। एकैपटक धेरै पानी पिउने गर्नु पनि हुँदैन। थोरै-थोरै गरेर आवश्यकताअनुसार दैनिक कम्तीमा दुईदेखि तीन लिटरसम्म पानी पिउनुपर्छ। पानीको कमी हुँदा तिर्खा लाग्छ, पिसाब पहेँलो हुन्छ। पिसाब पहेँलो भएको छैन भने पानी पुगेको छ भनेर बुझ्नुपर्छ। अत्यधिक गर्मी भएका वेला, पसिना धेरै बगेको वा शरीर अत्यधिक सक्रिय भएको वेला आवश्यकताअनुसार पानीको मात्रा पनि बढाउनुपर्छ।

तापमान नियन्त्रणमा राख्न, पाचनतन्त्र बलियो बनाउन, अंगहरूलाई सक्रिय बनाउन, हाडजोर्नीलाई नरम बनाउन, सेल्सहरूमा पोषण पुऱ्याउन, शरीरमा काम नलाग्ने पदार्थलाई बाहिर निकाल्न शरीरमा पानीको मात्रा पर्याप्त हुनुपर्छ। पानीको कमीले मुख सुक्खा हुने, बान्ता हुने, ज्वरो आउने, पेटको समस्या देखिने आदि समस्या देखिन सक्छ।

मिर्गौलामा समस्या : शरीरमा पानीको कमी हुँदा मिर्गौलामा समस्या देखिने गर्छ। रगतमा युरिया र क्रिएटिनाइनको मात्रा बढ्दा मिर्गौलामा असर पुग्छ। पानीको कमी हुँदा विकारयुक्त वस्तु बाहिर निस्कन पाउँदैन र मिर्गौलामा समस्या देखिने गर्छ।

रक्तचापमा कमी : शरीरमा पानीको कमीका कारण एक्कासि शरीरमा रक्तचाप (ब्लडप्रेसर) घट्ने हुन्छ । ब्लडप्रेसर घट्दा मुटुको चाल बढ्ने, रिँगटा लाग्ने, बान्ता आउनेलगायतका समस्या देखिन्छ। मुटुको चाल बढ्नेजस्ता जटिल समस्या पनि देखिन सक्छ।

छालासम्बन्धी समस्या : शरीरमा पानी कम हुँदा छाला सुक्खा हुने, चाउरी पर्ने, ओठ फुट्ने, सुक्खा हुने, छालामा चमक हराउने हुन्छ।

मुड परिवर्तन : शरीरमा पानीकै कमीले रिस उठ्ने, झर्किने, बोल्न मन नलाग्ने हुन सक्छ । जसले गर्दा मानसिक असर पर्छ।

जोर्नी र मांसपेशीमा समस्या : पानीले शरीरका जोर्नी तथा मांसपेशीलाई नरम बनाउने काम गर्छ। पानीको मात्रा कम हुँदा हाडजोर्नी बाउँडिने, शरीर दुख्नेलगायतका समस्या हुन्छ।

पाचनसम्बन्धी समस्या : पानीको कमी हुँदा क्यालिसयम र म्याग्नेसियमको पनि कमी हुन्छ र पाचनसम्बन्धी समस्या आउँछ। पाचन प्रणालीमा समस्या आउँदा अल्सर हुने, पेटमा ग्यास जम्मा हुने, झाडापखाला लाग्ने, बान्ता हुने, खान मन नलाग्नेलगायतका समस्या देखिन्छ।

टाउको दुख्ने : शरीरमा पानीको कमी भएमा टाउको भारी हुने, दुख्ने, ज्वरो आउने, थकान महसुस हुने, चक्कर लाग्ने हुन्छ। मस्तिष्कको कार्यक्षमतामा पनि यसले ह्रास ल्याउँछ। मस्तिष्कले राम्रो काम गर्न पानीको मात्रा पर्याप्त हुनुपर्छ। अन्यथा, ध्यान केन्द्रित गर्न नसक्ने, थकान, टाउको दुख्नेलगायत समस्या देखिन्छन्।

के गर्ने ?

- गर्मीयाममा पातलो कपडा लगाउने।
- दिउँसो घाम लागेको समय, तापक्रम बढेको समयमा व्यायाम नगर्ने।
- पानी खाइरहने। दिनमा पटक-पटक गरेर कम्तीमा दुईदेखि तीन लिटरसम्म पानी पिउने।
- जुस र फलफूल खाने।
- अल्कोहलजन्य खानेकुरा नखाने।
- अन्य थप समस्या देखिएमा स्वास्थ्य संस्थामा गई चिकित्सकको सल्लाहबमोजिम गर्ने।

अभिनय सिक्नुअघि...





महेश त्रिपाठी
अभिनेता

'हल्कारा' फिल्मबाट अमेरिकाको ह्युस्टन फिल्म फेस्टिभलमा उत्कृष्ट अभिनेताको अवार्ड जितेका महेश त्रिपाठी लामो समयदेखि अभिनय र यसको प्रशिक्षणमा सक्रिय छन्। उनी ओस्कर इन्टरनेसनल फिल्म फेस्टिभलमा अभिनय पढाउँछन्। अभिनयमा लाग्नेले धैर्य र संघर्ष छाड्न नहुने उनी बताउँछन्। कलाकारितामै करिअर खोज्न चाहने युवालाई उनको सुझाव यस्तो छ :

- नेपालमा पछिल्लो समय विश्व सिनेमा हेर्ने, बुझ्ने र अध्ययन गर्न जमात बढ्दो छ। यसले गर्दा प्रतिस्पर्धा बढेको छ। अभिनयलाई 'प्रोफेसन बनाउन हो भने यसबारे पर्याप्त अध्ययन गर्न जरुरी छ।
- अभिनयका कलाहरू सिक्नुपर्छ। देखासिकीकै भरमा कलाकार बन्छु भनेर हुँदैन। मैले अभिनय नै किन गर्ने भनेर स्पष्ट हुनुपर्छ। कसरी राम्रो कलाकार बन्ने भनेर योजना बनाउनुपर्छ।
- कलाकारसँग अभिनय, नृत्य, एक्सनलगायत धेरै विधाको ज्ञान हुनुपर्छ। सामाजिक चेत हुनुपर्छ। त्यसपछि मात्रै समाजका पात्रमा आफूलाई ढाल्न सकिन्छ। चरित्रलाई राम्ररी निर्वाह गर्न सकिन्छ।
- एकै दिनमा कलाकारितामा स्थापित हुन सकिँदैन। म अभिनय पढाउँछु, तर फिल्ममा नोटिस हुन १५ वर्ष लाग्यो। निरन्तरको संघर्षका लागि तयार हुनुपर्छ भन्ने मेरो अनुभव छ।
- तपाईंसँग आत्मविश्वास चाहिन्छ। भविष्यमा आउने संकट सामना गर्न सक्छु भन्ने आँट हुनुपर्छ। अन्धाधुन्ध फिल्ममा अभिनय गर्छु, पैसा कमाउँछु भनेर मात्रै हुँदैन। समय, काम र अवसर आएमा तपाईंलाई फाइदै पुग्ला। काम नपाउँदा पनि संघर्षलाई निरन्तरता दिन जरुरी छ। मुख्य कुरा, अभिनयप्रति लगाव हुनैपर्छ।
- अभिनय 'गड गिफ्टेड' हो भन्ने पनि चलन छ। जो गलत हो। अनुभव र भोगाइले अभिनय सिकाउँछ। क्लासमै पढेर अभिनय गर्नुपर्छ भन्नेचाहिँ होइन। सिकाइका धेरै प्रक्रिया हुन्छन्।

ल्यापटपको स्क्रिन सफा गर्दा...

ल्यापटपमा लगातार काम गर्दा स्क्रिनमा धुलो जम्मा भइरहेको हुन्छ। धुलोले स्क्रिनको कलर र चमक दुवैमा असर पुऱ्याउने भएकाले समय-समयमा यसको सफाइ गर्नुपर्छ। कतिपय मानिस स्क्रिन सफा गर्न डराउँछन्, किनकि यसो गर्दा ल्यापटप बिग्रन सक्ने भय उनीहरूलाई हुन्छ। तर, घरमै केही सामग्रीको सहयोगले स्क्रिनलाई सफा गर्न सकिन्छ।

स्क्रिन सफा गर्नुअघि ल्यापटप बन्द गर्नुस् र ब्याट्री निकाल्नुस्। त्यसपछि माइक्रो फाइबर कपडाले सफा गर्न थाल्नुस्। माइक्रोफाइबर कपडा निकै नरम हुन्छ। टिसर्ट वा अन्य कुनै कपडाले पुछ्दा स्क्रिन स्क्र्याच हुन सक्छ। कागज, टावेल वा टिस्यु पेपरले पनि स्क्रिन सफा गर्नुहुँदैन।

नयाँ स्पोन्जले पनि स्क्रिन सफा गर्न सकिन्छ। स्पोन्जलाई हल्का गिलो बनाउनुस् र सफा गर्नुस्।

स्पोन्ज र माइक्रो फाइबर कपडा नभएको अवस्थामा



नरम डस्टर ब्रसले पनि सफा गर्न सकिन्छ।

तर, स्क्रिनमा कहिल्यै सीधै लिक्विड छर्कन हुँदैन। अमोनिया वेस्ट लिक्विड प्रयोग गर्दा प्लास्टिकको स्क्रिन चाँडै बिग्रन सक्छ। ल्यापटपलाई महिनामा कम्तीमा दुईपटक सफा गर्नु राम्रो हुन्छ।

गुलाफको स्याहार यसरी


विश्वभरमा एक सयभन्दा धेरै प्रकारका गुलाफ पाइन्छन्। यो फूललाई प्रेम, स्नेह र सौन्दर्यको प्रतीक मानिन्छ। त्यसैले प्रेम अभिव्यक्त गर्नका लागि मानिसहरू एकअर्कालाई गुलाफ दिन्छन्।



गुलाफलाई नर्सरीबाट निकाल्नासाथ तत्कालै घरमा ल्याएर गमलामा सार्नुपर्छ। यसलाई साँझको समयमा गमलामा सार्नु राम्रो मानिन्छ। १५ देखि २८ डिग्री सेल्सियस तापक्रम गुलाफ हुर्कनका लागि उपयुक्त हो। यद्यपि, १५ डिग्री सेल्सियसभन्दा कम तापमानमा पनि केही किसिमका गुलाफ हुर्कन्छन्।

गुलाफको बिरुवामा रासायनिक मल नभएर जैविक मल प्रयोग गर्नुपर्छ। उमालेको चियाको पत्ता गुलाफ रोपिएको गमलामा हाल्न सकिन्छ। यसले गुलाफलाई हुर्कन मद्दत गर्छ।

यसकारण यात्रामा ह्याट लगाउनुस्



गर्मीमा यात्रा गर्दै हुनुहुन्छ भने ह्याट अनिवार्य लगाउनुपर्छ। यसले धेरै समस्याबाट तपाईंलाई जोगाउँछ। आफूलाई सहज महसुस हुने, घामबाट जोगाउने र हावा छिर्ने खालको ह्याट लगाउनु राम्रो हुन्छ।

पहिलो कुरा, घामको विकिरणबाट तपाईंको अनुहार, घाँटी र कानको सुरक्षा गर्छ। छाला डढ्ने वा चिलाउने समस्या हुँदैन।

ह्याटले घामको सीधा सम्पर्कबाट जोगाएर तपाईंको टाउकोलाई शीतल राख्छ। जसकारण, बाहिर घुम्दा आराम महसुस हुन्छ।

चर्को घाममा सीधै अगाडिको दृश्य हेर्न गाह्रो पर्न सक्छ। यसले आँखालाई पनि असर गरिरहेको हुन्छ। ह्याट लगाउँदा तपाईंको आँखामा घाम सीधा पर्दैन र ग्लेरहरू कम हुन्छन्। तसर्थ, आँखाको सुरक्षाका लागि पनि ह्याट जरुरी छ।

टाउकोबाट धेरै पसिना निस्कँदैन। जसकारण डिहाइड्रेसनको जोखिम कम रहन्छ।

प्रत्यक्ष घामले तालु र कपालमा पनि असर पुऱ्याउन सक्छ। ह्याटले यसबाट पनि तपाईंलाई जोगाउँछ।

बुटवल उप-महानगरपालिका

१० नं. वडा कार्यालय
बुटवल, रुपन्देही

श्री शिव शिखर बहुद्धेश्यीय सहकारी संस्था लिमिटेड भक्तपुर, शाखा कार्यालय, बुटवलको नाममा जारी गरिएको सूचना

मिति : २०८०/०२/२३

यस बुटवल उप महानगरपालिका वडा न. १० सिद्धार्थ राजमार्ग निवासी श्री ईश्वर मल्लको नाममा दर्ता रहेको मालदर्ता सांबिक न.सि.न. ९ क कि.न. ९७४ क्षेत्रफल ०-१-२-० र हालको कि.न. ११ को ३७१.४० व.मी नक्सा सिट न. ०९८-१२७८-०५ मा बनेको अन्डर ग्राउण्ड सहित सात तल्ला पक्किघरको घरधनी ईश्वर मल्लसंग मिति २०७८ साल आषाढ ०४ गते १० वर्षका लागी सम्झौता गरि अन्डर ग्राउण्ड सहित छ तल्ला मा भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका वडा न. ३ केन्द्रिय कार्यालय रहेको हाल यस बुटवल उप महानगरपालिका वडा नं. १० मा शाखा विस्तार गरि कार्यालय तथा व्यावसाय गर्नका लागी भाडामा लिई शिव शिखर बहुउद्धेश्यीय सहकारी संस्था लि. तथा गार्डेन मार्ट डिपार्टमेन्ट स्टोर यस १० नं. वडा कार्यालयमा मिति २०७८/०४/१७ देखी संचालन गर्न दर्ता गरि संचालन गर्दै आईरहेकोमा बिगत तिन महिना देखी घरभाडा पानी, बिजुली समेत नदिई सम्पुर्ण कोठाहरु मिति २०७९/११/०६ मा बन्द गरिगएकोले ताकेता गर्दा समेत सम्पर्कमा नआएकोले यस वडा कार्यालयमा घर खाली गरिपाउँ भनि मिति २०७९/१२/०८ मा निवेदक घरधनी श्री ईश्वर मल्लको निवेदन पेश हुन आएकोले सहकारी संस्था तथा गार्डेन मार्ट सँग पटकपटक व्यवसाय संचालनका लागि ताकेता गर्दा समेत सम्पर्कमा नआएकोले मिति २०७९/१२/१९ मा उक्त घर खाली गर्न यस वडा कार्यालयबाट ३५ दिन म्याद दिई सूचना टाँस गरिएको साथै अन्तपुर्ण पोष्ट तथा बुटवल टुडे को मिति २०७९/१२/२० मा समेत सूचना प्रकाशित गरिएकोमा म्याद भित्र उपस्थित हुन नआउनु भएकोले दोस्रो पटक मिति २०८०/०२/०६ मा (७) सात दिनभित्र घर खाली गर्न टाँसका साथै मिति २०८०/०२/०६ मा गोरखापत्र दैनिकमा सूचना प्रकाशित गरिएको साथै उक्त सूचना टाँस भएको सात दिनभित्र समेत उपस्थित हुन नआउनु भएकोले आजको मिति २०८०/०२/२२ ले तिन (३) दिनभित्र उपस्थित हुन आउनुहोला। तिनदिनको म्यादभित्र उपस्थित हुन नआउनु भएमा र घर खाली नगर्नु भएमा नियमानुसार उक्त घरको ताला खोली घर खाली गर्ने प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचना बमोजिम जानकारी गराईन्छ।

भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि. बागमती प्रदेश कार्यालय, काठमाडौंको २१ दिने सूचना

सूचना प्रकाशन मितिः २०८०/०२/२३ गते

यस बैंकको तपसिलका कार्यालयहरूबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिंदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउँदछौं। साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिने व्यक्तिहरूलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

सम्बन्धित कार्यालय : शाखा सातदोबाटो, ललितपुर।

क्र.सं.	कर्जा ग्राहकको नाम (फर्म र प्रोपाईटरको नाम)	ठेगाना	ग्राहकको पिता/पतिको नाम	बाजे/ससुराको नाम	उद्देश्य	साँवाँ रकम रू.	मिति २०७९ चैत्र मसान्तसम्मको व्याज तथा अन्य रकम	जम्मा तिर्नुपर्ने रकम	धितो मञ्जुरीनामा दिने/जमानत बस्नेको नाम
१.	श्री विश्वरुप निर्माण सेवा। सं. रमेश थापा	ठैव ०८, ललितपुर	गोकुल थापा	पदम ध्वज थापा	सरल ठेक्का कर्जा	२५०००००	८०३००	२५८०३००	राधा थापा
					जमानत दावी कर्जा	४२९४५५	१२१००	४४१५५५	
२.	श्री डि.आर.पोल्ट्री फार्म सं. राधेश्याम चौधरी	निग्लीहवा-०३, कपिलवस्तु परियोजना : गोदावरी न.पा.०३, विष्टछाप	वरसाते थारु	वान्छु थारु	कृषि सहुलियत कर्जा	८७५८४७	८२४१२	९५८२५९	नानु पिठाकोटे मगर
३.	श्री जिमि मार्ग ईञ्चवा कृषि तथा पशुपंक्षी फार्म। सं. गिता लिम्बु	धनकुट्टा न.पा.-०७ , धनकुट्टा परियोजना : गोदावरी न.पा.१३, वोराथोक	फौद बहादुर लिम्बु	सिंह बहादुर लिम्बु	महिला उद्यमशील सहुलियत कर्जा	१०८३३३४	९९२२३	११८२५५७	जुन बहादुर लिम्बु विरेशमाया लिम्बु
४.	श्री फुलचोकी गाई तथा भैंसी पालन। सं. मिना तामाङ	रुयाले-०४ , काभ्रेपलान्चोक परियोजना : गोदावरी न.पा.०३ रचनटार	वुद्धि बहादुर तामाङ	विरमान सितान	प्रदेश सहुलियत कर्जा	८७२६४७	२४५३९	८९७१८६	बुद्धि बहादुर तामाङ
५.	श्री भैसी पालन (पशु पालन) सं. चमेली तामाङ	महालक्ष्मी न.पा.१० ,ल.पु. (नारायणडाँडा) परियोजना : महालक्ष्मी न.पा.१० नारायणडाँडा	रमेश तामाङ	डम्बर बहादुर तामाङ	प्रदेश सहुलियत कर्जा	७२७२७४	१४७३७	७४२०११	रमेश तामाङ
६.	श्री महिमा कृषि व्यवसाय सं. सुरेश राई	डिकुवा-०५ ,खोटाङ परियोजना : महालक्ष्मी न.पा.०८ लुभु	कुर्खि बहादुर राई	चित्र बहादुर राई	कृषि सहुलियत कर्जा	७५५६२८	४५९००	८०१५२८	उपाशना राई नितु राई

सम्बन्धित कार्यालयः शाखा कपन, काठमाडौं

क्र.सं.	ग्राहकको नाम	ठेगाना	ग्राहकको पिता/पतिको नाम	बाजे/ससुराको नाम	कर्जाको उद्देश्य	साँवा रकम रू.	२०८० जेष्ठ १६ गतेसम्मको व्याज तथा अन्य रकम	जम्मा तिर्नुपर्ने रकम	धितो मञ्जुरीनामा दिने वा जमानत बस्नेको नाम
१.	सविन पुतुवार	गोकर्णेश्वर न.पा.०३, वालुवा, काठमाडौं	जुद्धवीर पुतुवार	मानवीर पुतुवार	व्यक्तिगत ओ.डी	२९,९९,९०३	२,६६,२०६	३२,६६,१०९	मिना नगरकोटी/बसुन्धरा बज्राचार्य

सम्बन्धित कार्यालय : शाखा कुपण्डोल, ललितपुर

क्र.सं.	ग्राहकको नाम	ठेगाना	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	कर्जाको उद्देश्य	साँवा रकम रू.	२०८० वैशाख २० गतेसम्मको व्याज तथा अन्य रकम	जम्मा तिर्नुपर्ने रकम	धितो मञ्जुरीनामा दिने वा जमानत बस्नेको नाम
१	युनिकर्न कन्स्ट्रक्सन प्रा.लि., संचालकः हरि बहादुर खड्का बल बहादुर विष्ट	का.म.न.पा. ०७, सिफल, काठमाडौं	हर्क बहादुर खड्का	लाल बहादुर खड्का	सरल ठेक्का कर्जा	७०,००,०००	४,४८,०२५	७४,४८,०२५	मिना कुमारी खतिवडा/हरि बहादुर खड्का
					हायर पर्चेज	४७१६८१	११५९८०	५८७६६१	

कृषि बिकास बैंक लि.
बागमती प्रदेश कार्यालय, गौशाला, काठमाडौं।

सरकारको नीति तथा कार्यक्रम र बजेटको अनुहार

सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम अहिलेको सन्दर्भमा वस्तुवादी देखिन्छ भने बजेटले त्यसैलाई समेत पछ्याउन सकेको छैन



● डोरप्रसाद उपाध्याय 'निर्मलकुमार'

अग्रलेख

गत ५ जेठमा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलबाट संसद्को सयुक्त अधिवेशनमा नेपाल सरकारको आव ०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत भयो । करिब दुई घन्टा लगाएर वाचन गरिएको १८८ बुँदामा केन्द्रित नीति तथा कार्यक्रम नेपाल सरकारका लागि आगामी वर्षको मार्गदर्शन तथा कार्यदस्ताबेज हो । यसबारे संसद्मा आवश्यक बहस, छलफल पनि भयो । सबै राजनीतिक दलले आआफ्ना पार्टीका धारणा, सुझाव र संशोधन राख्ने काम सम्पन्न भई आलोचना, अस्वीकार, समर्थन र विवादबीच यो कार्यक्रम पास पनि भयो । यसैगरी आगामी आर्थिक वर्षका लागि संसद्मा बजेटसमेत प्रस्तुत भई छलफल जारी छ । बजेटका पक्ष र विपक्षमा थुप्रै टिप्पणी भइरहेका छन् । बजेट तथा कार्यक्रम क्रान्तिकारी छ कि सुधारवादी ? कि यो परम्पराको निरन्तरता मात्र हो ? यस्ता अनेक कोणबाट बहस जारी छन् ।

नेपाल सरकारबाट प्रस्तुत हुने नीति तथा कार्यक्रम नेपाली जनताको आवश्यकता, राष्ट्रिय राजनीतिको सन्तुलन, अन्तर्राष्ट्रिय चासो र हस्तक्षेपलाई कार्यक्रमका माध्यमबाट खण्डन गर्न सक्ने ल्याकतसहितको एकीकृत राजनीतिक आर्थिक दस्ताबेज हो । यो भविष्यको मार्गदर्शन, समाजवाद र समृद्धिका लागि आधार तयार गर्न बिछ्याइएको आर्थिक राजनीतिक कार्यक्रम र कार्यदिशा हो । यो विगतको समीक्षा र वर्तमानको कार्यक्रमको साझा दस्ताबेज पनि हो । तर, सरकारको नीति तथा कार्यक्रमबारे सांसदलगायत सरोकारवालाको बुझाइ भने अलि भिन्न छ । यसो हुनुमा सरकारका आफ्ना बाध्यता र सीमा छन् । अहिलेको माओवादी नेतृत्वको सरकार पनि यी बाध्यता र सीमाभन्दा बाहिर छैन । संसद्मा जम्माजम्मी ३२ सिट भएको माओवादीले नेकासहितको गठबन्धनबाट सत्ताको नेतृत्व गरिरहेको छ । सरकारमा भएको कुनै दलले समर्थन फिर्ता लिनासाथ सरकारको आयुबारे गम्भीर प्रश्न उठ्न सक्छ । यस्तो अवस्थामा पुनः विश्वासको मत लिनुपर्ने हुन्छ । बिश्वासको मत लिने काम त्यति सजिलो छैन । 'रात रहे अग्राख पलाउँछ' भनेझैं पुनः विश्वासको मत लिन खोज्दा अनेकथरी चलखेल हुन सक्छ । सरकार पनि टिकिराख्ने र केही सुधारका काम पनि गर्न सकिने हुँदा यो सरकारसँग योभन्दा अर्को विकल्प पनि थिएन । यसरी हेर्दा अहिले जेजस्तो रूपमा सरकारले नीति कार्यक्रम प्रस्तुत गरेको छ, यो नै अहिलेको सन्दर्भमा वस्तुवादी देखिन्छ । त्यसैगरी बजेटले वास्तवमा सरकारले पेस गरेको नीति तथा कार्यक्रमलाई समेत पछ्याउन सकेको छैन । बजेट काग्रेसको आपसी गुटको नियतिको मिलमा पिसिएको छ र दलाल नोकरशाही पुँजीका माध्यमबाट समाजवादतिर जाने अनौठो मार्गको रेखा कोरेर बजेटले समाजवादकै खिल्ली उडाइरहेको छ । यो बजेटबाट परम्पराको वंश त धानिन्छ, तर निरन्तरतामा क्रमभंग भने गर्न सक्दैन ।

अहिलेको समस्या निरन्तरतामा रमाउने कि सामान्य भए पनि नीति-कार्यक्रममा र बजेटमा क्रमभंग गर्ने भन्ने नै हो । अहिले नेपाली जनता दैनन्दिन समस्याबाट पीडित छन् । भान्सादेखि रोजगारीसम्मका समस्या, लघुवित्तदेखि बैंकसम्मका समस्या, उत्पादनदेखि बजारीकरणसम्मका समस्या, कृषि मलदेखि अनुदानसम्मका समस्या भोगिरहेका नेपाली जनताका आधारभूत समस्याको सम्बोधन प्रस्तुत कार्यक्रमबाट भएको छ वा विगतको परम्पराको पुनरावृत्ति मात्र हो ? जनताका यस्ता केही प्रश्न अनुत्तरित रहँदै आएका छन् । जनताका यस्ता प्रश्नको उत्तर दिने हो भने सरकारका तर्फबाट यो वर्ष केही न केही त्याग आवश्यक छ । पहिलो त सरकारप्रति जनताको बुझाइ सकारात्मक छैन । 'जुन जोगी आए पनि कानै चिरेका' भन्ने भनाइ नेपाली जनताको दिमागबाट अझै हटेको छैन ।

दलहरूप्रतिको अविश्वासको खाडल गहिरिँदै गएको छ । पुराना दलले पुराना अनुहार र पुरानै शैली बोकेर नयाँ गर्छौं भन्दैमा विश्वास गर्ने आधार कमजोर बन्दै गएको छ । अझ पछिल्लो नक्कली भुटानी शरणार्थी प्रकरणले पुराना दल, तिनका नेता र संगठित अपराधलाई संगठित रूपमै संरक्षण गर्ने प्रवृत्तिले दलहरूमाथि नै नैतिक प्रश्न खडा भएको छ । सिंगो राज्य संयन्त्र प्रयोग र परिचालन गरेर नेपाली नागरिकलाई अनागरिक बनाई मानव तस्करी गर्ने र अझ ठूलो विजयभावसहित गौरवको अनुभूति गर्ने अभियुक्तलाई देखेर पनि जनताको विश्वास ह् वात्तै घटेको छ । स्थापित नेता र पार्टीका उच्च तहका नेताको यस प्रकारको हर्कतबाट सिंगो मुलुकको शिर निहुरिएको छ । कतिपय नेतृत्व संगठित अपराधको पक्षमा सदनमै उभिएर हुंकार गरिरहेका छन् । पहिले राष्ट्र कब्जा गर्ने, त्यसपछि राज्य संयन्त्र प्रयोग र परिचालन गरेर संगठित भ्रष्टाचार, संगठित अपराध र राज्य नै लुटपाट गर्न पनि तम्सिने प्रवृत्ति मौलाएको नेपाली राजनीतिमा यसप्रकारको प्रवृत्तिलाई जरैबाट उखेल्न सक्ने गरी सरकारको नीति कार्यक्रम आउन जरुरी थियो । यसैगरी



बढ्दो आर्थिक मन्दी, व्यापार घाटा, अनुत्पादक क्षेत्रमा गरिएको बैंकको लगानीबाट पैदा भएको खराब कर्जा, कृषि उपजको बजारीकरणको समस्या, खाद्यान्नलगायत तरकारी, फलफूलको बढ्दो आयात आदिले थला परेको हाम्रो अर्थतन्त्र जोगाउने गरी नीति तथा कार्यक्रम र बजेट आएको भए 'सुनमा सुगन्ध' हुने थियो । सरकार, सरकारी निकाय, सरकारी कर्मचारीदेखि पार्टीका कार्यकर्तासम्म विकासका नाममा बजेट माग गर्ने र बिल भौचर मिलाएर बजेटमा चलखेल गर्ने परिपाटी कमसेकम यसपटकदेखि अन्त्य गर्ने संकल्प गरिनुपर्ने थियो, तर नीति कार्यक्रम र बजेटमा त्यो भाव उठान भएको देखिएन । सरकार विदेशी अनुदानमा आँखा लगाउने, सरकारी निकाय र कर्मचारी सरकारी बजेट र सेवाग्राहीबाट कमिसन र घुस माग्ने अनि पार्टीका कार्यकर्ता बजेटको दुरुपयोगदेखि सरुवा-बढुवा गरिदिने नाममा अवैध रकम माग गर्नेजस्ता प्रवृत्तिलाई निरुत्साहित गर्ने नीति नबनाउने हो भने आगामी चुनावसम्म पुराना पार्टी मर्दै जाने र पश्चगामी जीवित हुने खतरा बढ्दै जानेछ । कतिपय सन्दर्भमा लोकप्रियताका नाममा बजेटको सुनिश्चितता नगरी कार्यक्रम घोषणा गर्ने, आम्दानीको स्रोतको खोजी र विस्तार नगर्ने, अनावश्यक वितरणमा जोड गर्ने, वैदेशिक भ्रमण र अनुदानमा उदारवादी बन्दा सञ्चिति रकम न्यून हुँदै जाँदा राष्ट्रिय अर्थतन्त्र कमजोर बन्दै गएको याथार्थलाई आत्मसात् गरेरै बजेट र नीति तथा कार्यक्रम बनाउन सक्नुपर्छ । तर, यसलाई अहिलेको कार्यक्रमले सम्बोधन गर्न सकेको छैन ।

> कांग्रेसको आपसी गुटको मिलमा पिसिएको र दलाल नोकरशाही पुँजीका माध्यमबाट समाजवादतिर जाने अनौठो मार्गरेखा कोरेको बजेटले समाजवादकै खिल्ली उडाइरहेको छ । यसबाट परम्पराको वंश त धानिन्छ, तर निरन्तरतामा क्रमभंग भने हुन सक्दैन ।

नेपाली जनताले यतिवेला समस्याको आमूल परिवर्तन खोजेका छैनन् । न त उनीहरूले क्रमभंगतामा अग्रगामी कार्यक्रम नै खोजेका छन् । अहिले त सामान्य सुधारका काम भइदिए मात्र पनि जनता खुसी हुने अवस्था छ । सुधारकै कुरा गरेर रास्वपा नयाँ दलका रूपमा उदाएको हो । कुरा समाजवादको गर्ने तर काम सामान्य पनि नगर्ने प्रवृत्तिले सरकारप्रति भरोसा गर्न कठिन भइरहेको छ । त्यसकारण सरकारले पहिले सुधारका कार्यक्रम अनि मात्र समाजवादका कुरा गर्दा अहिलेको सन्दर्भमा सही हुन्छ ।

यहाँ त प्रतिपक्ष पनि भ्रष्टाचार, अपारदर्शी र वितण्डावादको समर्थनमा संसद् अवरुद्ध गर्छ । विकास के हो ? यसको मोडेल कस्तो हुन्छ ? यसबारे बहस गर्नुको साटो विकासका पूर्वाधार अनि समृद्धिको यात्रामा रचनात्मक सहयोग र समर्थन हुनुपर्नेमा वितण्डालाई आफ्नो कार्यदिशा बनाएर हिँडिरहेको छ । उसले मुलुक लुट्न खडा गरिएको चार किल्लाभित्रको खजानाजस्तै ठानेको छ । यो त करोडौं नेपाली जनसमुदायको साझा सम्पत्ति र साझा आवास हो भन्ने तथ्य भुलेर राष्ट्र, राष्ट्रियता र स्वाभिमानविरुद्ध निर्लज्ज उभिन खोज्नुले यही कुरा बताउँछ । सार्वभौमसत्तामाथि आफैं 'लुटपाट' मच्चाउने र वैदेशिक हस्तक्षेपलाई निम्तो दिने गल्ती कसैले पनि गर्नु हुँदैन । तर, नेपाली राजनीतिमा वेलावेलामा यसप्रकारका दृश्य देखिने गर्छन् । जुन विडम्बनाको भारी जनताले बोकिरहेका छन् । संसद्मा प्रस्तुत र पारित सरकारको नीति कार्यक्रम र बजेटमा पूर्ण रूपमा जनताका समस्याका पोकालाई सम्बोधन गर्न नसके पनि केही संकल्प गरेको छ, तर गठबन्धनको सरकारले ल्याएको यो कार्यक्रम न क्रान्तिकारी नै छ, न त जनताको आवश्यकतालाई पूर्ण रूपले पूरा गर्न सक्षम नै छ । त्यसैले, प्रस्तुत नीति कार्यक्रम र बजेट परम्पराको वंश धान्ने र अंश लाउने आसेपासे लोकतन्त्रको लिखत करारनामा मात्र हो भन्दा कुनै अप्ठ्यारो मान्नुपर्ने छैन ।

किनकि विगतको समीक्षा, पुँजीगत खर्चको विश्लेषण, कार्यान्वयनको अवस्था, बेरुजु र खर्च प्रणालीको अवस्थासमेतको लेखाजोखा नगरी परम्परालाई मात्र दोहोऱ्याउने र लोकप्रियताका लागि जे पनि लेख्ने विगतको लेखान्त नतोडी नीति कार्यक्रम क्रान्तिकारी बन्न सक्दैन । यो नीति कार्यक्रम पनि संसद्मा आफ्नो कमजोर संख्याका कारण सुधारवादितिर जान पनि डराइरहेको देखिन्छ । परन्तु सुशासन र कार्यान्वयनको क्षेत्रमा यसपटक केही प्रतिबद्धता जाहेर भएको र केही कार्यान्वयन पनि भइरहेको देखिएकाले थोरै भए पनि जनतामा आशाचाहिं पलाएको छ । सरकार ढल्छ कि भनेर काम गर्नुभन्दा सरकार अस्थायी हो र स्थायी त जनताको भरोसा र विश्वास नै हो भन्ने यथार्थ सबैले मनन गर्न जरुरी छ । प्रतिबद्धता पूरा नगर्ने, ससाना कुरामा पनि लेनदेनको आस राख्ने, बिचौलियाको प्रभावमा परेर विकासविरोधी कार्यविधि र नियमावली बनाउने, पहिला चर्को स्वरमा इमानदारी देखाउने र पछि त्यसैको आडमा लेनदेनको व्यापार चलाउने प्रवृत्ति र पात्रलाई हटाएर आलोपालो कार्यपालिकाको हिस्सेदार बनाउन आँट गर्न सक्नुपर्छ । पार्टीको पदमा कोकति माथि छ भनेर होइन, कार्यदक्षताका आधारमा व्यक्तिको छनोट गर्नुपर्छ । त्यसैगरी, सत्ता साझेदार भनेर मात्र हुँदैन, सकेसम्म आफ्नो मन्त्रिमण्डलमा काम गर्ने इच्छाशक्ति भएको, तत्परता र निष्ठाको राजनीति गर्ने व्यक्ति छनोट गर्दा प्रधानमन्त्रीकै कार्यकाल सफल हुने हो । जेहोस् यति वेला सरकारले गुमेको विश्वास फिर्ता लिने र निरन्तरतामा अघि बढ्ने मार्गचित्र कोर्ने राम्रो अवसर प्राप्त गरेको छ । समय छँदा नसच्चिने र समय बित्दा पछुताउने रोगबाट मुक्त बनौं र अघि बढौं । इमानदारीपूर्वक समाजवादको बाटोमा हिँडाउने नीति कार्यक्रम र बजेटको विकास गरौं । अब पनि दलदलमा भासिने कि अग्रगामी सोचसहित मुलुकको निरन्तर नेतृत्व गर्ने ? नीति, नियत र नेतृत्वबाट माथिको प्रश्नको जवाफ खोजौं ।

(उपाध्याय माओवादी केन्द्रका कार्यालय सचिव हुन्)

३ प्रश्न

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) का अध्यक्ष **कृष्णप्रसाद आचार्य**लाई



प्रधानमन्त्रीको भारत भ्रमणमा ऊर्जा क्षेत्रमा भएका सम्झौतालाई कसरी हेर्नुभएको छ ?

यसपटक भएको सम्झौता निकै उत्साहजनक छ । निजी क्षेत्रले यस विषयमा लामो समयदेखि सरकारलाई घचघच्याउँदै आएको थियो । यो सम्झौतापछि विद्युत् व्यापारको बाटो खुलेको छ । हामीसँग विद्युत् उत्पादनको अथाह सम्भावना छ र भारतलाई त्यसको खाँचो पनि छ । प्रक्रियागत कामले केही समय लिए पनि तदारुकतासाथ काम गर्ने हो भने अब विद्युत् निर्यातले गति लिन समय लाग्दैन ।

१० वर्षमा १० हजार मेगावाट उत्पादन र निर्यात कति सम्भव छ ?

आरामले सम्भव छ । अहिले हाम्रो उत्पादन ३ हजार मेगावाट हाराहारीमा पुगिसकेको छ । पाइपलाइनमा रहेका आयोजना हेर्दा त्यो दुई वर्षपछि पाँच हजार मेगावाट पुग्ने देखिन्छ । यो सम्झौताले उत्साह थपिएको छ । अहिलेसम्म विद्युत् व्यापारमा विद्युत् प्राधिकरणको मात्र एकाधिकार छ । अब यसलाई निजी क्षेत्रका लागि पनि खुला गर्नुपर्छ । अहिलेसम्म भारतसँग 'जिटुजी' लेभलमा मात्र काम हुँदै आएको छ । अब 'बिटुबी' लेभलबाट पनि काम गर्न खुला गर्नुपर्छ । उता र यताका कम्पनीबीच सहकार्य हुन सक्छ ।

लक्ष्य भेट्टाउन अब कस्तो रणनीतिसाथ कसरी काम गर्नुपर्छ ?

यसका लागि अब तीव्रतासाथ काम सुरु गर्नुपर्छ । ट्रान्समिसन लाइन र क्रस बोर्डर लाइन निर्माणलाई तीव्रता दिनुपर्छ । ठाउँ ठाउँमा सब स्टेसन बनाएर आन्तरिक वितरण प्रणालीलाई सुदृढ बनाउनुपर्छ । चुलोदेखि परिवन र उद्योगसम्म आन्तरिक खपत पनि बढाउनुपर्छ ।

प्रेरक प्रसंग

चाणक्यको समाधान

आचार्य विष्णु गुप्त चाणक्य बस्ने आश्रम एउटा जंगलमा थियो । उनको आश्रमसम्म पुग्ने बाटो निकै अप्ठ्यारो थियो । आश्रमसम्म पुग्न धारिला चट्टान भएको बाटो पार गर्नुपर्थ्यो । उनीसित परामर्श गर्न र ज्ञानगुनका कुरा सिक्न टाढा-टाढाबाट दैनिक कयौं मानिस उनको आश्रमसम्म पुग्ने गर्थे । त्यतिखेर मानिसहरू खाली खुट्टा नै यात्रा गर्थे । जसले गर्दा चाणक्यको आश्रमसम्म पुग्दा उनीहरूले निकै सास्ती झेल्नुपर्थ्यो । आश्रमसम्म पुग्दा-नपुग्दै मानिसहरूका पैतालामा घाउ नै घाउ हुन्थ्यो र खुट्टा रक्ताम्य हुने गर्थे । यसै क्रममा एक दिन चाणक्यसित भेटघाट र विभिन्न विषयमा परामर्श गर्न गएका मानिसमध्ये एकजनाले भने- आचार्य, हजुरको आश्रममा आएर ज्ञानगुनका कुरा सुन्न पाउँदा जीवन सफल भएको अनुभूति हुन्छ । तर, हजुरको आश्रमसम्म आउने मार्ग भने अत्यन्त दुष्कर छ । हजुरको त सम्राट् चन्द्र गुप्तसित पनि राम्रो सम्बन्ध छ । हजुरले भन्नुभयो भने सम्राट्ले नाइँ भन्न सक्नुहुन्न । त्यसैले, हजुरको आश्रमसम्म आउने यस मार्गमा जनावरका भुवादार छाला बिछ्याउने व्यवस्था गर्नुपऱ्यो । त्यति गर्न सकियो भने यहाँसम्म आउने मानिसलाई निकै सजिलो हुने थियो ।



आगन्तुकको कुरा सुनेर चाणक्य मुसुक्क मुस्कुराए र भने- तपाईंले भनेको एकदमै ठिक हो मित्र ! तर, मार्ग त यहाँको मात्र होइन, जतातै यस्तै अवस्थामा छ । कहाँ-कहाँ मात्र छालाले बाटो ढाक्दै हिँड्नु ? त्यसो गर्नु सम्भव छैन । त्यसैले, यहाँको मार्गमा छाला बिछ्याउँदैमा तपाईंको समस्याको समाधान हुनेवाला छैन । बरु, यसको साटो तपाईं आफूले आफ्ना खुट्टालाई जनावरका छालाबाट सुरक्षित गर्न सक्नुभयो भने समस्याको समाधान सजिलै हुन सक्छ । चाणक्यको यही सुझावका कारण कालान्तरमा छालाको जुत्ताको विकास सम्भव भयो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सबै सचेत बनौं

नयाँ पत्रिका राष्ट्रिय दैनिकको पहिलो पृष्ठमा प्रकाशित 'वैदेशिक रोजगारका नाममा मौलाउँदो ठगी' शीर्षकको समाचारको तथ्यांकलाई मान्ने हो भने यो अति नै चिन्ताको विषय हो । वैदेशिक रोजगार विभागमा २२ महिनामा एक हजार ५१६ र प्रहरीमा ४६ महिनामा ३८८ उजुरी परेका रहेछन् भने यस अवधिमा डेढ अर्बभन्दा बढी ठगी भएको रहेछ ।

देशमा रोजगारी नपाएर भौंतारिएका युवा विदेशमा आकर्षक तलब सुविधाको आश्वासन पाउनेबित्तिकै लाखौं रकम बुझाएर वैध वा अवैध जुनकुनै प्रक्रियाबाट बिदेसिन तयार हुन्छन् । बेरोजगार युवाको यही बाध्यता र लोभमा 'ब्ल्याकमेल' गर्दै ठगहरूको गिरोहले वैदेशिक रोजगारका नाममा सयौं व्यक्तिमाथि ठगी गर्ने गरेका छन्, जुन धन्दा मौलाउँदो छ । उक्त धन्दालाई यथाशीघ्र जरैदेखि उखेल्नु अति आवश्यक छ ।

यसर्थ, यसको निराकरण एवं नियन्त्रणतर्फ सरकार तथा सम्बन्धित निकायका जिम्मेवार पदाधिकारी अति संवेदनशील भई लाग्नु जरुरी छ । साथै वैदेशिक रोजगारीमा लागि जान खोज्ने युवा स्वयं पनि त्यस्ता ठगी गिरोहबाट सचेत रहनु आवश्यक छ ।

● **अच्युतमान सिंह प्रधान** 'उत्सुक', बालुवाटार, काठमाडौं
achutpradhan@yahoo.com

नेपाली महिला क्रिकेटरलाई बधाई

नेपाली राष्ट्रिय महिला क्रिकेटरले मलेसियासँगको पाँच खेलको सिरिज ३-२ ले जितेर समग्र नेपालको शिर उच्च बनाएका छन् । टोलीमा सहभागी खेलाडी, प्रशिक्षक तथा व्यवस्थापक सबैलाई हार्दिक बधाई छ । साथै, आगामी दिनमा थप सफलताको शुभकामना पनि छ । नेपाली महिला क्रिकेटर राज्यको प्राथमिकतामा कहिल्यै परेका देखिन्नन् । महिला क्रिकेटरको तलब, सुविधा र प्रशिक्षणलगायतमा राज्यले पुरुष क्रिकेटरको तुलनामा निकै विभेद गरेको छ । तैपनि, नेपाली महिला क्रिकेटरले जेजति सफता दिलाएका छन्, त्यो प्रशंसनीय छ ।

● **अमृत नेपाली**
कालिकास्थान, काठमाडौं

थप छानबिन कहिले गर्ने ?

नक्कली भुटानी शरणार्थी प्रकरणले केही समयदेखि देश हल्लिरहेको छ । उच्च तहका राजनीतिक नेता र माथिल्लो तहका निजामती प्रशासकहरूको समेत संलग्नता देखिएको हुनाले यो प्रकरण बढी चर्चामा रहेको हो । यसका साथै, थप उच्च नेतृत्वको समेत नाम आएको हुनाले पहिलो चरणको मुद्दा दर्तापछि दोस्रो चरणको अनुसन्धान सुरु हुने भनिएको थियो । तर, मुद्दा दर्ता भएको दुई साता हुन लाग्दासमेत थप छानबिन सुरु भएको सुनिएको छैन । थप छानबिन कहिले सुरु हुन्छ ? यसबारे जानकारी चाहियो ।

● **स्वप्निल मगर**
बुढानीलकण्ठ, काठमाडौं

हाम्रा नेता कहिले सुध्रिन्छन् ?

दैनिकजसो अखबारका पानामा विभिन्न दलका नेता कुनै न कुनै घोटालामा संलग्न भएका समाचार प्रेषित भई नै रहेका छन् । तलदेखि माथिसम्मकै नेताहरू जनताप्रति इमानदार देखिँदैनन् । ग्रामीण भेगका किसान मजदुर अझै सरकारी पहुँचभन्दा कोसौं टाढा छन् ।

हाम्रा नेताहरूले जुन वर्गको हितका नाममा राजनीति गर्छन्, तिनले खासै केही पाएको देखिँदैन । गाउँमा न राम्रा शैक्षिक संस्था छन् न स्वास्थ्य सुविधा नै छ । तैपनि नेताहरू गाउँलाई आआफ्नो भोट बैंक ठान्छन् । ३० औं वर्षअघिदेखि राजनीति गर्ने नेताहरू अझै आफूले भाग नपाएको गुनासो गर्छन् । संसद् रमिता देखाउने थलोका रूपमा देखिन थालेको छ र पदमा पुगेका सबैजसो नेताहरू रमिता देखाउने मुख्य पात्रका रूपमा चिनिन्छन् । कार्यकर्ताहरू सत्ताधारी नेताबाट केही पाउँला र खाउँला भनेर बसेका छन् । हामी जनता पनि हाम्रा कुरा कसैले सुन्दैनन्, पढ्दैनन् भन्ने थाहा हुँदाहुँदै पनि भनिरहन्छौं लेखिरहन्छौं ।

● **रामकृष्ण पराजुली**, लामोसाँघु, सिन्धुपाल्चोक
rakipali2025@gmail.com

चिनियाँ सुरक्षा पहल दिनानुदिन लोकप्रिय हुँदै

चिनियाँ नीतिले पारस्परिक सम्मान, निष्पक्षता, न्याय, विश्वास, खुलापन र समावेशिताको प्रवर्द्धन गर्छ

देश/विदेश

यही आइतबार सांग्रिला डाइलग (एसिया प्रशान्त क्षेत्रका मुलुकका सुरक्षा मामिला हेर्ने अधिकारीहरूको बैठक) को अन्तिम दिन चिनियाँ राज्य परिषद्का सदस्य एवं रक्षामन्त्री ली साङ्फुले 'चीनको नयाँ सुरक्षा पहल' सम्बन्धमा बोलेका छन् । लीले 'टकरावको सट्टा वार्ता, गठजोडको सट्टा साझेदारी र जिरो-सम (एकको घाटामा मात्रै अर्काको नाफा हुने खेल) को सट्टा विन-विन (परस्पर लाभ) सहितको सुरक्षाको नयाँ मार्ग'मा जोड दिएका छन् । उनले भाषणका क्रममा, दादागिरी र वर्चस्वको सट्टा पारस्परिक सम्मान हाबी हुने, निष्पक्षता र न्यायले जंगली कानुनलाई प्रतिस्थापन गर्ने, आपसी विश्वास र परामर्शमार्फत द्वन्द्व एवं टकराव निमिट्यान्न पार्ने र गुटबन्दी गरेका मुलुकबीचको टकराव रोक्न खुलापन र समावेशिता अपनाउने चारबुँदे प्रस्ताव अघि सारेका थिए । लीले ताइवान, साउथ चाइना सी र चीन-अमेरिका सम्बन्धमा चीनको अडान दोहोऱ्याएका थिए र राष्ट्रिय हित एवं एकताको रक्षा गर्न चीनको दृढ इच्छा र दृढ संकल्प रहेको पनि व्यक्त गरेका थिए ।

लीको मन्तव्यको समयमा बैठकस्थल मात्रै नभई भवनको करिडोर पनि खचाखच भरिएका थिए । भाषण सकिएपछि बैठकस्थलमा तालीको गडगडाहट सुनिएको थियो, जुन अन्य वक्ताको भाषणमा सुनिएको थिएन । भाषणमा विभिन्न मुलुकका प्रतिनिधिबाट आएका प्रतिक्रियाले तालीको गडगडाहटलाई प्रतिध्वनित गर्थ्यो । सांग्रिला डाइलगका आयोजकमध्येको एक 'इन्टरनेसनल इन्स्टिच्युट फर स्ट्राटेजिक स्टडिज'का धेरै अनुसन्धानकर्ताले लीको भाषणको सकारात्मक मूल्यांकन गर्दै उनको भाषणले चीनको दृढ सिद्धान्त र अडानलाई स्पष्ट पार्नुका साथै अन्य प्रमुख शक्ति राष्ट्रसँग संवाद कायम राख्ने उसको इमानदार प्रयास र इच्छा स्पष्ट पारेको बताएका थिए । इन्डोनेसियाका पूर्वउपपरराष्ट्रमन्त्रीले पनि एक अन्तर्वार्तामा लीको मन्तव्य उपयोगी भएको औंल्याएका थिए र यस क्षेत्रको सुरक्षा सुदृढ गर्न इन्डोनेसिया चीनसँग सहकार्य गर्न तयार रहेको विश्वास व्यक्त गरेका थिए ।

यही वर्ष रक्षामन्त्री भएका लीले पहिलोपटक सांग्रिला डाइलगमा भाग लिएका छन् र उनले चीनको 'ग्लोबल सेक्युरिटी इनिसिएटिभ कन्सेप्ट पेपर' फेब्रुअरीमा जारी भएपछि यसबारे पहिलोपटक पूर्ण प्रस्तुति पनि गरेका छन् । 'पहिलो प्रस्तुति' हरेक दृष्टिकोणबाट निःसन्देह सफल थियो । चीनले सांग्रिला डाइलगलाई सुरक्षाका विषयमा छलफल गर्ने र सबै पक्षसँग समान आधारमा संवाद गर्ने मञ्चका रूपमा इमानदारीपूर्वक लिएको छ र चीनले एसिया-प्रशान्त क्षेत्रमा शान्ति, समृद्धि र स्थायित्वका लागि वार्ता, सहयोग र समाधान खोजिरहेको छ ।



तस्बिर : रोस्लान रहमान/एएफपी

अमेरिका र पश्चिमा मुलुकले सांग्रिला डाइलगलाई सधैं आफ्नो घरेलु मैदानका रूपमा लिने गर्छन् । डाइलगमा प्रस्तुत हुने मत र विचार धेरै हदसम्म अमेरिका र पश्चिमा मुलुकतर्फ झुकाव राख्छन् । यद्यपि यो वर्षको डाइलगमा उल्लेखनीय परिवर्तन देखिएको छ अर्थात् पक्षधरताको आक्रामक अडान घटेका छन् र वास्तविक चासोमा छलफल बढेको छ । इन्डोनेसिया र फिलिपिन्सजस्ता दक्षिणपूर्वी एसियाली देशका प्रतिनिधिले आफ्ना भाषणमा युद्ध र द्वन्द्वबारे चिन्ता व्यक्त गरेका थिए ।

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले दुई ठूला शक्तिबीचको युद्ध 'अपरिहार्य' नरहेको र अस्ट्रेलियाका रक्षामन्त्री रिचर्ड मार्लेसले अमेरिकाका साझेदारले पनि चीनसँग उत्पादनशील सम्बन्ध बनाउन सक्ने बताएका छन् । यसले क्षेत्रीय राष्ट्रले अलगाव र द्वन्द्वको वास्तविक जोखिम बढ्दै जाँदा अनिवार्य रूपमा सामूहिक सतर्कता र विरोधको अभ्यास गर्नेछन् भन्ने स्पष्ट पार्छ ।

यो पृष्ठभूमिमा अमेरिकी रक्षामन्त्री लोयड अस्टिनको भाषण अलिकति कम चर्को देखिएको थियो । चीनलाई खतराका रूपमा चित्रण गर्ने प्रवृत्तिका अतिरिक्त अस्टिनले ताइवान क्षेत्रमा द्वन्द्व 'न त छ, न हुनेवाला छ' भनेका छन्, जसलाई अमेरिकामा 'ताइवान क्षेत्रमा द्वन्द्व' हुने विभिन्न आकलनको सूक्ष्म जवाफका रूपमा लिइएको छ ।

अस्टिनको अभिव्यक्ति वास्तवमा वासिंटनको चीनलाई दबाउने र नियन्त्रण गर्ने नीतिलाई नरम र सजावटी ढंगले छोप्ने रणनीति हो । हालका दिनमा वास्तवमा एसिया-प्रशान्त क्षेत्रमा द्वन्द्व भड्काउने गतिविधि रोक लाग्नुको सट्टा तीव्र भएको छ ।


सारमा हेर्दा चीन र अमेरिकाका रक्षा प्रमुखले सांग्रिला डाइलगमा गरेका भाषणले विश्वव्यापी सुरक्षा दृष्टिकोणका दुई फरक मार्गलाई प्रस्तुत गरेको छ । पहिलो 'ग्लोबल सेक्युरिटी इनिसिएटिभ' हो र अर्को 'अ सेयर्ड भिजन फर द इन्डो-प्यासिफिक' हो । यी दुवै मार्ग उस्तै सुनिए पनि यिनले भिन्न सुरक्षा अवधारणा व्यक्त गर्छन् । पहिलोले पारस्परिक सम्मान, निष्पक्षता एवं न्याय, पारस्परिक विश्वास एवं परामर्श, खुलापन र समावेशिताको प्रवर्द्धन गर्छ भने दोस्रोले वर्चस्व, जंगली कानुन, टकराव र शिविर मोर्चाको प्रवर्द्धन गर्छ । वास्तवमा एक पक्षले साझेदारीको आह्वान गर्छ भने अर्को पक्षले सैन्य गठबन्धनको वकालत गर्छ । राम्रो-नराम्रो भनेर निर्णय गर्न गाह्रो छैन किनभने के सही हो र के गलत हो भन्ने सबैलाई स्पष्ट छ ।

रक्षामन्त्री लीले आफ्नो सम्बोधनमा जनवादी गणतन्त्र चीनको स्थापना भएको ७० वर्षभन्दा लामो समयदेखि मुलुकले कहिल्यै द्वन्द्व नभड्काएको, एक इन्च पनि विदेशी भूमि कब्जा नगरेको र छद्म युद्ध नछेडेको बताएका छन् । प्रमुख मुलुकमाझ चीनको छवि सबैभन्दा बढी शान्तिप्रिय छ । चिनियाँ आधुनिकीकरण, साझा विकासको प्रवर्द्धन, विश्वमा शान्ति कायम राख्ने कार्य र विश्वव्यापी शासन व्यवस्थामा हुने सुधार एउटै मार्गमा सँगसँगै हिँडिरहेको छ । सांग्रिला डाइलगमा चिनियाँ पक्षको भाषणले विभिन्न देशका प्रतिनिधिबाट ताली पाउनुको मूल कारण भनेको प्रतिनिधिले चीनले आफ्नो भनाइ र गराइमा कुनै भिन्नता नराखेको देखेका हुनाले हो ।

(ग्लोबल टाइम्सको ४ जुनको सम्पादकीय)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

विज्ञ भन्छन्- एलियन हाम्रै वरिपरि छन्



एलियन मानिसका लागि खतरा नभएको क्यालिफोर्नियाको स्ट्यानफोर्ड युनिभर्सिटीका प्राध्यापक डा. ग्यारी नोलनको भनाइ

क्यालिफोर्नियाको स्ट्यानफोर्ड युनिभर्सिटीका एक प्राध्यापकले एलियन पृथ्वीमा रहेको दाबी गरेका छन् । अमेरिकाको म्यानहट्टनमा हालै भएको एक सम्मेलनमा डा. ग्यारी नोलनले यस्तो दाबी गरेका हुन् । उनका अनुसार बाह्य ग्रहका जीव विगतमा पृथ्वीमा आएका छन् र अहिले पनि हाम्रो ग्रहमा उनीहरूको निरन्तर उपस्थिति छ ।

डा. नोलनका अनुसार वास्तविक प्रकृति नबुझी मानिसको यी प्रजातिसँग अचानक जम्काभेट भएको हुन सक्छ । मानिसको भेषमा हामीबीच घुलमिल हुनुको सट्टा यी बौद्धिक जीव- स्वरूपले प्रायः मध्यस्थकर्ता वा केही परिष्कृत बौद्धिकता प्रयोग गर्नेछन् भन्ने उनको विश्वास छ । एलियनहरू मानिसका लागि खतरा हुन् भन्नेबारे आफूलाई कुनै डर नभएको उनको भनाइ छ ।

पृथ्वीमा छोडिएको कुनै पनि विदेशी प्रविधिबाट मानिसले कसरी लाभ उठाउन सक्छ भनेर पत्ता लगाउने कुरामा जोड दिँदै उनले बाह्य आक्रमण वा अपहरणको अवधारणालाई अस्वीकार गरे ।

यसबाहेक नोलन अमेरिकी गुप्तचर निकाय (सिआइए)को अनुसन्धान परियोजनामा संलग्न भएको बताउँछन्, जहाँ कथित रूपमा आकाशमा उडेका अज्ञात वस्तु (युएफओ)हरू देखिएका क्षेत्रमा संकलन गरिएका वस्तुको अनुसन्धान पनि समावेश छ । उनी रिभर्स इन्जिनियरिङ युएफओ टेक्नोलोजीमा लक्षित गोप्य कार्यक्रममा काम गरिसकेका वा अहिले गरिरहेका मानिससँग सम्पर्कमा रहेकोसमेत दाबी गर्छन् ।

सिआइएसँग संलग्न हुँदा उनले रहस्यमय हवाई घटनाका कारण हुने चिकित्सा कठिनाइको अनुसन्धान गर्न आफ्नो कौशल प्रयोग गरेका थिए । उनले बिरामीका लक्षण र 'हभाना सिन्ड्रोम' भनेर चिनिने रोगबीचको समानतामा जोड दिए, जुन मूल रूपमा सन् २०१६ मा क्युबामा पहिचान गरिएको थियो र यसले विदेशमा रहेका धेरै अमेरिकी अधिकारी र सैन्य कर्मचारीलाई असर गरेको थियो ।


कार्यक्रममा नोलन र न्यायाधिवक्ता ड्यानियल सिहानले एलियनबारे केही सुराकीले हालै अमेरिकी विधायिकासँग कुरा गरेको बताएका थिए । सुराकीहरूले रोसवेल घटना (सन् १९४७ मा रोजवेल आर्मी हवाई मैदानमा सेनाले फेला पारेको एउटा सैन्य बेलुनबाट निस्किएका धातु तथा रबरका फोहरको अध्ययन)मा संलग्न भएको दाबी गरे, जसमा दुर्घटनाग्रस्त युएफओको पुनः प्राप्ति र तिनीहरूको परिष्कृत प्रविधिको अध्ययन तथा पुनः उत्पादन गर्ने प्रयास समावेश थियो ।

युएफओबारे अमेरिकी धारणा

युएफओसँग सम्बन्धित विषयमा बढेको चासोको जवाफमा राष्ट्रपति जो बाइडेनले गत वर्ष पेन्टागनलाई कुनै पनि अज्ञात युएफओ कार्यक्रममा उच्चपदस्थ सिनेटरलाई गोप्य प्रतिवेदन पठाउन आवश्यक पर्ने कानुनमा हस्ताक्षर गरेका थिए । यस्तै, कार्यक्रममा भाग लिएका सुराकीबारे गोप्य राख्न संसद्ले कानुन पनि पारित गरेको थियो ।

-एजेन्सी

रेडियो स्टेसन ह्याक गरेर पुटिनको नक्कली सन्देश प्रसारण




मस्को/ रुसका थुप्रै रेडियो स्टेसन ह्याक गरिएका छन् । रेडियो ह्याक भएसँगै युक्रेनसँग सीमा जोडिएका क्षेत्रमा राष्ट्रपति भ्लादिमिर पुटिनको नक्कली भाषण प्रसारण गरिएको थियो । दक्षिण-पश्चिमी बेल्गोरोड क्षेत्रमा गरिएको घुसपैठ प्रयास र तीव्र गोलाबारीबीच ह्याकिङ भएको हो । नक्कली सन्देश विभिन्न सामाजिक सञ्जालमा पनि प्रसारण भएको थियो ।

रुसी राष्ट्रपति पुटिनको आवाजसँग मिल्दोजुल्दो उक्त सन्देशमार्फत बेल्गोरोड क्षेत्रमा मार्सल ल, सेना परिचालनको घोषणा र नागरिकलाई सुरक्षित क्षेत्रमा जान अनुरोध गरिएको छ । 'यो वास्तवमै ह्याक थियो,' क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले भने ।

बेल्गोरोड क्षेत्रीय प्रशासनिक केन्द्रले सन्देश 'नक्कली' भएको जनाएको छ । ह्याकिङको उद्देश्य 'शान्तिपूर्ण बेलगोरोडका बासिन्दामा त्रास छर्ने' केन्द्रित रहेको बुझिएको छ । एमआरआई रेडियो स्टेसनले ह्याकिङलाई 'पूर्ण नक्कली र उत्तेजक' भनेको छ, जुन करिब ४० मिनेटसम्म प्रसारित भएको थियो ।

इतिहासमा आज

जुन ६



सन् १९८२ : इजरायली फौजद्वारा लेबनानमाथि हमला । जुन ३ मा लन्डनमा इजरायली राजदूत स्लोमो आर्गोभमाथिको हमलापछि लेबनान युद्ध भड्किएको थियो । तीन वर्षसम्म चलेको युद्धका क्रममा हजारौँ सर्वसाधारणको मृत्यु भयो ।

सन् १९४६ : अमेरिकाको राष्ट्रिय बास्केटबल संघ (एनबिए) स्थापना । अमेरिका र क्यानडाका टिम समावेश रहेको एनबिएलाई विश्वकै प्रमुख पुरुष व्यावसायिक बास्केटबल लिग मानिन्छ ।

सन् १९४४ : फ्रान्सको नर्मन्डीमा एक लाख ६० हजार सहयोगी सैनिकको अवतरण । यसले पश्चिममा जर्मनविरुद्ध नयाँ प्रमुख मोर्चा स्थापना गऱ्यो र सोभियत सेनालाई पूर्वमा धेरै जर्मन सेनाको सामना गर्न मद्दत गऱ्यो । जर्मनीले ७ मे १९४५ मा आत्मसमर्पण गरेको थियो ।

सन् १९४१ : अमेरिकी सरकारद्वारा अमेरिकी बन्दरगाहमा विदेशी जहाज जफत गर्ने अधिकार प्रदान ।

सन् १९३० : पहिलोपटक चिस्याइएका खानेकुरा व्यावसायिक रूपमा बिक्री सुरु ।

हवाई उद्योगले चार अर्ब ३५ करोडलाई सेवा दिने

न्युयोर्क/ विश्वभरका विमान कम्पनीले सन् २०२३ मा ४.३५ अर्ब यात्रुलाई उडान सेवा दिने प्रक्षेपण अन्तर्राष्ट्रिय हवाई यातायात संघले (आइएटिए) ले गरेको छ । यो संख्या सन् २०१९ को रेकर्डको नजिक पुगेको छ । कोभिड महामारीबाट विश्व समुदाय बिस्तारै सामान्य अवस्थामा फर्किएको र यसको लाभ विश्वभरिका उडान सेवाले लिने आइएटिएले सोमबार बताएको हो ।

आइएटिएका अनुसार सन् २०२३ मा खुद मुनाफा ९.८ अर्ब अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ वा अघिल्लो अनुमानको दोब्बर हुनेछ । विश्व समुदायसँगै कोभिडबाट बढी प्रभावित मुलुकमध्येको एक राष्ट्र चीनले पनि कोभिड प्रतिबन्धको अन्त्य गरेपछि खुद मुनाफा अनुमानभन्दा बढी अर्थात् दोब्बर पुग्ने प्रक्षेपण गरिएको हो ।

'सन् २०२३ मा एयरलाइन्सको वित्तीय प्रदर्शनले अपेक्षालाई पराजित गरिरहेको छ,' आइएटिएका महानिर्देशक विली वाल्सले इस्तानबुलमा संगठनको वार्षिक साधारण सभालाई सम्बोधन गर्दै भने ।

विश्व संक्षेप

दुर्घटनाको ५१ घन्टापछि रेल सेवा पुनः सञ्चालन

नयाँदिल्ली/ भारतमा शुक्रबार राति २७५ जनाको मृत्यु हुने गरी भएको रेल दुर्घटना सिग्नल प्रणालीसँग जोडिएको समस्याका कारण भएको बताइएको छ । रेल मन्त्रालयले रेल दुर्घटना भएको ५१ घन्टापछि कोइला लोड गरिएको मालबाहक रेल लिकमा गुडेसँगै सेवा पुनः सञ्चालनमा आएको हो । बालासोरबाट सोमबारदेखि यात्रु र मालवाहक रेलहरू पुनः सेवामा फर्किएको अधिकारीले बताएका छन् । भारतको पूर्वी राज्य उडिसाको बालासोरनजिकै भएको दुर्घटनामा २७५ जनाको मृत्यु हुनुका साथै सयौँ घाइते भएका थिए ।

छात्रासहित ८७ अफगानीलाई विष खुवाइएको पुष्टि

काबुल/ अफगानिस्तानको एक ग्रामीण क्षेत्रमा दर्जनौँ छात्रासहित ८७ जनालाई विष खुवाइएको स्थानीय प्रशासनले जनाएको छ । अफगानिस्तानको उत्तरी सार-ए-पोल प्रान्तको सञ्चारक जिल्लामा आइतबार एक प्राथमिक विद्यालयका दर्जनौँ छात्रासहित ८७ जनालाई विष खुवाइएको प्रान्तीय सूचना तथा संस्कृति निर्देशक मुफ्ती अमिर सारिपुलितले सोमबार जानकारी दिए । सरिपुलितले भने, 'सञ्चारक जिल्लाको काबोद अब क्षेत्रमा रहेको फैजाबाद छात्रा विद्यालयका ७७ जना विद्यार्थी, सात शिक्षक, पाँच अभिभावक र एकजना कर्मचारीलाई विष खुवाइएको खुलेको छ । उनीहरूको अवस्था स्थिर छ ।' घटनाबारे अनुसन्धान सुरु गरिएको छ ।

भुल-सुधार

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय सुर्खेतको मिति २०८०/०२/०९ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशीत १५ दिने धितो लिलाम सुचनामा बोलपत्र खोलिने मिति २०८०/०२/२४ गते बुधबार र १५ औं दिन अर्थात २०८०/०२/२३ गते हुनुपर्नेमा भएकोले सच्याईएको छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय सुर्खेत फोन नं. ०८३-५२१२५६

हकदावीको सूचना

गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.२ बस्ने श्री हरी प्रसाद शेरचनको नातीनी, श्री बुद्धिमान शेरचनको छोरी, श्री सरस्वती शेरचनको मिति वि.सं.२०७९/०८/१७ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैकमा रहेको बचत खाता नं.१९२०५०८००४३६०१ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पांउ भनि निजको बहिनी छुमा शेरचनले आवश्यक कागजात सहित यस बैकमा निवेदन दिनु भएको हुंदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ८१ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय
चिप्लेढुङ्गा, पोखरा
फोन नं:- ०६१- ५७८००१
५७८००२

हकदावीको सूचना

सोलुखुम्बु जिल्ला, खुम्जुङ गा.वि.स वडा नं. ९ स्थायी ठेगाना भई ऐ.ऐ बस्ने निमा रीता शेर्पाको नातीनी, पासाङ गेल्जेन शेर्पाको छोरी, पासाङ दावा शेर्पाको श्रीमती आङ सोना शेर्पाको मिति २०८०/०१/१८ गतेका दिन असामाहीक निधन भएकोले निजको नाममा त्यस बैंकमा रहेको खाता नं. ०२७०५०८०२५१३८९ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निज श्रीमती आङ सोना शेर्पाको श्रीमान पासाङ दावा शेर्पाले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुंदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ८१ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
प्रधान कार्यालय
दरबारमार्ग, काठमाण्डौं
फोन नं:- ४२४२५३०
४२२८२२९
फ्याक्स :- ४२२६३४९
४२२८९२७
शाखा कार्यालय लुक्ला
फोन नं :- ०३८-५५०१२०

कुमारी बैंक लिमिटेड शाखा कार्यालय बेलौरी, कञ्चनपुरको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०२/२३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय बेलौरी, कञ्चनपुरबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० जेठ ३० गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय बेलौरी, कञ्चनपुरमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

१. **ऋणीको विवरण:**
प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, कञ्चनपुरमा मिति २०७१/०९/०१ मा प्रा.फ.र.नं. ३६५/०७१/०७२ (स्था.व्या.) कायम भई दर्ता रहेको कञ्चनपुर जिल्ला, पुर्नवास न.पा. वडा नं.१५ स्थित रजिष्टर्ड कार्यालय रहेको **कामना पोल्ट्री सप्लायर्स** (प्रोप्राईटर वलविर चौधरी/खिद्या चौधरीको नाति, सुखराम चौधरी/बिध्या चौधरीको छोरा, मिना देवी चौधरीको पति, कञ्चनपुर जिल्ला, देखतभुली गा.वि.स. वडा नं.०१ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुर्नवास न.पा. वडा नं.०१ बस्ने **राजु चौधरी**, ना.प्र.नं. ७५२००६/७२७, जारी मिति २०६३/११/२३, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. भगराम चौधरीको नाति, वलविर चौधरी/खिद्या चौधरीको छोरा, विध्या चौधरीको पति, कञ्चनपुर जिल्ला, देखतभुली गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुर्नवास न.पा. वडा नं.१ बस्ने **सुखराम चौधरी** (ना.प्र.नं. १९९/११४, जारी मिति २०४६/०२/१९, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर) ।
२. अंगे वुढा/भाना वुढाको नातिनी, भीम वुढा/भागी देवी वुढाको छोरी, सुखराम चौधरी/विध्या चौधरीको बुहारी, राजु चौधरीको पत्नी, कञ्चनपुर जिल्ला, पुर्नवास न.पा. वडा नं.१ (साबिक कालिका गा.वि.स. वडा नं.६) बस्ने **मिना देवी चौधरी** (ना.प्र.नं. ७५२००२/१५०५, जारी मिति २०६९/०१/०८, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर) ।
३. खुसीराम चौधरी/भुरी चौधरीको छोरी, वलविर चौधरी/खिद्या चौधरीको बुहारी, सुखराम चौधरीको पत्नी, कञ्चनपुर जिल्ला, देखतभुली गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुर्नवास न.पा., वडा नं. ०१ बस्ने **बिध्या चौधरी** (ना.प्र.नं. २७७/११५, जारी मिति २०४६/०२/१९, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर) ।
४. वलविर चौधरी/खिद्या चौधरीको नाति, सुखराम चौधरी/बिध्या चौधरीको छोरा, बिपना चौधरीको पति, कञ्चनपुर जिल्ला, देखतभुली गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुर्नवास न.पा., वडा नं. ०१ बस्ने **कमल बहादुर चौधरी** (ना.प्र.नं. ५४४३३१४००, जारी मिति २०५२/०२/२९, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर) ।
५. मीन बहादुर डगौरा/भौनी डगौराको छोरी, सुखराम चौधरी/बिध्या चौधरीका बुहारी, कमल बहादुर चौधरीको पत्नी, कञ्चनपुर जिल्ला, पुर्नवास न.पा., वडा नं. ०१, बस्ने **बिपना चौधरी** (ना.प्र.नं. ७५२०२२/७८१२, जारी मिति २०७३/१०/२३, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर) ।

लिलाम हुने सम्पत्तिको विवरण:
१. **सुखराम चौधरी**को नाममा मालपोत कार्यालय कञ्चनपुरमा दर्ता कायम रहेको साबिक कञ्चनपुर जिल्ला, कालिका गा.वि.स. वडा नं.०६ (हाल कञ्चनपुर जिल्ला, पुर्नवास न.पा. वडा नं. ०१) स्थित कित्ता नं. १९०५ को क्षेत्रफल ३५२५ (व.मी.) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **मिना देवी चौधरी**को नाममा मालपोत कार्यालय कञ्चनपुरमा दर्ता कायम रहेको साबिक कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं.०९ (हाल कञ्चनपुर जिल्ला, पुर्नवास न.पा. वडा नं. ०८) स्थित कित्ता नं. १०३६ को क्षेत्रफल ४५५० (व.मी.) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

२. **ऋणीको विवरण:**
प्रसादे साउद/नरपति साउद नाति, भानसिह साउद/नामसरी देवी साउदको छोरा, ललिता पन्तको पति, कञ्चनपुर जिल्ला, पुर्नवास न.पा. वडा नं. ०१ महेन्द्रबस्ती (साबिक कञ्चनपुर जिल्ला, कालिका गा.वि.स. वडा नं. ६) बस्ने **सिद्ध बहादुर साउद** (ना.प्र.नं. १६७१६८, जारी मिति २०६२/०२/२२, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. धन बहादुर साउद/रामकला साउदको नाति, प्रसादे साउद/नरपति साउदको छोरा, ललिता पन्तको पति, कञ्चनपुर जिल्ला, झलारी गा.वि.स. वडा नं.४ स्थायी ठेगाना भई हाल पुर्नवास न.पा. वडा नं.०१ महेन्द्रबस्ती बस्ने **भानसिह साउद** (ना.प्र.नं. ४०६४११२७, जारी मिति २०३९/१०/११, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर) ।
२. लक्ष्मी दत्त पन्त/दिला पन्तको नातिनी, गणेश राज पन्त/विस्ना देवी पन्तको छोरी, सिद्ध बहादुर साउदको पत्नी, कञ्चनपुर जिल्ला, पुर्नवास न.पा. वडा नं.१ महेन्द्रबस्ती (साबिक कञ्चनपुर जिल्ला, कालिका गा.वि.स., वडा नं.८) बस्ने **ललिता पन्त** (ना.प्र.नं. ७५२००२/ ५७३, जारी मिति २०६६/१०/२४, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर) ।
३. गगें खत्री/सिता खत्रीको नातिनी, मोतीराम खत्री/जमुना खत्रीको छोरी, प्रशादे साउद/नरमी साउदको बुहारी, भान सिंह साउदको पत्नी, कञ्चनपुर जिल्ला, कालिका गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल कंञ्चनपुर जिल्ला, पुर्नवास न.पा., वडा नं. ०१ बस्ने **नामसरी देवी साउद** (ना.प्र.नं. १३२१/९६१, जारी मिति २०४६/०२/२४, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर) ।

लिलाम हुने सम्पत्तिको विवरण:
१. **भान सिह साउद**को नाममा मालपोत कार्यालय, कञ्चनपुरमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, कालिका गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. २१ र २४ को क्षेत्रफल क्रमशः ३३९५ र ३२९५ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. धनि कुमारी बैक लि. र ऋणी **सिद्ध बहादुर साउद** कायम भई महाकाली अञ्चल यातायात व्यवस्था कार्यालय महेन्द्रनगरमा दर्ता कायम रहेको चे.नं. JFNNY6575DDN, ई.नं. NJE5GFE0408, सवारी नं. म १ त ११६१, सवारी मोडल YUVO 575DI, 2018 को गाडी थान १ ।

शर्तबन्देजहरु:
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौँ) दिन अर्थात २०८० जेठ २९ गते** भित्र बैंकको शाखा कार्यालय बेलौरी, कञ्चनपुरमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय बेलौरी, कञ्चनपुरबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौँ) दिन अर्थात २०८० जेठ ३० गते ३:००** (**तिन**) बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय बेलौरी, कञ्चनपुरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय बेलौरी, कञ्चनपुरमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० जेठ ३० गते मंगलबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय बेलौरी, कञ्चनपुर फोन नं. ०९९-५८००९९

बाँदरले बिथोलेको ग्रामीण अर्थतन्त्र

बाँदरले ग्रामीण तहमा कृषिकर्म गर्नेलाई हैरान बनाएपछि बसाइँसराइ या खेतीपाती छाडेर अरू नै काम गर्नुपर्ने अवस्था सिर्जना भएको छ



अर्थ संवाद

● दीपक थापा

डेढ दशकअघि प्राविधिक तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)बाट सम्बन्धनप्राप्त क्यासकेड विधिमा आधारित तालिम प्रशिक्षक तालिमताका समुदायमा छलफलका माध्यमबाट मुख्य समस्या पहिचान गरी समाधानको उपायसहित शोधपत्र प्रस्तुत गर्नु थियो । जब समुदायमा छलफल सुरु गरियो, तब सबैले बाँदरको समस्या प्रमुख देखाउँदा यसको समाधानको ठोस उपाय निकाल्न नसक्दा अर्कै विषयमा प्रवेश गर्नुपर्ने बाध्यता भयो । त्यसको लगभग १९ वर्षपछि पुग्दा पनि सो ठाउँमा पुग्दा ती समस्या ज्युँकात्युँ रहेको र बढ्दो बाँदर आतंकले कतिपयले बसाइँ सरेको र कृषिकर्म छोडी अन्य काममा लागेको पाइयो । बादँरले साँच्चि नै दुःख दिँदा कृषिकर्मबाट जीविका धान्न समस्या भएको थियो । बाँदरले किसानले दुःख गरेर लगाएको अन्नबाली फलफूल सबै नष्ट गरेर घरमा समेत विनाश गरेको समस्या दिनप्रतिदिन बढ्दै गएको गुनासो उहाँहरूको थियो ।

बाँदरले ग्रामीण अर्थतन्त्रसहित समग्र अर्थतन्त्रमा खडा गरेको चुनौती : नेपालमा लगभग ६० प्रतिशत जनसंख्या कृषिमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले आश्रित रहेको पाइन्छ । विडम्बना, यसबाट उत्पादन लागतको तुलनामा प्रतिफल अत्यन्त कम रहेका कारण कृषि पेसामा नयाँ पुस्ताको आकर्षण अत्यन्तै कम छ । कृषिमा आश्रित जनसंख्या ६० प्रतिशतको अनुपातमा रहे पनि त्यसको कुल ग्रार्हस्थ्य उत्पादनमा योगदानको मात्रा भने बर्सेनि घट्दै गएको पाइन्छ ।

कृषिमा व्यवसायीकरण नहुनु, प्रविधि, रासायनिक मल तथा उन्नत बिउ तथा बजारको अभाव आदि चुनौतीलाई मुख्य रूपमा औंल्याइएको छ । तर, ग्रामीण तहमा भने योभन्दा चर्को समस्या बाँदरको छ । बाँदरले ग्रामीण तहमा कृषिकर्म गरिरहेकालाई जीविकोपार्जन गर्न ठूलो समस्या पारेको छ । कृषि व्यावसायिक पेसाका रूपमा नभई बाध्यतात्मक पेसा बनेको छ । यसबाट कि त बसाइँसराइ गर्नुपर्ने, कि खेती छाडेर अरू काम गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

जनगणना २०७८ को नतिजा हेर्दा ग्रामीण जनसंख्याको ठूलो अंश घटी सहरको जनसंख्या बढ्नुमा बाँदर पनि एक कारण रहेको छ । हालै प्रकाशित आर्थिक सर्वेक्षण ०७९/८० अनुसार आव ०७५/७६ र आव ०७८/७९ को तथ्यांक तुलना गर्दा बैंक तथा वित्तीय संस्थाको कृषिमा १०० प्रतिशत बढी ऋण लगानी वृद्धि, कृषिमा अनुदानलगायत धेरै किसिमका कार्यक्रम भए पनि कृषिजन्य वस्तुको पैठारी (आयात) भने १६० प्रतिशतले बढेको छ । उत्पादशील भूमि हाल बाँझो हुने क्रम बढेको छ । जसका कारण उत्पादन कम भएर खाद्यान्नको आयातका साथसाथै व्यापार घाटासमेत बढेको छ । यस्तै विदेशी मुद्रा सञ्चिति पनि घटेको छ, जसले गर्दा अर्थतन्त्र नराम्ररी प्रभावित भएको छ ।

नेपालमा जसरी माओवादी द्वन्द्वकालमा ग्रामीण भेगबाट सहरी क्षेत्रमा बसोवास सर्नेको संख्या उल्लेख्य बढेको थियो, त्यसैगरी बाँदरका कारणले कृषिकर्मबाट विस्थापित भई सहरी क्षेत्रमा बसोवास गर्नेको संख्या पनि उल्लेख्य बढेको छ । देशका सबै भेगका किसान बाँदरले खेतीपातीमा गरेको नोक्सानबाट अत्यन्त प्रभावित छन् ।

बाँदरसम्बन्धी कानुनी व्यवस्था : नेपालको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन-२०२९ (पाँचौं संशोधन २०७३) अन्तर्गत दफा १० मा संरक्षित वन्यजन्तुको बारेमा उल्लेख गरिएको छ । सोही ऐनको अनुसूची १ मा दफा १० अनुसार आसामी रातो बाँदरलाई संरक्षित जनावरको सूचीमा राखिएको छ । अनुसूचीमा उल्लेख भएका जनावरको सिकार गर्न पाइँदैन । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन-२०२९ अनुसार मान्छे वा पशुपन्छीलाई नोक्सान गर्ने अवस्थामा मात्र तोकिएको अधिकारीको आदेशले पक्रन वा मार्न पाइन्छ । यस ऐनमा वन्यजन्तुबाट कृषिबाली तथा उपज कृषि उद्योगको नोक्सानको विषयमा नोक्सान गर्ने जन्तुको समाधानको बारेमा स्पष्ट केही उल्लेख भएको छैन । सोही ऐनको दफा २६ मा दण्ड सजायअन्तर्गत गैरकानुनी तरिकाले संरक्षित जनावरको आखेटोपहार राख्ने खरिद-बिक्री गर्ने तथा ओसारपसार गर्ने व्यक्तिलाई पाँच लाखदेखि १० लाखसम्म जरिवाना वा ५ देखि २५ वर्षसम्म कैद वा दुवै हुने कुरा उल्लेख रहेकाले स्थानीय कृषक बाँदरलाई केही गर्न सक्ने अवस्थामा छैनन् । नेपालले हस्ताक्षर गरेको दुर्लभ वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय महासन्धि साइटिस महासन्धिको अनुसूची १ मा संकट उत्पन्न जन्तुको सूचीमा बाँदर पनि परेका कारणले यसलाई मार्नबाट बन्देज गरिएको छ ।

के बाँदरका फाइदा पनि छन् ?

१. पारिस्थितिक प्रणालीमा बाँदरले जंगलका फलफूल खाने हुनाले यत्रतत्र बिउ छराएर फैलाउन मद्दत गर्छ । फूलको परागसेचनमा मद्दत गर्छ ।

२. औषधि परीक्षण गर्न, केही नयाँ औषधि बजारमा ल्याउँदा त्यसको परीक्षण भने पहिला बाँदरमा गरिन्छ । यदि सो सफल भयो भने मात्र मानिसमा प्रयोग गरिन्छ ।

३. अनुसन्धानमूलक काम (औषधिबाहेक अन्य वैज्ञानिक अनुसन्धानमूलक काम)मा पनि यसको उपयोग गरिन्छ ।

४. सर्कस तथा चिडियाखानामा पनि यसको प्रयोग गरिन्छ ।

५. कतिपय मुलुकले यसलाई शिक्षण विधिका रूपमा पनि प्रयोग गरेको पाइन्छ ।

बाँदर साँच्चिकै समस्या हो त ? : मैले जुन समस्या ग्रामीण कृषकहरूको मुख्य समस्याको रूपमा २० वर्षअगाडि पत्ता लगाएको थिएँ, अहिले हेर्दा त त्यो झन् विकराल रूपमा बढेर गएको पाएँ । ०७८ को जनगणनाको परिणाममा ग्रामीण भेगको संख्या घट्नुमा त्यहाँका बासिन्दा, कृषकलाई बसाइँ सर्न बाध्य पार्ने कृषि पेसाप्रति वितृष्णा जगाउने यही नै कारक तत्त्व बनेको पाएको छु । हामीकहाँ अध्ययन अनुसन्धानको कमी छ । बाँदरलाई विभिन्न शोधको निम्ति प्रयोगशालामा प्रयोग गर्न ठुल्ठूला अनुसन्धान कम्पनी हामीकहाँ छैनन् । औषधि निर्माता पनि छैनन् । व्यावसायिक प्रयोजनका निम्ति यसको उपयोग खासै नभएको र अत्यधिक मात्रमा यसको संख्या बढेकाले ग्रामीण भेगका कृषकहरूको भने यो टाउको दुखाइको विषय बनेको छ । बाँदरले दिने दुःख जटिल समस्या बनेको छ ।

बाँदर नियन्त्रणसम्बन्धी भएका पहल : बाँदर नियन्त्रणसम्बन्धी नेपालमा पहल नभएका भने होइनन् । तर, कुनै पनि कदम प्रभावकारी हुन सकेनन् । नेपालको कानुनी प्रावधानले बाँदर, बँदेललगायतका वन्यजन्तुलाई संरक्षण गर्नुपर्छ भनेकाले उपयुक्त कदम चाल्न बाधा पुगेको देखिन्छ । बाँदरको सम्बन्धमा कुनै पनि निकाय संवेदनशील नहुँदा त्यसको प्रत्यक्ष प्रभाव भने सर्वसाधारण तथा ग्रामीण दूरदराजमा किसान तथा खेतिपाती पशुपालनमा आश्रित निम्नमध्यमवर्गमा परेको छ । यसले व्यापारी, प्रशासकीय वर्ग, नेता तथा उच्च नेतृत्वलाई प्रत्यक्ष असर नपरेको कारणले पनि यो प्रथामिकतामा नपरेको होला भन्ने धेरैको ठम्याइ छ । विदेशी वस्तु आयातमा रमाउनेहरूले कृषकको समस्यामा ध्यान दिने र समस्या समाधान गर्ने कुरामा कृषकले कुनै विश्वास गरेका छैनन् ।



> कृषिमा व्यवसायीकरण नहुनु, प्रविधि, रासायनिक मल तथा उन्नत बिउ तथा बजारको अभाव आदि चुनौतीलाई मुख्य रूपमा औंल्याइएको छ । तर, ग्रामीण तहमा भने योभन्दा चर्को समस्या बाँदरको छ ।

नेपालमा नयाँ संविधान जारी भएपश्चात् संघीयताको अभ्याससँगै केही स्थानीय निकायले बाँदरको समस्या समाधानका निम्ति बजेट विनियोजन पनि नगरेका भने होइनन् । तर, त्यो खर्च भए पनि विद्यमान कानुनको कारण कुनै पनि प्रभावकारी हुन सकेन ।

बाँदरलाइ तालिमप्राप्त मान्छे ल्याएर समात्न लगाउने, खोर बनाउने,बन्दुक पड्काउनेजस्ता काम गरे पनि त्यसले मानिसलाई उत्तिकै दुःख दिएको छ । महिला, वृद्धा, बालबलिकालाई आक्रमणसमेत गरेको पाइन्छ । कुनै प्रभावकारी उपाय हालसम्म पनि भेट्टाउन सकिएको छैन ।

ग्रामीण क्षेत्रमा बाँदरको प्रभाव कम गर्न सकिने केही उपाय

१. जंगलको नजिक खेतबारी छ भने त्यस्ता ठाउँमा अन्नबाली लगाउनुको सट्टा डालेघाँसका बिरुवा हुर्काउनेमा जोड दिई पशुपालनलाई अगाडि बढाउन सकिन्छ ।

२. खेतबारीमा यदि अनावश्यक बिरुवा उम्रेका रहेका छन् वा अग्ला रूख छन् भने त्यसलाई हटाउने र झाडी सफा गर्ने गर्नुपर्छ । कारण त्यसमा बाँदर लुक्न सक्ने, बस्ने सम्भावना हुन्छ ।

३. बाँदरले विनाश गर्न नसक्ने बाली लगाउने जस्तो- पिँडालु, खुर्सानी, कागती आदि ।

४. बाँदर समात्न तालिमप्राप्त मान्छे ल्याई घना जंगलमा लगेर छोड्ने ।

५. बाँदर भगाउन बन्दुक, बारुद, पटाका पड्काउने ।

६. तालिमप्राप्त कुकुर पाल्ने ।

७. सबै खेतबारीधनीले पालैपालो बाँदर लखेट्ने।

८. जग्गा खेतबारीको छेउमा मान्छेको पुत्ला वा बाँदर तर्सने जन्तुहरूको पुतला बनाइराख्ने ।

९० मोलासेस घाँस रोप्ने, जसको गन्धले र च्यापच्याप लाग्ने हुँदा बाँदर त्यो क्षेत्रमा आउन मन पराउँदैन ।

१०. समूहको एउटा बाँदरलाई समातेर विभिन्न रङ लगाई टाटेपांग्रे पारेर छोडिदिँदा अरु बाँदर तर्सेर भाग्छन् ।

११. बाँदर आउने ठाउँमा सिद्रा माछाको धुलो पोको पारेर राख्ने र बाँदर कौतूहल प्राणी पनि भएको र खोलेर हेर्दा त्यसको गन्धले फेरि सो ठाउँमा नआउने भनेर भन्ने गरिएको छ ।

तर, बाँदरको समस्याबाट दीर्घकालीन समाधानको उपाय के हुन सक्छ, यसतर्फ सबैले ध्यान दिनुपर्ने देखिन्छ । माथिका उपायमार्फत बाँदरको नकारात्मक प्रभावलाई कम गर्न सकिन्छ, तर अहिलेको प्रयोगले यो सबै क्षणिक मात्र भएको देखिएको छ । त्यसैले बाँदरसम्बन्धी बाध्यकारी कानुनलाई खारेज गरी वा उपयुक्त ढंगले संशोधन गरी त्यसतर्फ अविलम्ब कदम चाल्नुपर्ने देखिन्छ ।

अर्थ ज्ञान

'बाई ब्याक एग्रिमेन्ट' के हो ?



कुनै एक मुलुकको आयातकर्ताले अर्को मुलुकको निर्यातकर्तालाई आफूले चाहेको वस्तुको उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ विनामूल्यमा पठाई उक्त मालवस्तु तयार गर्दा लाग्ने खर्च र मुनाफा मात्र भुक्तानी गर्ने र उत्पादन आफैंले आयात गर्ने गरी आयातकर्ता र निर्यातकर्ताबीच गरिएको सम्झौता हो ।

यस प्रकारको सम्झौता नेपालमा तयारी पोसाक उद्योगले गर्ने गरेको छ । सम्झौताअन्तर्गत नेपालको तयारी पोसाक उद्योगले तयारी पोसाक बनाउनका निम्ति आवश्यक पर्ने कच्चा पदार्थ प्रतीतपत्रविना नै पैठारी गर्न पाउँछ, तर त्यस्तो कच्चा पदार्थ आयात गर्दा वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागबाट भने इजाजत लिनुपर्दछ । - *भन्सार विभाग*

बिजनेस @




डा. उत्तमबाबु श्रेष्ठ, वैज्ञानिक

हाललाई प्लास्टिकको बोतललाई होटेलका कोठाहरूबाट र रेस्टुरेन्टका टेबलहरूबाट विस्थापित गर्ने हो भने पनि कार्बन उत्सर्जन घट्ने र प्रदूषण पनि घट्ने हुन्छ । वर्षमा १००० प्लास्टिकका पानी बोतल प्रयोग हुँदा करिब ७०० किमि गाडी चलाउँदा भएको उत्सर्जन हुने रहेछ ।

डा. गोपीकुमार खनाल, विकास अर्थशास्त्री



प्रदेशहरू अब विकासमा करिडोर अवधारणामा अघि बढ्नुपर्छ । यसमा विकास कार्यक्रम गर्दा सडक वा नदी करिडोरको जनसंख्यालाई लक्षित गरी विकास एकाइ निर्धारण हुने गर्छ । नेपालमा जनसंख्याको ठूलो हिस्सा सडक वा नदीआसपासका करिडोरमा बस्ने गर्छन् । यस अवधारणाले लागत घटाई एकीकृत विकासको प्रवर्द्धन गर्छ ।



अनिल परियार, पत्रकार


विश्वको ४० प्रतिशत जनसंख्या ओगट्ने मुलुकहरू नेपालबाट मात्रै ५ देखि ६ घन्टाको हवाई दूरीमा छन् । तर दुर्भाग्य ! ती देशबाट पर्यटक ल्याउने र निर्यात क्षमता वृद्धि गर्ने योजना राज्यसँग छैन ।

सेयर बजार

२२ जेठ ०८०

नेप्से १,९०१.९९ ▼ -१७.३८ -०.९१%

कारोबार रकम	जम्मा सेयर
१,९७,३४,९१,१०७.३१	५६,२०,३८१



[अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ । प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं । email: arthapatrika@gmail.com]

आर्थिक मन्दी र युनिभर्सल बैंकिङ प्रणाली

युनिभर्सल बैंकिङ प्रणालीमा एउटै छानामुनि सम्पूर्ण वित्तीय सुविधा त पाइन्छ नै, बैंकको लागत पनि कम पर्न जान्छ



● भवनाथ प्याकुरेल

अहिले बैंकले पर्याप्त लगानी गर्न सकेका छैनन् । घरजग्गाको कारोबार सुस्ताएको छ । उद्योगीले आत्मदाह र आत्महत्या गर्ने क्रम चलिरहेको छ । व्यवसायीका यस्ता क्रियाकलापले नेपाल पनि आर्थिक मन्दीमा फसिसकेको संकेत गर्दछ ।

मन्दीको अर्थ सुस्त हुनु हो । अर्थविद्ले देशको अर्थव्यवस्थामा लगातार दुईतिहाइले जिडिपी ग्रोथ घट्नुलाई प्राविधिक रूपमा मन्दी भन्ने गरेका छन् । मन्दीमा न नागरिकसँग सामान किन्ने पैसा हुन्छ, न व्यवसायीसँग बेच्ने सामान । बैंकसँग सेवाग्राहीलाई दिन सक्ने पैसा हुँदैन । ऋण पाइहाले पनि त्यसको ब्याजदर चर्को हुन्छ । यस्तो वेला महँगी र बेरोजगारी तीव्र बढ्छ । मानिसहरूको आम्दानी कम हुन्छ । सेयरबजारमा लगातार गिरावट आउँछ । नेपालको अवस्था हेर्ने हो भने पनि बिस्तारै माथि उल्लेख गरेकै अवस्थामा जाँदै गरेको संकेत देखिन्छ । आर्थिक मन्दीमा जकडिएका देशको उदाहरण हेरेर आफूलाई सुधार्ने ठाउँ हुँदाहुँदै पनि नेपाल चुप लागेर बसेको देखिन्छ । यहाँ चर्चा गरिने विषय पनि अन्तर्राष्ट्रिय जगत्मा प्रयोगमा आइसकेको युनिभर्सल बैंकिङ प्रणालीबारे हो ।

के हो युनिभर्सल बैंक ? : एउटै छानामुनि सम्पूर्ण वित्तीय सेवा दिने बैंक नै युनिभर्सल बैंक हो । जसले वाणिज्य बैंक, विकास बैंक, फाइनान्स, लघुवित्त, मर्चेन्ट बैंक, बिमालगायत वित्तीय क्षेत्रले दिने सुविधा प्रदान गर्दछ । म्युचुअल फन्ड, फ्याक्टरिड, क्रेडिट कार्ड, आवास वित्त, सवारी कर्जा, अन्य साना कर्जा, सेयर कारोबारलगायत सुविधा दिन सक्ने ठूलो लगानी भएको वित्तीय संस्था नै युनिभर्सल बैंक हो । यसलाई वित्तीय सुपरमार्केट पनि भनिन्छ । सामान्यतया युनिभर्सल बैंक प्रायः ठूला बैंकद्वारा सञ्चालन हुन्छ । ती बैंकले विभिन्न कम्पनीलाई ठूलो परिमाणमा ऋण उपलब्ध गराउँदछन् । यसको परिणामस्वरूप बैंकका लगानीकर्ता पनि त्यस्ता कम्पनीको सुशासनलागयत विषयमा सहभागी हुने गर्छन् । बैंकको शाखा स्वदेश र विश्वभर सञ्चालन हुन्छन् ।

सन् २००८ मा संसारभर आर्थिक मन्दी आयो । त्यो वर्ष आर्थिक संकटले अमेरिका, युरोपजस्ता ठूला अर्थतन्त्र भएका देशसमेत गाँजिए । अमेरिकामा मात्रै ४ सयभन्दा बढी बैंक बन्द भए भने त्यहाँका जनताले महँगीको मार खेपे । त्यही संकटले युनिभर्सल बैंकको अवधारणा विकास गरायो । बैंक तथा वित्तविज्ञहरूले समाधानको बाटो खोज्दै जाँदा नयाँ अवधारणाको विकास युनिभर्सल बैंकिङ प्रणाली निकालेका थिए । साथै, अन्तर्राष्ट्रिय जगत्मा पुँजी, तरलतासम्बन्धी निमयन व्यवस्थापन तथा अतिरिक्त बजार पूर्वाधारमा सुधार गरेपछि वित्तीय क्षेत्रमा सुधार आएको थियो । बिस्तारै बैंकहरू परम्परागत अवधारणाभन्दा फरक तरिकाले युनिभर्सल बैंकतर्फ अग्रसर भए । यो विशेषगरी युरोपेली मुलुकबाट सुरु भएको प्रणाली हो ।

सामान्यतया युनिभर्सल बैंकका तीन मोडेल हुन्छन् । कम्प्लिट इन्टिग्रेसन प्यारेन्ट, प्यारेन्ट बैंक विथ नन-बैंक अपरेटिङ सब्सिडियरिज र होडिल्ङ कम्पनी प्यारेन्ट विथ नन-बैंक अफिसिएट्स । जर्मनीलगायत धेरै युरोपेली मुलुकले सीमित संस्थागत पृथकतासहितको नियमनकारी मान्यता भएको पहिलो मोडेल अवलम्बन गरेका छन् ।



> युनिभर्सल बैंकिङ प्रणालीअन्तर्गतको बैंक ठूलो हुने भएकाले सामान्य मन्दीमा पनि वित्तीय स्थायित्व कायम हुन्छ । अतः देशलाई आर्थिक मन्दीबाट माथि उठाउन यो प्रणाली लागू गर्नुपर्छ ।

भारतले दोस्रो प्रकारको संरचनात्मक मोडेल अवलम्बन गरेको छ भने अमेरिकाले तेस्रो प्रकारको युनिभर्सल बैंकिङ संरचनाको अभ्यास गरिरहेको छ । जसमा बैंक र गैरबैंक संस्थाले एउटै वित्तीय होल्डिङ कम्पनीअन्तर्गत काम गर्दछन् । भारतले सन् २००८ को वित्तीय संकटअघिसम्म युनिभर्सल बैंकिङलाई प्रोत्साहन गरेको भए तापनि त्यसपछि बजारलाई संकट र 'टु बिग टु फेल' अवधारणलाई ध्यानमा राखेर बैंकिङ व्यवसायले आफू परिचित नभएको र फाइदा नहुने क्षेत्रको व्यवसायमा हात हाल्न नहुने कुरामा ध्यान दिन थालेको छ । भारतमा आइसिआइसीआई बैंक र एसबिआई बैंकले मात्र युनिर्सल बैंकिङ अवलम्बन गरेका छन् ।

नेपालमा पनि केही समययता युनिभर्सल बैंकिङ प्रणालीबारे चर्चा हुन थालेको थियो । ०७४ साल २२ पुसमा मन्त्रिपरिषद्बाट स्वीकृत पाँचवर्षे वित्तीय क्षेत्र विकास रणनीतिले बैंकिङ प्रणालीलाई युनिभर्सल बैंकिङतर्फ अभिमुख गराउन उपयुक्त संरचनाको व्यवस्था गर्ने उल्लेख गरेको थियो । आर्थिक वर्ष ०७३/७४ देखि ०७७/७८ सम्मको योजना राखिएको यो रणनीतिअनुसार चार आर्थिक वर्षभित्रमा युनिभर्सल प्रणालीमा लगिसक्नुपर्ने छ । यसैगरी, युनिभर्सल बैंकिङ प्रणालीलाई अगाडि बढाउन वित्तीय संस्थासम्बन्धी ऐन २०७३ मा वर्गीकरणको व्यवस्था हटाउने उल्लेख गरिएको थियो । युनिभर्सल प्रणालीमा लैजाँदा यो वर्गीकरणसमेत हटाउने र संस्थाको नामपछि सबैले बैंक लेख्न पाइने व्यवस्था गरिने परिकल्पना पनि गरिएको हो । तर, व्यवहारमा भने कुनै काम देखिँदैन । आर्थिक मन्दीले सबैजसो क्षेत्रमा असर गरेका वेला बैंक र बैंकका ग्राहक दुवैलाई फाइदा हुने प्रणाली नेपालले लागू गर्न नसक्नु उचित होइन । युनिभर्सल बैंकिङ प्रणालीभित्र एउटै छानामुनि सम्पूर्ण वित्तीय सरसल्लाहसहितको सुविधा पाइने हुनाले ग्रहकलाई सजिलो हुने र बैंकको लागत पनि कम हुन्छ । बैंकले ग्राहकको कर्जा इतिहास, वित्तीय विवरणका बारेमा एकपटक प्रोफाइल बनाउँदा विभिन्न समयमा सेवा प्रवाहका वेला काममा आउँछ, जसले गर्दा वेलावेलामा अद्यावधिक गरिरहनु पर्दैन र बैंकको खर्च कम हुँदा बैंक र ग्राहक दुवैलाई फाइदा हुन्छ । युनिभर्सल बैंक ठूलो हुने भएकाले अन्तर्राष्ट्रियस्तरको ज्ञान बैंकको शाखा भएको सबै ठाउँका ग्राहकले उपभोग गर्न पाउँछन् ।

त्यसैगरी, युनिभर्सल बैंकिङ प्रणाली बैंकका आफ्ना विभिन्न शाखामार्फत सहजै बित्रि गर्न सक्छ । उनीहरूले आफ्ना पुराना ग्राहकलाई नै नयाँ वित्तीय सेवा किन्न आग्रह गरी बेच्न सक्छन् । उदाहरणका रूपमा, नेपाल बैंक लिमिटेडले आफ्ना भइरहेका खातावालालाई घरकर्जा, बिमा, म्युचुअल फन्ड आदि खरिद गर्न आग्रह गर्न सक्छ । युनिभर्सल बैंकिङ प्रणालीअन्तर्गतको बैंक ठूलो हुने भएको हुनाले सामान्य मन्दी हुँदा त्यसको सामना गर्न सक्ने हुनाले वित्तीय स्थायित्व कायम हुन्छ ।

त्यसैगरी, सेयर बजारमा पनि जनताले अनावश्यक बढी रकम ब्रोकरलाई तिरिरहेका छन् । त्यसको समाधानमा पनि युनिभर्सल बैंक उपयुक्त माध्यम हुन सक्छ । यस्तै लघुवित्तको विषय पनि सार्वजनिक भएको छ । बैंकबाट कर्जा लिएर लघुवित्तले नाफा खाएर ग्राहकलाई कर्जा प्रवाह गर्नुभन्दा सीधै बैंकले आर्थिक विपन्न भएकाहरूलाई सहज रूपमा कर्जा प्रदान गरेको भए दुवैतर्फ लाभ लिन सक्ने थिए । यसको समाधान पनि युनिभर्सल बैकिङ नै हुन सक्छ । अतः देशलाई आर्थिक मन्दीबाट माथि उठाउन युनिभर्सल बैंकिङ प्रणाली लागू गर्न आवश्यक छ ।

(प्याकुरेल प्राध्यापक हुन्)

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार २३ जेठ ०८०

एसेम्बल उद्योगमा बढ्दै छ लगानी

मुस्ताङ म्याक्स, अन्ना लिफान, कस्मिक बाइकको एसेम्बल उद्योग बन्द भएको तितो विगत भुल्दै मोटरसाइकलदेखि टिभीसम्म स्वदेशमै उत्पादन

नवीन अर्याल/नयाँ पत्रिका

आर्थिक मन्दीका कारण व्यावसायिक जगत्मा निराशा छाइरहेका वेलामा गोल्छा समूहले नवलपरासीमा सामसङ टेलिभिजनको आधुनिक फ्याक्ट्री सञ्चालनमा ल्याएको छ। ०८० वैशाखदेखि सञ्चालनमा आएको फ्याक्ट्रीबाट सामसङ टेलिभिजन एसेम्बल भइरहेका छन्। त्यसअघि गोल्छा समूहले नै नवलपरासीमा बजाज ब्रान्डका मोटरसाइकल र तीनपाङ्ग्रे टेम्पो एसेम्बल गरिरहेको छ।

युवामाझ चर्चित रोयल इन्फिल्डले त्रिवेणी समूहसँगको सहकार्यमा वीरगन्जमा कम्प्लिट्ली नक्ड डाउन (सिकेडी) एसेम्बल प्लान्ट सञ्चालनमा ल्याएको छ। यस्तै, शंकर समूहले बाराको सिमरामा टिभिएसको सिकेडी एसेम्बल प्लान्ट सञ्चालनमा ल्याएको तीन वर्ष भइसक्यो। टिभिएसको प्लान्टबाट बाइक, स्कुटर तथा तीनपाङ्ग्रे टेम्पो एसेम्बल भइरहेको छ।

सरकारले एसेम्बल उद्योगलाई प्रोत्साहन गर्ने नीति लिएपछि देशभित्र धमाधम एसेम्बल प्लान्ट खुल्न थालेका छन्। पेट्रोल र ब्याट्रीबाट चल्ने बाइक, स्कुटरदेखि टेलिभिजनलगायतका इलेक्ट्रोनिक सामान स्वदेशमै एसेम्बल हुने गरेका छन्। कोरियन ब्रान्ड हुन्डाईले पनि लक्ष्मी समूहसँगको सहकार्यमा नेपालमै कार एसेम्बल युनिट खोल्न लागेको छ।

नेपालमा अर्बौं लगानी गर्ने गरी दुई दर्जनभन्दा बढी सिकेडी एसेम्बल प्लान्ट दर्ता भइसकेको उद्योग विभागको तथ्यांक छ। यामाहा र होन्डाले पनि एसेम्बल प्लान्ट खोल्ने काम अगाडि बढाइसकेका छन्। नेपाली सडकमा सार्वजनिक यातायात बिजुली बस चलाइरहेको सुन्दर ग्रुपअन्तर्गतको सुन्दर अटो इन्जिनियरिङले आफ्नै ब्रान्ड नेममा विद्युतीय बाइक उत्पादन सुरु गरिसकेको छ। धुमबाराहीमा रहेको फ्याक्ट्रीमा उत्पादित 'गन्तव्य' बाइक केही दिनअघि सार्वजनिक गरिएको थियो। आफ्नै मौलिक ब्रान्डमा उत्पादित विद्युतीय बाइक 'यात्री' निकै चर्चामा छ। युवामाझ लोकप्रिय यात्रीका ८० वटा बाइक उत्पादन भइसकेका छन्।

रोयल इन्फिल्डले बारामा एक लाख स्क्वायर फिट क्षेत्रफलमा आधुनिक प्रविधिको सिकेडी एसेम्बल प्लान्ट सञ्चालनमा ल्याएको छ। यो रोयल इन्फिल्डको पाँचौं प्लान्ट हो। भारतको तमिलनाडुमा मुख्य उत्पादन केन्द्र रहेको रोयलको थाइल्यान्ड, ब्राजिल, अर्जेन्टिना र कोलम्बियामा पनि एसेम्बी प्लान्ट सञ्चालनमा छन्। करिब ५० करोड लगानी भएको प्लान्टबाट वार्षिक २० हजार युनिट मोटरसाइकल एसेम्बल गर्न सकिने बताइएको छ। कम्पनीले पहिलो लटमै एसेम्बल गरेको क्लासिक ३५० र स्क्रयाम ४११ नेपालमा शुक्रबार सार्वजनिक गरिएको थियो।



तितो विगत : खुल्दै बन्द हुँदै

सरकारको अस्थिर नीति र व्यवसायीको महत्त्वाकांक्षाका कारण विगतमा एसेम्बल युनिट खुल्ने र बन्द हुने प्रक्रिया चल्यो। अस्थिर नीतिकै कारण भक्तपुरमा रहेको हिम इलेक्ट्रोनिक्सको प्लान्ट करिब बन्द हुने अवस्थामै रहेको केही वर्षअघि गोल्छा समूहका अध्यक्ष शेखर गोल्छाले बताएका थिए। तर, पछि उनैले ठूलो लगानीमा सामसङ टिभीको मेगा फ्याक्ट्री नवलपरासीमा सञ्चालनमा ल्याए।

नेपालमा यसअघि हुलास मोटर्सले विराटनगरस्थित उद्योगबाट मुस्ताङ म्याक्स गाडी उत्पादन गर्थ्यो। तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले आफ्नो कार्यकालमा स्वदेशमै बनेको मुस्ताङ म्याक्स चढेपछि यो गाडीको चर्चा चुलिएको थियो। तर, यो उद्योग पनि सरकारको अस्थिर नीतिकै सिकार हुन पुगेको बताइन्छ। अहिले मुस्ताङ म्याक्स उत्पादन हुँदैन।

नेपालमा दशकअघि अन्ना लिफानको एसेम्बल प्लान्ट सञ्चालनमा थियो। तर, दुई वर्ष पनि नचल्दै अन्ना लिफानको एसेम्बल प्लान्ट बन्द भयो। नेपालमा कुनै समय कस्मिक बाइक उत्पादन हुन्थ्यो। त्यो प्लान्ट पनि बन्द भयो। अन्य चर्चित इलेक्ट्रोनिक्स ब्रान्डका एसेम्बल प्लान्ट पनि नीतिगत अस्थिरतालाई कारण देखाउँदै बन्द भएका छन्। यी उद्योगहरू बन्द हुनुको मुख्य कारण सरकारले उपलब्ध गराउने छुट सहुलियतको अभाव र अस्थिर नीति रहेको बताइन्छ।

बाइक, बहुचर्चित एनटर्क स्कुटर, तीनपाङ्ग्रे टेम्पोलगायत एसेम्बल भइरहेको शंकर ग्रुपले जनाएको छ। गोल्छा समूहले नवलपरासीबाट बजाज ब्रान्डका मोटरसाइकल र टेम्पो एसेम्बल गरिरहेको छ। बजाजको एसेम्बल प्लान्टमा पनि एक अर्ब लगानी भएको छ। नवलपरासीमा एउटै कम्पाउन्डमा रहेका बजाज र सामसङको फ्याक्ट्रीमा गरी करिब चार सयले रोजगारी पाइरहेका छन्। 'बजाजका सम्पूर्ण मोडल यहीं एसेम्बल हुन्छन्,' गोल्छा समूहका अध्यक्ष शेखर गोल्छाले भने। सरकारले अन्तःशुल्कमा केही छुट दिएको हुँदा एसेम्बल उद्योगमा आकर्षण देखिएको उनको बुझाइ छ। सरकारले दिएको सुविधा दीर्घकालीन भईदिए स्वदेशमै केही पार्टपुर्जाहरू उत्पादन हुने उनी बताउँछन्। तर, टेलिभिजनमा भने त्यति धेरै सुविधा नदिइएको उनको भनाइ छ।

हुन्डाई गाडीको एसेम्बल प्लान्ट राख्न लक्ष्मी ग्रुपले ०७६ मै पाँच अर्ब १० करोड पुँजीको कम्पनी दर्ता गरेको छ। एमएडब्लू इन्टरप्राइजेजले मोरङको टंकिसिनबारीमा एसेम्बल उद्योग खोलेर यामाहा ब्रान्डका मोटरसाइकल तथा स्कुटर उत्पादन गर्ने भएको छ। एसेम्बल उद्योग स्थापनाका लागि एक अर्ब ५१ करोड रुपैयाँ पुँजी लाग्ने उद्योग विभागमा प्रस्ताव गरिएको छ। मारुती सुजुकीको नेपालका लागि आधिकारिक विक्रेता सिजी होल्डिङ्गसले बाराको परवानीपुर गाउँपालिका-४ मा प्लान्ट खोलेर दुई, तीन र चारपाङ्ग्रे सवारीसाधन एसेम्बल गर्ने गरी १० साउन ०७८ मा सिजी अटोमोटिभ इन्डस्ट्री दर्ता गरेको छ।

स्वदेशी ब्रान्ड : यात्री, गन्तव्य र वाहन

स्वदेशी ब्रान्डमै पनि मोटरसाइकल उत्पादन सुरु भइसकेको छ, जसमध्ये सबैभन्दा चर्चामा छ, 'यात्री'। युवामाझ लोकप्रिय बन्दै गएको 'यात्री' यातायात कार्यालयले दर्ता गर्न नमानेपछि झनै चर्चा बटुल्यो। नयाँ सवारी दर्ताका लागि सक्कल भन्सार प्रज्ञापनपत्र (एलसी) र भन्सार महसुल तिरेको रसिद अनिवार्य पेस गर्नुपर्ने व्यवस्था रहेकाले स्वदेशमा उत्पादित यात्री दर्ता हुन सकेन। तर, पछि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को पहलकदमीमा कार्यविधि निर्देशिका संशोधन गरेपछि यात्री दर्ता भयो।

युवा उद्यमी असिम पाण्डेको नेतृत्वमा ३ पुस ०७६ मा पहिलोपटक स्वदेशमै बनेको विद्युतीय मोटरसाइकल 'यात्री' सार्वजनिक गरिएको थियो। नेपालमै डिजाइन गरिएको पहिलो मोडल प्रोजेक्ट-जिरो (पी जिरो) सार्वजनिक भयो। यात्रीले दुईवटा मोडल 'पी जिरो' र 'पी वान' बजारमा ल्याएको छ।

सुन्दर अटोले स्वदेशमै निर्मित विद्युतीय बाइक बजारमा ल्याएको छ। सिंगल चार्जमा १०० किलोमिटर माइलेज दिने 'गन्तव्य' बाइक पठाओ र इनड्राइभर चालकले बढी रुचाएको सुन्दर यातायातका अध्यक्ष भेषबहादुर थापाले बताए। चीनको बिएकेद्वारा उत्पादित लिथियम आयोन ब्याट्री प्रयोग गरिएको छ। गन्तव्य आफ्नै मौलिक ब्रान्ड भएको उनको भनाइ छ।

एलपी ग्यास एवं पेट्रोलियम व्यवसायबाट उदाएका शिव घिमिरेले आफ्नै मौलिक ब्रान्डमा विद्युतीय दुईपाङ्ग्रे उत्पादन थालेका छन्। बाराको जितपुर-सिमरामा तीन अर्ब लगानीमा सवारीसाधन, ग्यास सिलिन्डरलगायत एसेम्बल गर्ने उद्योग खोलिँदै छन्। तर, ट्रायलका लागि ललितपुरको एकान्तकुनामा सिकेडी आयात गरेर स्कुटर एसेम्बल थालिसकेको उनले बताए। एसजी अटोक्राफ्टले 'वाहन' ब्रान्डमा विद्युतीय स्कुटर-बाइक बजारमा बिक्री गर्ने तयारीमा छ।

एसजी अटोक्राफ्टले चिनियाँ विद्युतीय ब्रान्ड 'ओकला ई-स्कुटर एन्ड बाइक'सँगको साझेदारीमा सिकेडी ल्याएर आफ्नै ब्रान्डमा स्कुटर एसेम्बल गरेको हो।

एसजी अटोक्राफ्ट विद्युतीय एवं इन्टरनल कम्बसन इन्जिन (आइसिई) दुईपाङ्ग्रे, तीनपाङ्ग्रे, कार, जिप, एसयुभी, इ-बस, सिक्स ह्विलर्स गाडी उत्पादन गर्ने गरी उद्योग विभागमा दर्ता भइसकेको छ।

यस्तै, कोरियन कम्पनी मोट्रेक्सले सन् २०१९ मै लगानी बोर्डबाट सवारीसाधन एसेम्बल प्लान्ट लगाउन अनुमति लिएको छ। मोट्रेक्सले वार्षिक ५० हजार सवारीसाधन एसेम्बल गर्ने गरी १० अर्ब ५४ करोड लगानी गर्ने बताएको छ। पूर्ण विदेशी स्वामित्वको यस कम्पनीले अनावश्यक सुविधा माग्दै बार्गेनिङ गरिरहेको हुँदा उद्योग खोल्नेमा शंका गर्न सकिन्छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

सामसङ टेलिभिजन

१३ वैशाखमा सामसङले गोल्छा समूहसँगको सहकार्यमा नवलपरासीको रामग्राममा टेलिभिजन कारखाना खोलेको हो। करिव ६० करोड लगानीमा खुलेको कारखानामा ३२ देखि ८५ इन्चसम्मका टिभी उत्पादन हुन्छन्। नेपालमा उत्पादित सामसङ टेलिभिजनमा 'एसेम्बल्ड इन नेपाल' लेख्ने गरिन्छ। कम्पनीले आगामी दिनमा सामसङका वासिङ मेसिनलगायत उत्पादन गरेर दक्षिण एसियाली बजारमा बिक्री गर्ने लक्ष्य राखेको छ।

नेपालमा बहुराष्ट्रिय कम्पनीले इलेक्ट्रोनिक्स सामान उत्पादन गर्न स्थापना गरेको यो नै पहिलो हो। सामसङसँगको सहकार्यले नेपालमा यस क्षेत्रमा व्याप्त सम्भावनालाई दर्साउने गोल्छा समूहका अध्यक्ष शेखर गोल्छाको भनाइ छ।

बजेटमा महासंघको मिश्रित प्रतिक्रिया

काठमाडौं/ आगामी आर्थिक वर्षको बजेटले दीर्घकालीन लगानीको सम्भावना बढाए पनि तत्काल मन्दीको असर कम गर्ने उपाय अवलम्बन गर्न नसकेको नेपाल उद्योग वाणिज्य महासंघले ठहर गरेको छ। १५ जेठमा अर्थमन्त्री डा. प्रकाशशरण महतले संसद्मा प्रस्तुत गरेको बजेटमा आफ्नो धारणा सार्वजनिक गर्दै महासंघले मिश्रित प्रतिक्रिया जनाएको छ।

आगामी बजेटमा वातावरणीय प्रभाव मूल्यांकन, जग्गा प्राप्ति, काठको उपयोग तथा धौबादीसहित अन्य खानीको सम्भाव्यता खोजी गर्नेलगायतका विषय स्वागतयोग्य रहेको महासंघले जनाएको छ। वातावरणमा असर नपर्ने गरी ढुंगा, गिट्टी, बालुवा उत्खनन र निकासीको बाटो खोल्दा व्यापार घाटा कम गर्न मद्दत पुग्ने महासंघको बुझाइ छ।

'२० प्रतिशत महँगो भए पनि स्वदेशी वस्तु उपयोग गर्ने, सडक ढलान गर्ने, परियोजनामा स्वदेशी उत्पादनलाई प्रश्रय दिने, विशेष आर्थिक क्षेत्र र औद्योगिक क्षेत्रको विकास, बाँझो जमिनमा खेती गर्नेलगायतका प्रावधानले आयात प्रतिस्थापनमा सहयोग पुग्नेछ,' महासंघले विज्ञप्तिमा भनेको छ, 'स्टार्टअप विकासका लागि विभिन्न कोषको प्रवर्द्धन र नगद अनुदान, कम्पनी खोल्न गरिएको सहजीकरणले नयाँ व्यवसायीको बजारमा प्रवेश हुन सक्नेछ।'

निर्यात अनुदान तीन-तीन महिनामा दिइने व्यवस्था गरिए पनि सम्भाव्य निर्यातयोग्य वस्तुको प्रवर्द्धनमा बजेट मौन रहेको र आयकरमा गरिएको कटौतीले नकारात्मक प्रभाव पर्ने महासंघको ठहर छ। विद्युत् व्यापारमा निजी क्षेत्रलाई खुला गर्ने र भारतनजिक हिल स्टेसन निर्माणमा सहजीकरण गर्ने प्रावधानबाट विदेशी मुद्रा आर्जनमा सहयोग पुग्ने देखिन्छ।

तर, बजारमा तरलता प्रवाह, विकास निर्माण र माग सिर्जनाका लागि आवश्यक निर्माण व्यवसायीहरूको म्याद थप, मूल्य समायोजन र बक्यौता भुक्तानीमा बजेट मौन रहेको महासंघको गुनासो छ।

नियामक निकायको स्वीकृतिमा पुँजी वृद्धिकै लागि जारी गरिएको एफपिओ एवं मर्जरको गतिविधिमा विगतदेखि 'कर नतिरेको भए' तिर्नु भन्ने प्रावधान आफैंमा व्यवसायका निमित्त असीमित दायित्व सिर्जना गर्ने खालको भएकाले प्रत्युत्पादक रहेको महासंघले बताएको छ।

सिंगापुर लगिदिन्छु भन्दै १० करोड ठगेर फरार

मुना कुँवर/नयाँ पत्रिका

सिंगापुरमा रोजगारी लगाइदिने भन्दै ३९ जना युवाबाट करिब १० करोड ठगेर उदयपुरका सुजन आचार्य फरार भएका छन्। प्रतिव्यक्ति पाँच लाखदेखि २० लाखसम्म असुलेर आचार्य सिंगापुर फरार भएको भन्दै पीडितहरूले वैदेशिक रोजगार विभाग र मानव बेचबिखन तथा अपराध अनुसन्धान महाशाखामा उजुरी दिएका छन्। विभागले गत २६ चैतमा आचार्यको नाममा पक्राउ पुर्जीसमेत जारी गरिसकेको छ। पक्राउ पुर्जी जारी गरे पनि प्रहरी र प्रशासनको बेवास्ताले उनी भाग्न सफल भएको पीडितहरूको आरोप छ।

आचार्य, उनकी सानिमाका छोरा सिर्जन निरौला र बिनु शाक्यले नियतवश योजनाबद्ध रूपमा युवाहरूलाई ठगी गरेको उनीहरूको आरोप छ। पछिल्लो एक महिनादेखि सम्पर्कमा नआएका आचार्यले उल्टै प्रहरी लगाएर थुनाउने धम्की दिएको पीडित युवाहरूले बताए।

उदयपुरका सुजन आचार्यले सिंगापुरमा आफ्नै रेस्टुरेस्ट, होटेलमा कामदारको आवश्यकता भएको भन्दै युवाहरूलाई प्रभावित पारेका थिए। सिंगापुर जानुपूर्व आधा रकम नेपालमा नै र आधा रकम सिंगापुर पुगेपछि बुझाउनुपर्ने भन्दै ठगी गरेको पीडित पारस अधिकारीले बताए। 'सुरुमा आधा रकम सिंगापुरमा पुगेपछि दिए हुन्छ भन्छ। तर, आधा रकम लिएपछि विभिन्न बहाना बनाएर बाँकी रकम पनि नेपालमा नै असुल्छ,' उनले भने। अधिकारीले सिंगापुर जानकै लागि आचार्यलाई नेपालमा १० लाख बुझाएको बताए।



सुजन आचार्य



बिनु शाक्य

आचार्यबाट ठगिएका १२ जिल्लाका ३९ जना युवा संगठित भएका छन् भने अन्य २५ देखि ३० जना पीडित रहेको उनीहरूको अनुमान छ। ठगिएकामध्ये एकै परिवारका धेरै छन्।

सिंगापुरमा बसेर काम गर्नुभन्दा अगाडि 'ट्राभल हिस्ट्री' बनाउनुपर्छ भन्दै केही दिन सिंगापुर नै पुऱ्याएको पीडित अछामका अनिल अधिकारीले बताए। सिंगापुरमा आफ्नो लगानीको रेस्टुरेस्ट भन्दै विभिन्न ठाउँमा समेत घुमाएको उनले बताए। नेपाल फर्किएपछि आफ्ना काका र भान्जालाई समेत आचार्यसँग सम्पर्क गराइदिएको उनले बताए। यसरी उनका आफन्तीमा पनि ठगीमा परे।

यसरी ठगिए युवा

आचार्यले आफूलाई एस ग्रुप ग्लोबल कम्पनीको मालिकका साथै सिंगापुरको पाँचतारे होटेल भिलान्द्रोमा आफ्नो लगानी रहेको बताउँथे। सिंगापुर बैंकमा आफ्नो पाँच लाख डलर रहेको विवरण देखाउँदै युवाहरूका अगाडि उनी फोनमा ठूला-ठूला व्यवसायको कुरा गर्थे। लवाइ, बसाइ र खुवाइ पनि उनको राजसी शैलीको हुन्थ्यो। नेपालमा चारपाँचवटा फ्ल्याट भएको सिंगापुर, फिलिपिन्सलगायका मुलुकमा लगानी रहेकोसमेत बताउँथे।

राजनीतिक वृतमा आफ्नो ठूलै पहुँच भएको भन्दै विभिन्न नेता र मन्त्रीहरूसँग खिचेको फोटो देखाउँथे। सुरु-सुरुमा सम्भावित युवालाई पनि खुवाउने, पिलाउने गर्थे। यति गरेपछि युवाहरूले उनको राम्रो व्यवसाय भएको र नेपालको राजनीति र प्रशासनमा ठूलै पहुँच भएको विश्वास गर्थे।

त्यसपछि उनी युवाबाट रकम असुल्ने सुर गर्थे। केही युवालाई उनले सिंगापुर लगेर आफ्नो लगानी भएको कम्पनी भन्दै घुमाउने काम पनि गरे। एकदुई पटक 'ट्राभल हिस्ट्री'का लागि सिंगापुर पुगेर फर्कने कामदारलाई बढी रकम असुल्थे, तर सिंगापुर पुगेर नफर्कने युवासँग कम रकम लिन्थे।

सुरुमा आधा रकम लिएर सिंगापुर जाने दिन र फलाइट्समेत निश्चित गरेर टिकट पनि बनाउँथे। सिंगापुर उड्ने दिन आएपछि विभिन्न बहानामा बाँकी रकम माग्थे। फ्लाइट निश्चित भइसकेका कारण युवाहरूले पनि ढुक्क भएर रकम दिन्थे। रकम नदिने युवाको उनले टिकट रद्द गराइदिन्थे। 'ट्राभल हिस्ट्री'का लागि एकपटक सिंगापुर पुगेर फर्कन्छु भन्ने कतिपय युवालाई उनले सिंगापुरमा नै ट्रयापमा पारी रकम असुल गर्थे।

तर, आचार्यले रकम भने कहिल्यै आफ्नो खातामा राख्न लगाएनन्। आफूसँग धेरै सम्पत्ति भएका कारण खातामा पैसा राख्न मिल्दैन भन्दै प्रेमिका बिनु शाक्य र भाइ सिर्जन निरौलाको खातामा रकम जम्मा गर्न लगाउँथे।

लक्ष्मी बैंक लिमिटेडका ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानतकर्ता तथा ऋणीसँग सम्बद्ध सबैलाई ऋण कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्रीको लागि गोप्य सिलबन्दी बोलपत्र आव्हान गरेको १५ दिने सार्वजनिक सूचना।

(प्रकाशित मिति : २०८०/०२/२३)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको शर्त-सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने रकम (साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदि) चुक्ता भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले मिति २०७९/०३/१० गते शुक्रबारको आर्थिक अभियान राष्ट्रिय दैनिकमा ऋण कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेकोले यो ऋण कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्रीका लागि गोप्य सिलबन्दी बोलपत्र आव्हान गरेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त कर्जाको सम्पूर्ण साँवा ब्याज तथा हर्जना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई सम्पूर्ण कर्जा चुक्ता फर्छ्यौट गरी लेखिदिएको धितो फुकुवा गरी लैजानु हुनका लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी, जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम ऋणी, धितो सुरक्षण धनी, जमानतकर्ता लगायत सम्बद्ध सबैलाई बिना अन्य सूचना कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गराउने व्यहोरा जानकारी गराइन्छ। साथै तपसिलमा उल्लेखित धितो सम्पत्ति जे-जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त धितो सम्पत्ति के-कति दर भाउ र मूल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य सिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय जनकपुरमा दाखिला गर्नु हुन इच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र)औं दिन अर्थात् मिति २०८०/०३/०६ (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय, जनकपुरमा दिनको ठीक ११.०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, धितो सुरक्षण धनी, जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालक, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम एक प्रतिको रु.१०००/- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने गरी यस बैंकको शाखा कार्यालय जनकपुरमा तथा केन्द्रिय कार्यालय, हात्तीसार, काठमाडौंमा उपलब्ध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री हुन नसकेमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा जानकारी गराउदै उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी लगायतका सम्बद्ध व्यक्तिहरुको अन्य चल-अचल सम्पत्तिबाट समेत असुल उपर गरी लिइने वा/तथा कानून बमोजिम कर्जा असुलीको लागि मुद्दा दायर गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ। साथै धितो जमानतकर्ता तथा व्यक्तिगत जमानतकर्ताले समेत यसै सूचना बमोजिम ऋणीलाई तोकिएको अवधी भित्रमा कर्जा चुक्ता गर्न लगाउनु हुन वा आ-आफ्नो दायित्व बमोजिम कर्जा चुक्ता गर्नुहुन समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

तपसिल

ऋणी, व्यक्तिगत तथा धितो जमानतकर्ताको विवरण
१) **ऋणीको नाम** : महाजन यादवको नाति राम खेलावन यादवको छोरा धनुषा जिल्ला लक्ष्मीपुर बगेवा न.पा./गा.वि.स वडा नं. ०८ बस्ने **श्री गोविन्द कुमार यादव** (ना.प्र.नं. १७३०८६/९५४ जिल्ला प्रशासन कार्यालय धनुषा, जारी मिति २०६३/११/१९)।
व्यक्तिगत तथा धितो जमानतकर्ता : मागैन यादवको नाति महाजन यादवको छोरा धनुषा जिल्ला लक्ष्मीपुर बगेवा न.पा./गा.वि.स वडा नं. ०८ बस्ने **श्री राम खेलावन यादव** (ना.प्र.नं. ५४२४२७२६ जिल्ला प्रशासन कार्यालय धनुषा, जारी मिति २०४६/०१/२१)।
धितो सुरक्षणको विवरण :
क) व्यक्तिगत तथा धितो जमानतकर्ता **श्री राम खेलावन यादवको** नाममा मालपोत कार्यालय धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला लक्ष्मीपुर बगेवा न.पा./गा.वि.स वडा नं. ८, कित्ता नं. ६९० को क्षेत्रफल ०-१-११-८ जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत। ख) यस बैंकको नाममा दर्ता कायम रहेको ऋणी गोविन्द कुमार यादव जनिएको मोडेल नं 3718IL 6600 WB LIFT AXLE COWL CHASSIS TRUCK(Ashok Leyland) च्यासिस नं. MB1NACFC7FRXM3080, इन्जिन नं. FXEZ417252 भएको **ना ६ ख ७५६०** नम्बरको भाडा ट्रक थान १।

पुनश्च : अन्य जानकारीको लागि यस बैंकको केन्द्रीय कार्यालय हात्तीसार स्थित कर्जा असूली विभागमा तथा शाखा कार्यालय जनकपुरमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

लक्ष्मी बैंक लिमिटेड
Laxmi Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन: ०१-४५४४६८४/८५, पो.ब.नं.: १९५९३
Email: info@laxmibank.com, URL: www.laxmibank.com

मौद्रिक नीतिको तयारी सुरु

अर्थशास्त्री भन्छन्- ६ प्रतिशतको आर्थिक वृद्धि गर्न १५ प्रतिशतको कर्जा विस्तार हुनुपर्छ

काठमाडौं/ नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्ष ०८०/८१ को मौद्रिक नीतिको तयारी सुरु गरेको छ। बजेट सार्वजनिक भएपछि मौद्रिक नीति तर्जुमा स्वतः प्रक्रियाअनुसार अघि बढेको डेपुटी गभर्नर बमबहादुर मिश्रले जानकारी दिए। यसपालि असार मसान्तभित्रै मौद्रिक नीति सार्वजनिक गर्ने उद्देश्यले काम अघि बढाइएको उनले बताए। उनले भने, 'सकभर असार मसान्तभित्रै ल्याउने प्रयास हो। तैपनि, साउनको पहिलो साता त आइहाल्छ।'

सोमबार केन्द्रीय बैंकको आर्थिक अनुसन्धान विभागले आगामी आर्थिक वर्षको मौद्रिक नीतिसँग सम्बन्धित रायसुझाव छ। असार १० गतेभित्र सुझाव उपलब्ध गराउन विभागले आह्वान गरेको हो। गभर्नर महाप्रसाद अधिकारीको कार्यकालको यो चौथो मौद्रिक नीति हो।

६ प्रतिशतको आर्थिक वृद्धि गर्न कतिसम्म कर्जा वृद्धि आवश्यक छ ?

सरकारले ६ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न केन्द्रीय बैंकले कम्तीमा पनि १५ प्रतिशत कर्जा विस्तार गर्नुपर्ने राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक एवं अर्थशास्त्री केशव आचार्यको भनाइ छ। उनले भने, 'हामीले असाध्यै सुधार गर्‍यौं भने पनि ४ प्रतिशतको वृद्धिदरमा सन्तोष मान्नुपर्ने हुन्छ। अहिलेको अवस्थामा ६ प्रतिशतको वृद्धिदर अति महत्त्वाकांक्षी छ।'

विगतमा केन्द्रीय बैंकले खुकुलो मौद्रिक नीति ल्याएका कारण बैंकहरूको खराब कर्जा टाउको दुखाइको विषय बनेको र असारसम्म बढ्दै जाने देखिन्छ। आचार्यका अनुसार असारसम्मको खराब कर्जाको अंश ३ प्रतिशत नाघ्ने जोखिम छ। उनले भने, 'निजी क्षेत्रमा गएकामध्ये झन्डै दुईतिहाइ कर्जा घरजग्गामा थुप्रिएको छ। विगत दुई वर्षयता घरजग्गाको कारोबार सुस्त छ। त्यसबाहेक पुनर्तालिकीकरण र पुनर्कर्जाको नीति ल्याउने सम्भावना छैन। त्यसकारण ६ प्रतिशत वृद्धिकै लागि मौद्रिक नीतिको कार्यदिशा खुकुलो हुन्छजस्तो लाग्दैन।'

अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ)को सर्तबमोजिम १० प्रमुख वाणिज्य बैंकहरूको अन्तर्राष्ट्रिय लेखापरीक्षण गराउने तयारी भइरहेको छ। खासगरी आइएमएफले नेपालका बैंकहरूको निष्क्रिय कर्जाको अनुपातको तथ्यांकमाथि आशंका बढाइरहेको छ।

केन्द्रीय बैंकका अनुसार गत शनिबारसम्ममा बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप ५५ खर्ब २२ अर्ब पुगदा ४८ अर्ब ५१ करोड कर्जा विस्तार भएको छ। कुल निक्षेपमा वाणिज्य बैंकको मात्रै ४८ खर्ब ७३ अर्ब निक्षेप छ। जसबाट बैंकहरूको कर्जा प्रवाह ४२ खर्ब ९७ अर्ब पुगेको छ। बैंक तथा वित्तीय संस्थाको कर्जा निक्षेपको अनुपात ८४.५६ प्रतिशत कायम भएको छ।

बजेट कार्यान्वयन गर्ने तरिकाले मौद्रिक नीति ल्याउँछौं



● **महाप्रसाद अधिकारी**, गभर्नर
नेपाल राष्ट्र बैंक

बजेटमा आएको कुरा कार्यान्वयन गर्ने खालको मौद्रिक नीति आउनेछ। मौद्रिक नीति समग्र आर्थिक क्षेत्रको विकासलाई सहज हुने खालको ल्याइनेछ। सरकारले राम्रो बजेट ल्याएको र त्यसलाई राष्ट्र बैंकले कार्यान्वयनमा सहयोग गर्ने गरी मौद्रिक नीति ल्याउनेछ। बजेटको सिलिङमा अघिल्ला वर्षभन्दा यो वर्ष निकै छलफल भएको छ। यसपटकको बजेटले अर्थतन्त्रमा देखिएको शिथिलता कम गर्ने लक्ष्य राखेको छ।

सिद्धार्थ बैंकले आयोजना गऱ्यो विभिन्न कार्यक्रम

काठमाडौं/ सिद्धार्थ बैंकले विश्व वातावरण दिवसको अवसरमा स्वच्छ वातावरण निर्माणमा सघाउ पुऱ्याउने उद्देश्यले सातै प्रदेशमा विभिन्न कार्यक्रम आयोजना गरी विश्व वातावरण दिवस मनाएको छ। बैंकले विभिन्न स्थानहरूमा सरसफाइ तथा वृक्षारोपण कार्यक्रम, कर्मचारीबीच टिकटक प्रतियोगिता, पुनर्प्रयोग गर्न सकिने कटन ब्याग वितरण र नो प्रिन्ट डेजस्ता कार्यक्रमहरू आयोजना गरेको हो।

बैंकले वृक्षारोपण तथा सरसफाइ कार्यक्रमअन्तर्गत देशका सातै प्रदेशमा कुल पाँच सय ८१ बोटबिरुवा रोप्नुका साथै विभिन्न सार्वजनिक स्थानहरूमा सरसफाइ कार्यक्रमसमेत आयोजना गरेको जनाएको छ। यस्ता कार्यक्रमले वातावरणको संरक्षण, मानव स्वास्थ्य सुधार र दिगो विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने बैंकले विश्वास व्यक्त गरेको छ। वातावरण संरक्षणका निम्ति 'से नो टु प्लास्टिक' नारालाई अवलम्बन गर्दै बैंकको आधिकारिक टिकटक पेजमा 'बिट प्लास्टिक पोलुसन' विषय राखी समाजमा वातावरण संरक्षणसम्बन्धी जनचेतना फैलाउन कर्मचारीबीच टिकटक प्रतियोगिता सम्पन्न गरेको बैंकले जनाएको छ। त्यस्तै, यही नारालाई सार्थक बनाउने उद्देश्यका साथ पुनर्प्रयोग गर्न सकिने कटन ब्याग पनि आफ्ना शाखाहरूमार्फत वितरण गरेको उल्लेख छ। साथै, वातावरण संरक्षणलाई थप टेवा पुऱ्याउन बैंकले जुन ५ लाई 'नो प्रिन्ट डे' पनि घोषणा गरेको जनाइएको छ।

हाल बैंकले देशभरमा एक सय ९५ शाखा, दुई सय २० एटिएम र पाँच एक्सटेन्सन काउन्टरमार्फत सेवा दिइरहेको जनाएको छ।

नेपालमै पहिलोपटक अन्तर्राष्ट्रिय 'मार्क्यु राइड'

काठमाडौं/ टिभिएस मोटरसाइकलको नेपालका लागि आधिकारिक विक्रेता जगदम्बा मोटर्सले गठन गरेको अपाचे अनर्स ग्रुप (एओजी)ले पहिलो अन्तर्राष्ट्रिय मार्क्यु राइड सम्पन्न गरेको छ। सामूहिक प्रयासले अप्ठ्यारा काम पनि सफल हुन्छ भन्ने भावनाको प्रदर्शन गर्दै एओजीले नेपाल र भारतका विभिन्न स्थानमा सात हजार किलोमिटर लामो अपाचे मोटरसाइकल च्याली गर्दै मार्क्यु राइड सम्पन्न गरेको हो।

एओजी, बाइकिङ कल्चर प्रवर्द्धनकै निम्ति जगदम्बा मोटर्सले जनाएको छ। 'राइड टु ओरिजिन' उद्देश्य लिएर भारतको मैसुरमा रहेको टिभिएसको फ्याक्ट्रीसम्म पुग्ने लक्ष्य राखेको मार्क्यु राइडमा १० जना नेपाली राइडरहरूको सहभागिता रहेको थियो। राइडमा सहभागी युवा राइडरहरू बाइकिङ संस्कृतिलाई अघि बढाउनका निम्ति भ्लग र अन्य माध्यमबाट सक्रिय रहेको तथा टिभिएस अपाचे सिरिजका १६०, २०० र ३१० सिसीका मोटरसाइकको प्रयोग गरिएको कम्पनीले जनाएको छ।

फागुन ११ गते २०७९ बाट सुरु भएको उक्त अपाचे ओनरस ग्रुप (एओजी)को मार्क्यु राइडमा नेपाललगायत, भारत र बंगलादेशका थुप्रै राइडरहरू सहभागी रहेको जनाइएको छ। काठमाडौंबाट रक्सौल हुँदै भारत प्रवेश गरेर सुरु भएको २२ दिने लामो यात्राका राइडरले भारतको प्रख्यात मोटो सोल



नामक कार्यक्रममा सहभागिता जनाउनुका साथै टिभिएसको फ्याक्ट्रीको पनि भ्रमण गर्ने पनि मौका पाएको कम्पनीले जनाएको छ।

विज्ञापन र पिएसएमार्फत कार्यक्रमलाई सहयोग गरेर नेपाल पर्यटन बोर्डले पनि यस अभियानलाई प्रभावकारी बनाउन ठूलो योगदान पुऱ्याएको कम्पनीले जनाएको छ। नेपालका विभिन्न पर्यटकीय गन्तव्यहरूलाई भारतमा प्रचार गर्न र भारतीय राइडरहरूलाई नेपाल भ्रमणका निम्ति प्रोत्साहन गर्न भारत यात्रामा निस्किएको एओजी टिमलाई नेपाल पर्यटन बोर्डको यो कदमले निकै प्रोत्साहन गरेको कम्पनीको भनाइ छ।

काठमाडौंबाट सुरु भएको २२ दिने मार्क्यु राइड भारतको रक्सौल, गया, राउरकेला, छत्तिसगढ, गोंदिया, अमरावती, औरंगाबाद, सातारा, गोवा, उडुपी, मैसुर, बंगलौर, तिरुपति, विजयवाडा, विशाखापटनम, ब्रह्मपुर, भद्रक, कोलकाता, भागलपुरबाट रक्सौल हुँदै काठमाडौंमै आएर समाप्त भएको कम्पनीले जनाएको छ।

द्विपक्षीय व्यापार बैठक गरेर मनाइयो एनआइसिसिआई दिवस



काठमाडौं/ नेपाल र इटालीबीच व्यावसायिक सम्बन्ध प्रगाढ बनाउने उद्देश्यले नेपाल-इटाली चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्री (एनआइसिसिआई)ले जुन ५ तारिखलाई द्विपक्षीय व्यापार बैठक- एनआइसिसिआई दिवस २०२३ को घोषणा गरेको छ। एनआइसिसिआईले पहिलो संस्करणको न्युजलेटर अनावरणसहित दिवस घोषणा गरेको हो।

यो कार्यक्रमले नेपाल र इटालीबीचको व्यावसायिक सम्बन्धलाई पर्यटन, उद्योग, आयात-निर्यात बढाउन एनआइसिसिआईको प्रतिबद्धता प्रस्तुत गरेको चेम्बरले जनाएको छ। कार्यक्रममा नेपालका लागि इटालीका राजदूत भिन्सेन्जो डे लुकाले प्रगाढ द्विपक्षीय सम्बन्धको प्रतीक तथा दिगो साझेदारीका लागि सहकार्यमा जोड दिँदै यस अवसरको महत्त्वलाई अझ प्रगाढ बनाएको जनाइएको छ। राजदूत लुकाले नेपाल-इटालीको भावी योजना साथै पर्यटन, आयात-निर्यात, तथा उद्योगलाई कसरी अझ व्यवस्थित ढंगले अगाडि बढाउने र नेपाली कफी, नेपाली हस्तकलाका सामग्रीहरूलाई इटालीमा बजार प्रवर्द्धन गर्ने विषयमा जोड दिए। साथै, इटालीमा आप्रवासी नेपालीको समाजलाई उजागर गर्दै व्यवसाय र उद्योगलाई प्रवर्द्धन गर्दै नेपाल-इटालीको सम्बन्धलाई अझ बलियो बनाउनुपर्ने बताए। उनले पहिलो संस्करणको पत्रिकाको अनावरण पनि गरेको जनाइएको छ।

एनआइसिसिआईका अध्यक्ष सञ्जय अग्रवालले यो दिवसले चेम्बरको स्थापनादेखि हालसम्म गरेको यात्रालाई चिन्तन गर्ने अवसर मिलेको बताए। कार्यक्रम उत्सव र आत्मनिरीक्षणको प्रतीक रहेको भन्दै उनले सहभागीहरूले उपलब्धि र उज्ज्वल भविष्यका लागि कामना गरेका थिए। कार्यक्रमले द्विपक्षीय व्यापारप्रतिको प्रतिबद्धतालाई सुदृढ पार्ने, नवप्रवर्तनलाई बढावा दिने, दिगो विकास तथा समृद्धिलाई अगाडि बढाउने र बलियो साझेदारीलाई बढावा दिने महत्त्वमा जोड दिएको जनाइएको छ।

सिटिजन्स बैंकको 'बृहत् वृक्षारोपण'

काठमाडौं/ 'बिट द प्लास्टिक' भन्ने मूल नारालाई आत्मसात् गर्दै बढ्दो जलवायु परिवर्तनको न्यूनीकरण गर्न रूख तथा बोटबिरुवा जर्गेना तथा प्रवर्द्धन गर्ने उद्देश्यले सिटिजन्स बैंकले काठमाडौंको शान्तिनगरमा बृहत् वृक्षारोपण कार्यक्रम सम्पन्न गरेको छ।

बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत दुई सय ५० भन्दा बढी विभिन्न प्रजातिका बिरुवा रोपेको हो। संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बैंकले यसअघि नै देशका विभिन्न स्थानमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन, सामुदायिक विद्यालय एवं मठमन्दिरमा सहयोग गरिसकेको जनाएको छ।

विश्व वातावरण दिवसमा ग्लोबल आइएमईको वृक्षारोपण

काठमाडौं/ ग्लोबल आइएमई बैंकले सातवटै प्रदेशमा वृक्षारोपण गर्दै विश्व वातावरण दिवस मनाएको छ। बैंकले 'एक कर्मचारी, एक बिरुवा रोपण' अभियानअन्तर्गत सातवटै प्रदेशमा विभिन्न प्रजातिका उन्नत बोटबिरुवाहरू रोपेर विश्व वातावरण दिवस मनाएको हो।

बैंकले मोरङको विराटनगर एयरपोर्ट रोड, सिराहाको मिर्चैया, काठमाडौंको टोखामा रहेको लाखे डाँडा, कास्कीको पोखरा रंगशालापरिसर, रुपन्देहीको तिलोत्तमा सामुदायिक पार्क र सुर्खेतको वीरेन्द्रनगर चौहानपार्कमा वृक्षारोपण गरेको जनाएको छ। बैंकले आयोजना गरेको वृक्षारोपण कार्यक्रममा बैंकका कर्मचारीहरू, स्थानीय नागरिकलगायत विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूको प्रत्यक्ष सहभागिता रहेको जनाइएको छ।

विश्व वातावरण दिवसमा मुक्तिनाथ फाउन्डेसनको वृक्षारोपण

काठमाडौं/ विश्व वातावरण दिवसको अवसर पारेर मुक्तिनाथ फाउन्डेसनले टोखा नगरपालिकामा वृक्षारोपण गरेको छ। फाउन्डेसनले नगरपालिकासँगको सहकार्यमा वडा नं १ मा निर्माणाधीन शान्तिपार्कमा एभोकाडोका बिरुवा रोपेको हो।

कार्यक्रममा मुक्तिनाथ विकास बैंक लिमिटेड, मुक्तिनाथ कृषि कम्पनी लिमिटेड, मुक्तिनाथ क्यापिटल लिमिटेड र रोयल बहुउद्देश्यीय सहकारी संस्थाको सहयोग रहेको जनाइएको छ। टोखा नगरपालिकाका मेयर, उपमेयर, प्रमुख प्रशासकीय अधिकृत, वडा नं १ का वडा अध्यक्षलगायतका जनप्रतिनिधि तथा कर्मचारीका साथै मुक्तिनाथ फाउन्डेन्नका अध्यक्ष भरतराज ढकाल, फाउन्डेसनका सञ्चालक, मुक्तिनाथ समूह र रोयल सहकारीका अध्यक्ष, सञ्चालक, प्रमुख कार्यकारी अधिकृतलगायतको उल्लेख्य सहभागिता रहेको फाउन्डेसनले जनाएको छ।

फाउन्डेसनका अध्यक्ष ढकालले वातावरण संरक्षण र प्रवर्द्धनसम्बन्धी अभियान २० जेठमा बागमती सफाइ अभियानमा सहभागी हुँदै सुरु गरेको र आगामी पाँच वर्षमा फाउन्डेसनको अगुवाइमा तथा मुक्तिनाथ समूहसहित विभिन्न सरकारी र गैरसरकारी निकायको सहकार्यमा कम्तीमा १० लाखभन्दा बढी फलफूल तथा काष्ठजन्य बिरुवाहरूको रोपण गर्ने लक्ष्य राखेको बताए।

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरू धितो सुरक्षण राखी ओभरड्राफ्ट कर्जा र बैंक जमानत सुविधा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीलाई बारम्बार तर ताकेता गर्दा तथा मिति २०७९।०७।०४ गतेको अन्त्यपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिकि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पतिहरू खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनका दिन अर्थात मिति २०८०।०३।०६ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखि दिनुहुने तथा व्यक्तिगत जमानी दिनु हुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। गोप्य शिलवन्दी बोलपत्रका अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरबाट रू. १००।- तिरी खरिद गर्न सकिनेछ।

तपसिल

ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	लिलाम हुने धितोको विवरण
ऋणीको नाम: हरि कृपा होम फर्निसिङ्ग (नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, विराटनगरमा दर्ता रहेको) दर्ता नं. २३६१४/०६८/६९, दर्ता मिति: २०६८।०२।१६ स्थायी लेखा नं.: ३०५२५७३३४ ठेगाना: मोरङ जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं १३ । **प्रोप्राईटर:** अरूण कुमार साह ना.प्र.प.नं (जारी मिति/स्थान): ज.११२६ (दो.प्र.२०६४।०६।२४/मोरङ) बाजेको नाम: बैकुण्ठ साह बाबुको नाम: धनेश्वर साह ठेगाना: मोरङ जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. १९ । **व्यक्तिगत जमानतकर्ताहरू:** १. कुमुद साह ना.प्र.प.नं (जारी मिति/स्थान): ज.१३७१ (२०६४।०९।१२/मोरङ) बाजेको नाम: बैकुण्ठ साह बाबुको नाम: धनेश्वर साह ठेगाना: मोरङ जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. १९ । २. पुनम देवी साह ना.प्र.प.नं (जारी मिति/स्थान): १४४७३ (२०६७।०३।३१/मोरङ) बाबुको नाम: हरिनन्दन सिंह ससुराको नाम: धनेश्वर साह पतिको नाम: कुमुद साह ठेगाना: मोरङ जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. १९ । ३. रानी साह ना.प्र.प.नं (जारी मिति/स्थान): १८६८० (२०६८।११।१८/मोरङ) बाबुको नाम: कपिल देव साह ससुराको नाम: धनेश्वर साह पतिको नाम: अरूण कुमार साह ठेगाना: मोरङ जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. १९ ।	१. बैकुण्ठ साह को नाति, धनेश्वर साह को छोरा, मोरङ जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. १९ बस्ने कुमुद साह को नाममा मालपोत कार्यालय विराटनगर, मोरङको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, बुधनगर गा.वि.स., वडा नं. १ स्थीत कि.नं. ५५८ को क्षेत्रफल ०,६७७२.६३ व.मी. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत । २. ऋणीले धनी बैंकको नाममा लेखिदिएको हाईपोथिकेशन अन्तर्गत मालसामान तथा आय प्राप्तिको धितो सुरक्षण सम्बन्धी लिखत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO Entrepreneurial Development Bank The Netherlands | Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५००८७०८/०९,
Ext. १०७, १०४

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय दलदले, नवलपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०२/२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतिपत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंम कदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकममात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण

नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १३ स्थित रजिष्टर्ड ठेगाना रहि प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा मिति २०७३ साल माघ महिना १७ गते रोज २ मा प्रा.फ.र.नं. १९६९/९५६५ तथा आन्तरिक राजश्व कार्यालय, भरतपुरमा मिति २०७४/०९/०२ मा स्थायी लेखा नम्बर (PAN) ६०६१४२८७२ अन्तर्गत दर्ता कायम भएको **पि.एस. किराना स्टोर्स**।

प्रोप्राइटर : पुष्पा सापकोटा

ऋणी तथा व्यक्तिगत जमानीकर्ताको विवरण	व्यक्तिगत जमानीकर्ताको विवरण
सुकदेव सापकोटाको बुहारी, हेमराज सापकोटाको पत्नी, नवलपरासी जिल्ला, साबिक प्रगतिनगर गा.वि.स./न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १३ बस्ने **पुष्पा सापकोटा** (ना.प्र.नं. ३६२०१४-१२७३, जारी मिति २०६८/०१/१५, जि.प्र.का. नवलपरासी)।	उमाकान्त सापकोटाको नाती, सुकदेव सापकोटाको छोरा, नवलपरासी (ब.सु.पू.) जिल्ला, साबिक देवचुली न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १३ बस्ने **हेमराज सापकोटा** (ना.प्र.नं. १५०७३, जारी मिति २०५६/०९/२८, जि.प्र.का. नवलपरासी (ब.सु.पू.)।

धितोको विवरण

१. **ऋणी पि.एस. किराना स्टोर्स तथा ऋणी पुष्पा सापकोटाको नाममा संयुक्त धितोबन्धकी कायम रहेको** सुकदेव सापकोटाको बुहारी, हेमराज सापकोटाको पत्नी, नवलपरासी जिल्ला, साबिक प्रगतिनगर गा.वि.स./न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १३ बस्ने पुष्पा सापकोटा (ना.प्र.नं. ३६२०१४-१२७३, जारी मिति २०६८/०१/१५, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, साबिक देवचुली गा.वि.स./न.पा. वडा नं. ५ हाल नवलपरासी जिल्ला देवचुली न.पा. वडा नं. ६ स्थित कि.नं. ४५० र ४४८ को क्षेत्रफल क्रमशः ०-०-१.५-० र ०-०-१९-० (विघा) बमोजिमको जग्गा एवं सो मा जडित सम्पूर्ण लिगलगापात समेत।

२. **ऋणी पि.एस. किराना स्टोर्स तथा ऋणी पुष्पा सापकोटाको नाममा संयुक्त धितोबन्धकी कायम रहेको** उमाकान्त सापकोटाको नाती, सुकदेव सापकोटाको छोरा, नवलपरासी (ब.सु.पू.) जिल्ला, साबिक देवचुली न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १३ बस्ने हेमराज सापकोटा (ना.प्र.नं. १५०७३, जारी मिति २०५६/०९/२८, जि.प्र.का. नवलपरासी (ब.सु.पू.) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, साबिक प्रगतिनगर गा.वि.स./न.पा. वडा नं. १ क हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १३ स्थित कि.नं. ११६९ को क्षेत्रफल ०-०-१०-० (विघा) बमोजिमको घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

३. नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १३ स्थित रजिष्टर्ड ठेगाना रहि प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा मिति २०७३ साल माघ महिना १७ गते रोज २ मा प्रा.फ.र.नं. १९६९/९५६५ तथा आन्तरिक राजश्व कार्यालय, भरतपुरमा मिति २०७४/०९/०२ मा स्थायी लेखा नम्बर (PAN) ६०६१४२८७२ अन्तर्गत दर्ता कायम भएको पि.एस. किराना स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आयप्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

Siddhartha Bank
शाखा कार्यालय : दलदले, नवलपुर
फोन नं. ०७८-५७५०७१
Website : www.siddharthabank.com

कुमारी बैंक लिमिटेड शाखा कार्यालय बेलौरी, कञ्चनपुरको धितोमा रहेको सम्पति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०२/२३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय बेलौरी, कञ्चनपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० जेठ ३० गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय बेलौरी, कञ्चनपुरमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग भीमदत्तनगर, कञ्चनपुरमा मिति २०७६/०८/०९ मा प्रा.फ.र.नं.३६२/२०७६/७७ कायम भई दर्ता रहेको कञ्चनपुर जिल्ला, बेलौरी न.पा. वडा नं. ५ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री बिबेक मदिरा पसल** (प्रोप्राईटर तिल्के डगौरा/रोसनी डगौराको नाति, लक्ष्मन डगौरा/हरिदेवी चौधरीको छोरा सिता चौधरीको पति, कञ्चनपुर जिल्ला, बेलौरी न.पा. वडा नं. ५ (साबिक श्रीपुर गा.वि.स. वडा नं. १) बस्ने **महङ्ग लाल चौधरी**, ना.प्र.नं. ७५१७४०९६, जारी मिति २०६३/०२/२८, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर)।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. भेदुलाल चौधरी/गुलाबी चौधरीको नातिनी, छोटे लाल डगौरा/बेझीया डगौराको छोरी, लक्ष्मन डगौरा/हरिदेवी चौधरीको बुहारी, महङ्ग लाल चौधरीको पत्नी, कञ्चनपुर जिल्ला, बेलौरी न.पा. वडा नं. ५ (साबिक श्रीपुर गा.वि.स. वडा नं. १) बस्ने **सिता चौधरी** (ना.प्र.नं. ७५-०४-०१०, जारी मिति २०७०/०२/०४, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर)।

लिलाम हुने सम्पत्तीको विवरण:

१. **महङ्ग लाल चौधरी**को नाममा मालपोत कार्यालय बेलौरी, कञ्चनपुरमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, श्रीपुर गा.वि.स., वडा नं. १ स्थित कित्ता नं. ८४२, क्षेत्रफल ५,८०० (व.मी.)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत।

शर्तबन्देजहरु

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौं) दिन अर्थात २०८० जेठ २९ गते** भित्र बैंकको शाखा कार्यालय बेलौरी, कञ्चनपुरमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय बेलौरी, कञ्चनपुरबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात २०८० जेठ ३० गते ३:०० (तिन)** बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय बेलौरी, कञ्चनपुरमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक विदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन विदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।

सदनमा सत्ता...

पृष्ठ १ बाट क्रमशः

विपक्षीले पटक-पटक अवरोध गरिरहे । विपक्षीले सीमा समाधानको मोडेलको विषयमा प्रधानमन्त्रीले ढाँटेको भनेर गरेको जिकिरले माहोल झनै तताएको थियो । सदनमा दिनभर सांसदहरूले आफूअनुकूल व्याख्यामा मनपरी समय व्यतीत गरिरहँदा सभामुखको निरीह बने । प्रधानमन्त्रीले जवाफ दिइरहँदा सभामुखले बीचबीचमा अरूलाई बोल्न दिए ।

नागरिकता विधेयकबारे

जन्मसिद्धका सन्तानलाई वंशजको नागरिकता, गैरआवासीय नेपालीलाई नागरिकता दिन, आमाको नामबाट नागरिकता दिने प्रबन्ध गर्न तत्कालीन प्रधानमन्त्री केपी ओलीको पालाकै अध्यादेशका आधारमा हुबहु आएको विधेयक प्रमाणीकरण भएको बताए । राज्यव्यवस्था सुशासन समितिमा वैवाहिक अंगीकृतमा १५ वर्ष राखौं भन्ने माओवादीले अहिले किन समयावधि नराखेको एमालेको प्रश्नमा प्रचण्डलेले सात वर्ष राखौं भन्ने एमालेले किन कुनै अवधि नराखी अध्यादेश ल्याएको भनेर प्रतिप्रश्न गरे ।

अहिले पनि आफूहरू नेपालमा विवाह गरेर आउने महिलाको हकमा केही मापदण्ड राख्नुपर्नेमै रहेको उनको भनाइ थियो । यो विधेयक जन्मसिद्धका सन्तानलाई नागरिकता दिनेमा मात्रै केन्द्रित रहेको भन्दै प्रधानमन्त्री प्रचण्डले सात वर्ष दिने कि १० वर्ष गर्ने भन्ने विषयमा फेरि छलफल गरेर सहमति बनाउनुपर्ने भनेर यो विषय बाँकी नै रहेको बताए ।

यसबाहेक विधेयकमा विवादित विषय नरहेको भन्दै प्रधानमन्त्री प्रचण्डले नागरिकताविहीन १२ लाख नागरिकको पीडालाई मलमपट्टी लगाउन ल्याइएको व्यवस्थामा विवाद नगर्न अनुरोध गरे । तत्कालीन प्रधानमन्त्री ओलीले ल्याएको अध्यादेश र देउवाले ल्याएको विधेयकको उद्देश्य यही भएको उनको भनाइ थियो । नागरिकताको सवालमा कानुन संशोधनमा ढिलाइ हुँदा सरकारले गरेका निर्णय अदालतले रोक्ने क्रम लामो समयदेखि चलिरहेको भन्दै प्रचण्डले अहिले पनि अदालत गइसकेर अल्पकालीन आदेश भइसकेकाले सदनमा विवाद गर्नुको औचित्य नभएको बताए ।

प्रक्रियामा जवाफ दिँदा अवरोध

तर, एमाले सांसदले विधेयकको विषयवस्तुभन्दा प्रमाणीकरणको प्रक्रियामा आपत्ति रहेको भन्दै पुनः जवाफ मागेका थिए । प्रधानमन्त्रीले स्पष्टीकरण दिने क्रममा दुईपटक सदनबाट पारित भएर गएको विधेयकलाई राष्ट्रपतिले संविधानको मर्म र भावनाविपरीत होल्ड गरेर संविधान मिचेको भन्दै अहिले नयाँ राष्ट्रपतिले प्रमाणीकरण गरेर सच्याएको जवाफ दिए ।

संविधानमा प्रश्न नउठ्ने गरी त्यसलाई प्रमाणीकरण गर्ने विकल्प के छ भनेर दाहालले बोल्दै गर्दा रास्वपाका सभापति रवि लामिछानेले फेरि सदनमा ल्याउने भनेर बसेकै सिटबाट आवाज दिएपछि प्रधानमन्त्रीले गलत भनेर प्रतिवाद गरे । 'सदनमा ल्याउने विकल्प भनेको अघिल्लो सदनले दुईपटक गरेको निर्णयलाई अपमान हो,' प्रचण्डले जवाफ दिँदै गर्दा एमाले सांसद सूर्य थापा क्षेत्री उठेर अवरोध गरे ।

प्रधानमन्त्रीले विपक्षीको कुरा आफूले धैर्यतापूर्वक सुनेको भन्दै आफ्नो तर्क सुन्न आग्रह गरे । सभामुख घिमिरेले प्रधानमन्त्रीलाई रोक्दै थापालाई समय दिए । प्रतिनिधिसभा अवधि सकिएपछि विचाराधीन विधेयक निष्क्रिय हुने जिकिर गर्दै प्रधानमन्त्रीले झुट बोलेको आरोप थापाले लगाए । मन्त्रिपरिषद्ले विधेयक सदनमा पठाउने भन्दै राष्ट्रपतिकहाँ सीधै जाने अधिकार नभएको उनले जिकिर गरे । प्रचण्डले जवाफ दिए, 'मलाई तर्क गर्न दिनुस्, तपाई विरोध गर्नुहोला ।'

सभामुख घिमिरेले प्रधानमन्त्रीले जवाफ दिने वेला छलफल गर्न नमिल्ने भन्दै नियमसंगत नभए असहमति र बाँकी विषय नोट गरेर राख्न ध्यानाकर्षण गराए । प्रधानमन्त्रीलाई बोल्न समय दिए । प्रधानमन्त्री प्रचण्डले सदनमा विचाराधीन विधेयक कार्यकाल सकिँदा शून्यमा परिणत हुने कुरा आफूलाई हेक्का रहेको जवाफ दिँदै दुईपटक पारित भएर राष्ट्रपतिकहाँ पुगेको नागरिकता विधेयकको अवस्था फरक भएको बताए ।

जवाफपछि विपक्षी सांसदहरूले फेरि उठेर अवरोध गरे । फेरि प्रधानमन्त्रीले बोल्न दिन अनुरोध गरे । विपक्षीबाट अवरोध भएपछि सत्तापक्ष उठेर प्रतिवाद गरे । एमालेका दुई सांसद रोस्ट्रमतिर अगाडि बढेपछि मर्यादापालक सुरक्षाका लागि रोस्ट्रमअगाडि परिचालन भएका थिए । त्यसपछि रोस्ट्रमतिर अघि बढेका विपक्षी सांसद फर्किए । मर्यादापालक पनि फिर्ता भएका थिए ।

सभामुख घिमिरेले प्रधानमन्त्री समय लिएर बोलिरहेका वेला पक्ष-विपक्षमा दोहोरी खेलेर अवरोध नगर्न ध्यानाकर्षण गराए । विषयभन्दा नियममा आपत्ति गर्न पनि ध्यानाकर्षण गराए । प्रधानमन्त्रीलाई कुरा राख्न दिन पुनः अनुरोध गरे । तर, एमाले सांसदले टेरेनन् । प्रधानमन्त्रीले पूरै कुरा सुनेपछि विरोध गर्न आग्रह गरे । विपक्षी सांसदले नटेरेपछि सत्तापक्ष फेरि उठे ।

सभामुखले रघुजी पन्तलाई नियमापत्तिमा बोल्न समय दिए ।

सत्तापक्ष सांसदले विरोध गरेपछि सभामुखले आलोपालो समय दिने बताएपछि पन्तले बोल्न थाले । अदालतले कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरिसकेको भन्दै आदेशको उल्लंघन हुने गरी बचाउ नगर्न माग गरे । राष्ट्रपति कार्यालयमा रहेको विधेयक निष्क्रिय रहेको आफूहरूको तर्कलाई अदालतले पनि मानेको र अहिलेको सभामुखको हस्ताक्षर नभएको विधेयक आधिकारिक नभएको तर्क गरे ।

विश्वप्रकाशले मत्थर पारे

राष्ट्रपतिले प्रमाणीकरण गरेर विधेयक निष्क्रिय रहेको एमालेको जिकिरका बीच सभामुखले कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मालाई समय दिए । शर्माले प्रतिपक्षी सांसदले बोल्दै गर्दा सत्तापक्षले होहल्ला गरेर डिस्टर्ब गर्ने र प्रधानमन्त्री रोस्ट्रममा बोलिरहेका वेला प्रतिपक्षले डिस्टर्ब गर्नु सही नभएको बताए । विधेयकमा सदनको सभामुखले प्रमाणित गर्ने भन्दै व्यक्तिलाई नचिन्ने जवाफ दिए ।

संविधानले अघिल्लो सदनमा उत्पत्ति भएको विधेयक यो सदनमा पनि आउन सक्ने बाटो दिएको र ल्याउनुहुँदैन नभनेको उल्लेख गर्दै सरकारले चाहेको भए ल्याउन सक्ने अवस्था रहेको बताए । तर, संविधानले दुईपटक पारित भएर राष्ट्रपतिकहाँ गएको विधेयक निष्क्रिय हुने परिकल्पना नगरेको उनको भनाइ थियो । 'नागरिकता विधेयक प्रतिनिधिसभा र राष्ट्रिय सभामा विचाराधीन थिएन । सभामा विचाराधीन रहेको भन्नु र दुईपटक पारित गरेर पठाएको भन्नुमा फरक हुन्छ,' उनले भने ।

त्यसपछि सभामुख घिमिरेले भावउत्तेजनामा आएर तर्क-वितर्कभन्दा पनि नियममा आधारित भएर कुरा राख्न आग्रह गर्दै बोल्न अनुरोध गरेपछि २३ मिनेट रोस्ट्रममा उभिएका प्रधानमन्त्री प्रचण्डले बोल्न सुरु गरेका थिए । 'राष्ट्रपतिले दुईपटक पारित भएर आएको होल्ड गर्दा के हुने भनेर संविधानले केही भनेको छैन । विज्ञसँग छलफलपछि मन्त्रिपरिषद्बाट अनुरोध गरिएको हो । मन्त्रिपरिषद्ले निर्णय गरेर सिफारिस गरेको होइन । संविधानमा त यो अधिकार पनि छैन,' प्रचण्डले भने ।

अनुरोधमार्फत विधेयक राष्ट्रपति कार्यालयमा छ भनेर सरकारले राष्ट्रपतिलाई औपचारिक जानकारी गराएको प्रधानमन्त्रीले बताए । 'यो अरूजस्तो विधेयक होइन । विशिष्ट स्थिति रह्यो । सरकारले राष्ट्रपतिजीलाई जानकारी दिएको हो । यदि जानकारी नदिएर सरकारले विधेयक यहाँ प्रस्तुत गऱ्यो भने खतरा हुन्छ । संवैधानिक परिषद्बाट सिफारिस गरेर पठायौं वा कुनै विधेयक पठायौं र राष्ट्रपतिले रोकिदियो भने स्थिति के हुन्छ ? लोकतन्त्र र संविधान के हुन्छ ? नजिर के बस्छ ? लोकतन्त्र र संविधानविरुद्ध राष्ट्रपतिले मन लागे गरिदिए र मन नलागे नगरिएदिए हुने भएपछि संविधान र लोकतन्त्रमाथि घात हुने भयो, त्यसकारण राष्ट्रपतिलाई जानकारी गराएर प्रमाणीकरण भइसकेपछि अब ट्र्याकमा आयो । संविधानलाई राष्ट्रपतिले स्वविवेकको आधारमा निर्णय गरेर संविधान डिरेल हुने खतरा टऱ्यो,' उनले भने ।

मुर्रा राँगामा व्यर्थको बहस

सात वर्षअघि नै मुर्रा राँगा ल्याउने समझदारी भएको जानकारी गराउँदै प्रचण्डले अहिले आउँदा मान्छेले आफूलाई भैंसी चढाएर हिँडाउँदै ट्रोल गरेको गुनासो गरे । त्यसपछि प्रश्नोत्तरका क्रममा रास्वपा सांसद शिशिर खनालले 'प्रधानमन्त्रीको भारत भ्रमणको क्रममा हामी चाहन्थ्यौं उहाँ प्लेन चढेर भर्खर उहाँले नै उद्घाटन गरेको पोखरा विमानस्थलमा झर्नुहुन्छ होला भनेर, दुर्भाग्यवश भैंसी चढेर आउनुपरेको कुरा आयो' भनेपछि माओवादी सांसदले उठेर समय मागे ।

खनालको प्रश्न नसकिँदै प्रमुख सचेतक हितराज पाण्डेले माइक समातेर नियमापत्ति गर्न खोजे । अर्कोतिर, प्रधानमन्त्रीसँग भ्रमणबारे थप स्पष्ट हुन प्रश्न गरिरहेका विपक्षी एमाले, रास्वपा, राप्रपाका सांसदहरू प्रतिवादमा उठे । सभामुखले पाण्डेलाई बोल्न समय दिए । 'संसद्मा मर्यादित शब्द प्रयोग गर्नुपर्छ, भैंसी चढेर आएको शब्द असंसदीय शब्द हो । रेकर्डबाट हटाइयोस् । प्रश्न गर्ने नाममा मानमर्दन नगरियोस्,' पाण्डेले माग गरे ।

विपक्षी सांसदले प्रतिवादमा प्रधानमन्त्रीले नै भैंसी चढाएको शब्द प्रयोग गरेको भन्दै बोल्न पाइने जिकिर गरे । एमालेका सूर्य थापा क्षेत्रीले प्रतिनिधिसभा नियमावलीको नियम २०(भ)को 'कुनै सदस्य बोलिरहेको बाधा पुग्ने काम गर्न नहुने' व्यवस्था उल्लेख गर्दै विपक्षी सांसद बोलिरहेका वेला सत्तापक्ष सांसदले दादागिरी देखाएको आरोप लगाए । बोल्न अधिकार कुण्ठित गर्न नपाइने जिकिर गर्दै स्वीकार्य नहुने चेतावनी दिए ।

सभामुख घिमिरेले आसन ग्रहण गर्न, समय लिएर आफ्ना कुरा राख्न अनुरोध गरे पनि विपक्षी सांसदले टेरेनन् । त्यसपछि घिमिरेले विपक्षी र सत्तापक्ष सांसदलाई मर्यादाभित्र रहेर प्रश्न गर्न अनुरोध गर्दै नियम २०(भ) आकर्षित हुने पनि ध्यानाकर्षण गराए । 'प्रश्न सोध्दै गर्दा बीचमै प्रतिवाद गर्न थालियो भने यहाँबाट रुलिङ गर्न नसक्ने स्थिति भएकाले त्यसमा ध्यान जाओस्,' उनले भने । सभामुखको ध्यानाकर्षणका बीच एमालेका रघुजी पन्त र रास्वपाका सांसदले उठेर असहमति जनाइरहेकै वेला सचिवालयसँग सल्लाह गरेर घिमिरेले 'भैंसी चढेर आएको भन्ने' शब्द रेकर्डबाट हटाउन सचिवालयलाई निर्देशन दिए । सत्तापक्षले ताली पिटेर स्वागत गऱ्यो भने विपक्षी सांसदहरू उठेर प्रधानमन्त्रीले नै उल्लेख गरेको शब्द भन्दै असहमति जनाए ।

सभामुख घिमिरेले एमालेका रघुजी पन्तलाई समय दिए, 'भैंसी चढेर भन्ने शब्द प्रधानमन्त्री स्वयंले रोस्ट्रमबाट भन्नुभएको छ । जब सत्तापक्षको विरोधमा भैंसी चढेर भन्ने शब्द असंसदीय भनेर हटाइन्छ भने प्रधानमन्त्री स्वयंले प्रयोग गरेको शब्द पनि हटाइयोस् ।' त्यसपछि समय पाएका रास्वपा सभापति रवि लामिछानेले प्रधानमन्त्रीले रोस्ट्रममै उभिएर प्रयोग गरेको शब्द दृष्टान्तस्वरूप आफ्नो सांसदले उल्लेख गर्दा संसद्को रेकर्डबाट हटाउने भए प्रधानमन्त्रीले बोलेको पनि हटाउन माग गरे । विपक्षी सांसद उठिरहेपछि सभामुख घिमिरेले भैंसी चढेर आएको शब्द जसले बोले पनि हटाउन निर्देशन दिए ।

विपक्षी सांसद प्रधानमन्त्रीले बोलेको भनेर उच्चारण गर्न माग गरे । सभामुख घिमिरेले जसले बोले पनि भन्नुको मतलब भैंसी चढेर आएको भन्ने शब्दलाई रेकर्डबाट हटाउन रुलिङ गरेको हुँदा यो शब्द कसले बोल्यो भन्ने विवादमा नजान र नयाँ विषयमा जान अनुरोध गरे । तर, विपक्षी सांसदहरू उभिएर असहमति प्रकट गरिरहे । अन्ततः सभामुख घिमिरेले भने, 'सदनमा छलफल चलिरहँदा देशको प्रधानमन्त्री प्रचण्डज्यू भारतबाट नेपाल आउँदा भैंसी चढेर आएको भन्ने शब्द रेकर्डमा रहनु उचित भएन । यस्तो शब्दलाई हटाउन रुलिङ गरेको छु । जहाँसम्म प्रधानमन्त्रीज्यू बोल्दा मलाई पनि भैंसी चढाएका थिए भन्ने रेकर्डमा आएको छ । भैंसी म पनि चढेको थिएँ, भैंसी चढाएका थिए भन्ने उहाँको कुराहरू आएको छ । त्यसैले यसलाई एकैठाउँ गाँसेर नहेरीकन भैंसी चढेर आएका हाम्रा प्रधानमन्त्री भारतबाट भन्ने रेकर्ड हाम्रो संसद्को इतिहासमा उचित हुन्न भनेर रुलिङ गरेको अनुरोध गर्छु ।'

नियमावली टेकेर असहमति र नियमापत्ति राख्न र व्ययवस्थित ढंगबाट सदन सञ्चालन गर्न सभामुखले अनुरोध पनि गरेका थिए । त्यसपछि सांसद खनालले आफ्नो प्रश्न पूरा गर्दै कारबाही अगाडि बढेको थियो । संसद्को १७ मिनेट समय भैंसी चढाएको शब्दको वादविवादमा खर्च भएको थियो ।

हिन्दू राष्ट्रबारे कुरा भएन

प्रधानमन्त्री प्रचण्डलेले धार्मिक पर्यटन प्रवर्द्धनका लागि उज्जैनको महाकालेश्वर मन्दिर पुगेको र प्रोटोकलका कारण गेरुवावस्त्र लगाएको बताए । 'म धर्मनिरपेक्षतावादी हुँ । राज्यले कुनै धर्मलाई टाढा र कुनैलाई नजिक बनाउने गर्नुहुन्न भन्ने हुँ म । उज्जैनमा धार्मिक भ्रमणले धार्मिक पर्यटन प्रवर्द्धनमा मद्दत पुगेको छ,' उनले भने । दाहालले भारत भ्रमणका क्रममा राजा र हिन्दू राष्ट्रबारे एक शब्द उच्चारण नभएको र त्यसमा प्रवेश नगरेको स्पष्ट पारे ।

सीमाबारे ढाँटेको छैन

सिमानाको समस्या हल गर्न खुलस्त कुरा राखेको र भारतका प्रधानमन्त्रीले सीमा समस्या हल गरिन्छ र सम्बन्ध हिमालको उचाइमा पुऱ्याइन्छ भनेर बोलिएको पहिलोपटक भएको उनले बताए । 'मैले कहीं पनि विकल्प यो हुन्छ र यसमा जाउँ भनेर प्रस्तावित गरेको छैन । नेपालको भूमि हो भनेर स्थापित गर्ने पहिलो कुरा हो । लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको भूमि हो भन्ने स्थापित गर्नमा मैले भूमिका खेलेको छु । मैले कुनै विकल्पको कुरा गरेको छैन । नेपालका केही विज्ञ र बुद्धिजीवीले गरेको अध्ययनका आधारमा यस्ता कुरा पनि छन् भनेको हुँ, यो गर्नुपर्छ भनेको छैन,' उनले भने ।

पहिला नेपालको भूमि स्थापित हुनुपर्छ भनेको र बंगलादेश मोडेल मेरो कुरा नभएको उनको भनाइ थियो । 'प्रतिपक्षीसँग नजिक भएका बुद्धिजीवीले नै मलाई बंगलादेश जाने बाटो पाउने हो भने हुन्छ भनेर सुझाएका छन् । विज्ञहरूले यो पनि भन्ने गरेका छन्, मुख्यतः सीमा समस्या हल गर्ने कुरा हो भनेको छु । समस्या स्थायी र दिगो रूपमा समाधान गर्न विकल्प हुन सक्छन् मात्रै भनिएको कुरालाई अतिरञ्जित ढंगले लिएर जनमानसमा भ्रम नफैलाऔं,' उनले भने ।

एमालेका रघुजी पन्तले बंगलादेशको फूलबारीसँग लिम्पियाधुरा साटफेर गर्न मिल्छ भन्ने विषय आफूले नउठाएको भनेर प्रधानमन्त्रीले ढाँटेको आरोप लगाए । 'प्रधानमन्त्रीको अन्तर्वार्तामा त्यो कुरा छ । अरू कसैले उठाएको छैन । उहाँ स्वयंले उठाउनुभएको छ । संविधानले क्षेत्र साटफेर गर्ने अधिकार दिएको छैन । गलत जानकारी दिएकाले उहाँले माफी माग्नुपर्छ,' उनले भने ।

जवाफमा प्रधानमन्त्रीले विभिन्न विज्ञहरूले अध्ययन गरेर लामो समयदेखि विकल्प सुझाएको, तर यो विषय भारतसँग नराखेको स्पष्ट पारे । 'विकल्प मेरो विषय होइन । हाम्रो भूमि हो, स्थापित गर्ने पहिलो प्राथमिकता हो । त्यसपछि पछि कसरी जाने पछिको कुरा हो । भारतसँग विकल्पबारे कुनै चर्चा भएको छैन,' उनले भने । अखण्ड भारतको नक्सामा नेपालको कपिलवस्तु र लुम्बिनी राखिएको विषयमा पनि भारतसँग कुरा राखेको र उनीहरूले सांस्कृतिक र ऐतिहासिक भन्ने तर्क गरेको बताए । इपिजी प्रतिवेदन, लक्ष्मणपुर बाँध, डुबानलगायत देशभरका सीमा समस्या समाधान गर्न कुरा भएको उनले जानकारी गराए ।

माओवादीले आज...

पृष्ठ १ बाट क्रमशः

जनाएको छ । कांग्रेस, एकीकृत समाजवादी र जसपाले एमाले नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिन दबाब बढाएपछि माओवादीले औपचारिक निर्णय लिन लागेको हो । माओवादीमा नीति तथा कार्यक्रम र बजेटअगाडि नै सरकार छाड्ने कि पछाडि भन्नेबारे दुईथरी मत छ । सोमबारको बैठकले माओवादीले दलका नेता इन्द्रबहादुर आङ्बोको नेतृत्वमा सरकारलाई दिएको समर्थन के गर्ने भन्नेबारे निर्णय लिन कार्यदल गठन गरेको छ । माओवादी सांसद गणेश उप्रेतीले प्रदेशको नामकरणबारे हतारमा निर्णय गर्दा त्रुटि भएकाले सरकारको समर्थनबारे प्रदेशका शीर्ष नेताहरूसहित मंगलबार बस्ने बैठकले निर्णय गर्ने बताए । 'हतारमा निर्णय गरेर पछुताउनुभन्दा नेताहरूको सुझाव लिएर मात्र निर्णय गर्ने सहमति भयो । सरकारको समर्थनबारे भोलि टुंगो लाग्छ,' उनले भने । संघको गठबन्धनमा रहेका दलहरूले निरन्तर दबाब बढाइरहेकाले कोसी प्रदेशमा नीति तथा कार्यक्रम र बजेटअगाडि नै माओवादीले सरकारलाई दिएको समर्थन फिर्ता हुने सम्भावना बढेको छ ।

कांग्रेस कोसी प्रदेशका चौधवटै जिल्ला सभापतिहरूको बैठकले एमाले नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता गरेर संघको परिवर्तनकारी गठबन्धनलाई कार्यान्वयन गर्न माओवादीलाई दबाब दिइसकेको छ । सरकारमा सामेल जनता समाजवादी पार्टीले सरकारले पहिचान पक्षधरको आन्दोलनमा दमन गरेको भन्दै समर्थन फिर्ता लिइसकेको छ । कोसी प्रदेशमा एमालेका हिक्मत कार्की मुख्यमन्त्री छन् । उनको सरकारमा माओवादीका दुईजना मन्त्री सामेल छन् । नौवटा मन्त्रालयमध्ये कार्कीले आन्तरिक मामिला र आर्थिक मामिला मन्त्रालय आफैंले राखेका छन् । सभामुखसहित कुल ९३ जना सांसद रहेको कोसी प्रदेश सभामा एमाले ४०, कांग्रेस २९, सभामुखसहित माओवादी १३, राप्रपा ६, एकीकृत समाजवादी चार र जनता समाजवादीका एकजना सांसद छन् । कोसीमा बहुमतको सरकार गठन गर्न ४७ सांसद चाहिन्छ । माओवादीले समर्थन फिर्ता लिएमा एमाले नेतृत्वको गठबन्धन सरकार अल्पमतमा पर्नेछ ।

आमाको...

पृष्ठ १ बाट क्रमशः

सेती प्रादेशिक अस्पतालमा निधन भएको थियो । आशाका पति मन्तामे मानसिक समस्याले पीडित भएकाले बालबालिका छिमेकीको शरणमा पुगेका थिए । आमा बितेपछि सुशीलाको दैनिकी भाइबहिनी, आठ वर्षीया सुमिता, ६ वर्षीया सोमिया, चार वर्षीय शिशिर, दुई वर्षीय सिभान र एकमहिने सृष्टिको रेखदेखमा बित्ने गरेको थियो ।

आमाको मृत्यु भएपछि १० वर्षीया बालिकाको काँधमा पाँच भाइबहिनीको जिम्मेवारी आइलागेको समाचार नयाँ पत्रिकाले सोमबारको अंकमा प्रकाशन गरेको थियो ।

भावपूर्ण श्रद्धाञ्जली



जन्म
वि.सं. २०२५ श्रावण २ गते

स्वर्गारोहण
वि.सं. २०८० जेष्ठ ११ गते

स्व. बाल कुमारी श्रेष्ठ

हाम्रा ममतामयी श्रीमती/माता बाल कुमारी श्रेष्ठको असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुखद् घडिमा हामीलाई समवेदना तथा सहयोग गरि पाल्नुहुने सम्पूर्ण आफन्तजन, ईष्टमित्र, नातेदार, छरछिमेक तथा शुभेच्छुक महानुभावहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

श्रीमान : राजन कुमार श्रेष्ठ

छोरा/बुहारी
डा.सुबोध/डा. नम्रता श्रेष्ठ

छोरी/ज्वाईं
पुष्पा/प्रदिप थापा
जेनी/पशुपती श्रेष्ठ

नातिनीहरु
परिसा थापा, पार्शभी श्रेष्ठ

आमाजु/पुसाजु
भानु/दिनेश्वर भक्त श्रेष्ठ

जेठानी दिदी/देवर/देवरानी
मुना श्रेष्ठ
मदन/राधा श्रेष्ठ
उपरथी निरन्जन (अ.प्रा.)/कमला श्रेष्ठ

छोरा/बुहारी
विपिन/निशा, अनुप/तृष्णा
आशिष/सिमा, रविन/पलिना
निरज/कुशल श्रेष्ठ

नाती/नातिनी
प्रेसिया, विनिस, जेसन, काईरभ, आसेर, माया

भान्जी/भान्जीज्वाईं/नातिनी
सुप्री/प्रभास, श्रृजा श्रेष्ठ, प्रिष्णा श्रेष्ठ

दिदी/भिनाजु
सवरी/हिम कुमार श्रेष्ठ
यचना/रेशम बाबु श्रेष्ठ
मना/रामलाल श्रेष्ठ

भाई/बुहारी
ज्योती/श्रृजना पिया

भदा/भदीनी
कुशल, कृतन, श्रीयसी

छोरा/बुहारी (दिदि तर्फ)
कल्याण/खगेश्वरी श्रेष्ठ
कैलाश/सोनी श्रेष्ठ
सोवित/ईसा श्रेष्ठ
डा. एलोज/डा. पिन्की श्रेष्ठ
रोनीत/अमीता श्रेष्ठ
एलविस श्रेष्ठ

छोरी/ज्वाईं
अर्चना/शिववावु श्रेष्ठ
सोनिसा श्रेष्ठ

नाति/नातिना
सिमरन, सार्थक, सारा
केलिन, ईभान श्रेष्ठ

तथा समस्त श्रेष्ठ परिवार

बिरामी कुर्दा...

पृष्ठ १ बाट क्रमशः

सामान राख्ने ठाउँसम्म नहुँदा सामान चोरीसँगै कुरुवामा अन्य मानसिक समस्या पनि देखिने गरेको छ । सोमबार साँझ बाराका मधुसूदन साह र उनका आफन्त वीरको जाइका भवनको भुइँतलाको भऱ्याङमुनि कुनामा खाना खाइरहेका थिए । ५२ वर्षीया श्रीमतीलाई मिर्गौलामा समस्या देखिएपछि शुक्रबारदेखि अस्पतालमा कुरुवा बसिरहेका मधुसूदनको खाना खाने र सुत्ने ठाउँ नै भऱ्याङमुनिको कुना बनेको छ । पर्साबाट आएका तीन आफन्त पनि उनीसँगै अस्पतालमै कुरुवा बसेका छन् । राति यही ठाउँमा सुत्ने मधुसूदन आफैं बिरामी पर्न थालेका छन् । 'अस्पताल आएदेखि नुहाउन पाएको छैन । झोलामा फेर्ने लुगा छ, तर फेर्ने ठाउँ नहुँदा पाँच दिनदेखि एउटै लुगामा छु । शौचालय जान पनि लाइन लाग्नुपर्छ,' उनले भने, 'भुइँमै रात बिताउनुपर्दा म आफैं बिरामी पर्न थालिसकेँ । साँझपखपछि ज्वरो आउँछ ।'

त्यस्तै, काठमाडौं बौद्धकी सुष्मा खतिवडा पनि ससुराको कुरुवा बनेर डेढ सातादेखि वीरमै छिन् । ससुराको कलेजोमा समस्या देखिएपछि अस्पताल ल्याएका उनका दुई बच्चासमेत सोमबार साँझ अस्पतालमै थिए । 'ससुरा आइसियूमा हुनुहुन्छ । कहिलेसम्म अस्पताल बस्नुपर्छ, टुंगो छैन । राति पनि औषधि ल्याउनुपर्ने भएकाले वार्डनजिकै बस्नुपर्छ । चिसो भुइँमा ओछ्यान लगाएर बसेका छौं, तर एकातिर चिसो, अर्कोतिर मोबाइल, चार्जर, पैसा चोरी हुने डरले राति निद्रा लाग्दैन,' उनले भनिन्, 'बच्चाहरू पनि सानै छन्, मेरो न्याम्रो लागेर होला वेला-वेला अस्पतालमै आउँछन् । उनीहरूलाई चिसो भुइँमै सुताउन बाध्य छु ।'

वीरमा भर्ना गरिएका सबै बिरामीका कुरुवाको हालत एउटै छ । साँझ परेसँगै उनीहरू वार्डबाहिरका करिडोरमा लहरै सुतिरहेका भेटिन्छन् । वीरका निर्देशक डा. सन्तोष पौडेल भने भोटाहिटीतर्फ निस्किने बाटोको साइडमा कुरुवाघर बनाउने तयारी गरिए पनि बजेट अभावमा निर्माण थाल्न नसकिएको बताउँछन् ।

राजधानीका सबैजसो ठूला अस्पतालमा कुरुवाघरको अभाव

वीर र कान्तिमा मात्रै होइन, कुरुवाघर नहुँदाको दुःख राजधानीका सबैजसो ठूला अस्पतालमा छ । त्रिवि शिक्षण अस्पताल, सिभिल, पाटन, टेकुजस्ता अत्यधिक भिडभाड हुने अस्पतालमै कुरुवाघरको अभाव छ । कुरुवाघर आवश्यक भए पनि बजेट र ठाउँ अभावका कारण निर्माण गर्न नसकिएको ती अस्पतालका प्रशासनको जवाफ आउँछ ।

त्रिवि शिक्षण अस्पतालमा क्रिटिकल केयरका बिरामीका लागि २० बेडको कुरुवाघर छ । तर, क्रिकिटल केयरका बिरामीका कुरुवा नै त्यहाँ नअटाउने भएपछि सुरेश वाग्ले भवनको पेटीसमेत छुट्याइएको छ । अन्य बिरामीका कुरुवा भने सम्बन्धित वार्डबाहिर पेटीमै सुत्न बाध्य छन् ।

क्रिटिकल केयरमा राखेर उपचार गर्नुपर्ने बिरामीलाई अस्पतालले केही संख्यामा कुरुवा बस्ने व्यवस्था मिलाए पनि सबै कुरुवाका लागि व्यवस्थित कुरुवाघर सञ्चालनमा ल्याउन नसकिएको बताउँछन् त्रिवि शिक्षण अस्पतालका प्रवक्ता प्रमोदकुमार निरौला । 'अस्पतालमा खाली रहेका केही वार्डमा पुराना सोफाहरू कुरुवाले प्रयोग गर्न मिल्ने गरी राख्ने व्यवस्था गरिएको छ । तर, अस्पतालमा बिरामी राख्ने बेडहरू नै पर्याप्त छैनन्, यस्तो अवस्थामा कुरुवाका लागि छुट्टै व्यवस्था गर्न नसकिने अवस्था छ,' उनले भने, 'केही दातृ निकायले कुरुवाघर बनाउन सहयोग गर्ने बताए पनि प्रक्रिया थाल्न सकिएको छैन ।'

सिभिलमा पनि समस्या उस्तै छ । अधिकांश बिरामीका लागि कम्तीमा दुईजना कुरुवा आवश्यक पर्छ । तर, अस्पताल निर्देशक डा. दयानिधि पौडेल एकभन्दा बढी कुरुवा बस्दा झन् समस्या हुने गरेको बताउँछन् ।

'क्रिटिकल केयरबाहेकका वार्डहरूमा बिरामीका कुरुवालाई राति सुत्न सजिलो होस् भनेर फोल्डिङ चेयर राखेका छौं । त्यहाँ एकजनालाई आराम गर्न सुविधा छ,' उनले भने, 'तर, एक बिरामीसँग चार-पाँचजनासम्म कुरुवा आउँदा समस्या हुन्छ । कुरुवाको होहल्लाले बिरामीलाई नै समस्या पर्छ भन्ने कुरा पनि बुझ्न आवश्यक छ ।'

■ कान्तिको कुरुवाघर नवजात शिशुका सुसारेलाई नै ठिक्क, अन्य बिरामीका कुरुवा छिँडीमै



चार वर्षीय छोरा विपिनलाई ज्वरो आउने र बेहोस हुने समस्या लामो समयसम्म पनि ठीक नभएपछि सप्तरीका अमरेश साह कान्ति बाल अस्पतालमा कुरुवा बसेको तीन साताभन्दा बढी भयो । न्युरो सर्जरी वार्डमा उपचाररत विपिनको हेरचाहका लागि अमरेशकी श्रीमती पनि अर्का पाँच वर्षका जेठा छोरा लिएर अस्पतालमै छिन् । तर, लामो समयसम्म भुइँमा प्लास्टिकको म्याट ओछ्याएर दिनरात व्यतित गरेका आमा-छोरा नै ज्वरो आउने र झाडापखाला लाग्ने समस्याले ग्रस्त छन् । 'सानो छोरा बिरामी परेर अस्पताल आएको तीन साताभन्दा बढी भयो । दुईजना कुरुवा नभई नहुने भएपछि श्रीमतीलाई पनि त्यात्तिकै पर्ने भयो । तर, साना छोराहरू आमाबाहेक अरूसँग नबस्ने भएपछि उसलाई आफन्तकोमा पठाउन पनि सकिएन,' अमरेशले भने, 'राति चिसो भुइँमा सुत्नुपर्दा अहिले उनीहरू नै बिरामी परेका छन् । औषधि नै खानुपरेको छ ।' कान्ति अस्पतालले बिरामीको कुरुवाका लागि भनेर पहिलो तलामा ३० बेडको छुट्टै वार्ड र पाँचजनालाई खाना पकाउन मिल्ने भान्साकोठाको व्यवस्था गरिदिएको छ । तर, उक्त कुरुवाघर नवजात शिशुको स्याहारका लागि आएकाहरूले भरिने भएकाले अन्य बिरामीका कुरुवाले ठाउँ नै पाउँदैनन् । बिरामीको चापअनुसार कुरुवाघरको क्षमता नहुँदा समस्या भइरहेको कुरुवाहरू बताउँछन् ।

रिलायन्स फाइनान्स लिमिटेडका ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मितिः २०८०/०२/२३)

तपाई तपसिलका ऋणी/ऋणीहरुले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससंग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई

मंगलबार २३ जेठ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

‘ए’ डिभिजन लिगमा विवादित बन्दै रेफ्री

लिगको २४ चरणसम्मका खेल सञ्चालन गर्ने रेफ्रीहरूको निर्णयबाट सबै क्लब असन्तुष्ट

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

सहिद स्मारक ‘ए’ डिभिजन लिग फुटबल प्रतियोगिताको उपाधि विजेता लगभग टुंगो लाग्ने अवस्था छ। अबको एक खेलले नवप्रवेशी चर्च ब्वाइज युनाइटेड क्लब च्याम्पियन हुने वा नहुने निर्धारण हुनेछ। चर्च ब्वाइजलाई पहिलो सहभागितामै च्याम्पियन बन्न केवल एक अंक आवश्यक छ। साबिक दुईपटकको विजेता मच्छिन्द्र फुटबल क्लबको उपाधि रक्षा गर्ने केवल गणितीय आधार मात्र बाँकी रहेको छ।

चर्च ब्वाइज लिगको अन्तिम दुई खेलमा पराजित हुँदा मात्र मच्छिन्द्रको उपाधि ह्याट्रिक सपना पूरा हुनेछ। तर, चर्च ब्वाइजको फर्म र लगातारको उत्कृष्ट प्रदर्शनका कारण मच्छिन्द्रको ह्याट्रिक उपाधि रक्षा गर्ने सपना सम्भव देखिँदैन।

लिगको सुरुवाती चरणमा निकै कमजोर प्रदर्शन गरेको मच्छिन्द्रले दोस्रो लेगमा मात्र उत्कृष्ट खेल खेल्यो। कतिपय महत्त्वपूर्ण खेलमा मच्छिन्द्रले स्पष्ट अंक गुमाएको थियो। लिग क्लाइमेक्सउन्मुख भइरहँदा मच्छिन्द्रका खेलाडी तथा पदाधिकारीले क्लब उपाधि होडबाट टाढिनुको प्रमुख कारणका रूपमा खेल सञ्चालक रेफ्रीको गलत निर्णय दाबी गर्छ। प्रतियोगिताको आइतबार मच्छिन्द्र अप्रत्याशित रूपमा नेपाल पुलिस क्लबसँग २-१ ले स्तब्ध भएको थियो। पुलिससँग पराजित हुँदा नै मच्छिन्द्रको ह्याट्रिक उपाधि लक्ष्य टाढा बन्न पुगेको हो।

पुलिसलाई पराजित गर्दा मच्छिन्द्र शीर्ष स्थानको चर्च ब्वाइजसँग दुई अंक दूरीमा रहन्थ्यो। तर, सोचेजस्तो निर्णय नआउँदा मच्छिन्द्रले हारको सबै दोष रेफ्रीमाथि लगाए। खेल सञ्चालन गरेका रेफ्री पञ्जल क्षेत्रीमाथि खेलाडीले अन्तिममा हातपातको कोसिससमेत गरेका थिए। मच्छिन्द्रका आशिष श्रेष्ठले रेफ्री क्षेत्रीमाथि हातपात गर्दा रातो कार्ड नै पाए। प्रशिक्षक किशोरकुमार केसीले गलत निर्णयका कारण आफूहरू पराजित भएको जनाए।

महत्त्वपूर्ण खेलमा विवाद

लिगमा यो एउटा उदाहरण मात्र हो। लिगको २४ चरणका खेल समीक्षा गर्दा खेल सञ्चालन गर्ने रेफ्रीहरूको निर्णयबाट कोही पनि खुसी हुन सकेनन्। प्रत्येक चरणमा रेफ्रीले केही न केही विवाद निकाल्ने गरेका छन्। घरेलु फुटबल प्रतियोगिताकै मेरुदण्ड मानिने ए डिभिजन लिग सञ्चालक रेफ्रीहरूले माथिल्लो स्तरको निर्णय गर्न नसकेको र खेलसमेत नियन्त्रणमा राख्न नसकेको आरोप खेपिरहेका छन्। अक्सर लिगमा हेभिवेट क्लबबीच प्रतिस्पर्धा हुँदा रेफ्रीकै कारण विवाद उत्पन्न भए। रेफ्रीले क्लबका मुख्य खेलाडीलाई रातो वा चेतावनी कार्ड देखाउँदा खेल बिथोलिएका उदाहरण देखिए।



पुलिसविरुद्ध पेनाल्टी नदिएपछि मच्छिन्द्रका खेलाडी रेफ्रीसँग विवाद गर्दै। तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

‘कतिपय अवस्थामा हराउने उद्देश्यका साथ रेफ्रीले नै अनावश्यक विवाद निकाल्ने कार्य गरे,’ सहभागी एक क्लबका पदाधिकारीले भने, ‘पेनाल्टी नहुँदा पेनाल्टी दिने र दिनुपर्ने वेलामा केही निर्णय गर्ने रेफ्रीको नियतिजस्तै लाग्यो।’ खेलाडीमाथिको लगानी खेर जानु र लिगमा लक्ष्य राखेको स्थान हात पार्न नसक्नुपछाडि पनि रेफ्रीको गलत निर्णय भएको उनी बताउँछन्। ‘हामीमा राम्रो स्थान प्राप्त गर्न क्लबले करोडभन्दा माथि लगानी गरेको छ, तर रेफ्रीले ती सबै लगानी व्यर्थ पारे,’ अंकतालिकाको मध्यम स्थानमा सीमित बनेको क्लबका पदाधिकारीले भने।

विवादमा एन्फा चुप

हरेक फुटबल खेल्ने राष्ट्रले सञ्चालन गर्ने शीर्ष डिभिजन लिगमा विभिन्न कमिटी बनाइन्छ। लिगलाई व्यवस्थित र विवादरहित बनाउन ती समितिलाई कारबाही गर्नसमेत अधिकार प्राप्त हुन्छ। सहिद स्मारक ‘ए’ डिभिजन लिगको आयोजक अखिल नेपाल फुटबल संघ (एन्फा) ले समिति बनाएको छ। अनुशासनदेखि रेफ्री कमिटीसम्म छन्। तर, दरशथ रंगशाला, च्यासल तथा सातदोबाटोका मैदानमा विवाद आउँदा ती कमिटीले कडा कदम चालेको देखिँदैन। उनीहरूले पदाधिकारी र खेलाडीलाई मात्र सामान्य कारबाही गरेका छन्। तर, रेफ्रीविरुद्ध उजुरी दिइएका मुद्दामा अहिलेसम्म केही पनि सुनुवाइ भएको छैन। क्लबका पदाधिकारीहरूले पनि रेफ्रीविरुद्ध राखेको उजुरीमाथि कुनै कारबाही नभएको जनाएका छन्। उनीहरूले कम्तीमा स्पष्ट गल्ती गरेका रेफ्रीलाई कारबाही हुनुपर्ने माग राखेका छन्।

फोर्थ अफिसियलकै कारण आइतबार दशरथ रंगशालामा मनाङ मर्स्याङ्दी क्लब र फ्रेन्ड्स क्लबबीचको खेल विवादमुक्त भएन। खेलमा पेनाल्टीको निर्णय विवादित बनेको थियो। जसका कारण रेफ्री कविन व्यञ्जनकारमाथि हातपातको प्रयाससमेत भएको थियो। पेनाल्टीको निर्णयपछि नै पटक-पटक फोर्थ अफिसियलसँग मनाङका अध्यक्ष विजय घलेले १० मिनेटको इन्जुरी मिनेट थप हुँदा थप आक्रोशित बने। मनाङका पदाधिकारीले खेल सकिएलगत्तै अपशब्द प्रयोग गरेका थिए।

खेल संक्षेप

पौडीमा थप चार कीर्तिमान

काठमाडौं/ ११औं एनएसए कप पौडी प्रतियोगितामा सोमबार थप चार कीर्तिमान कायम भएका छन्। नेपाल पौडी संघको आयोजनामा भइरहेको प्रतियोगिताको दोस्रो दिन एलेक्सजेन्डर शाहले ५० मिटर र सय मिटर फ्रिस्टाइलमा दुई कीर्तिमान राखेका हुन्। ५० मिटर फ्रिस्टाइलमा एलेक्सले हिट चरणमा आफ्नै नाममा रहेको २४.९७ सेकेन्ड समयमा सुधार गर्दै २४.१२ सेकेन्डमा दूरी पूरा गरेका थिए। उनले फाइनलमा समय सुधार गर्दै २३.९७ सेकेन्डको नयाँ कीर्तिमान कायम गरे। सय मिटरमा एलेक्सले आफ्नो नाममा रहेको ५३.४१ सेकेन्ड समयमा सुधार गर्दै ५२.९६ सेकेन्ड समयका साथ नयाँ कीर्तिमान कायम गरेका हुन्।

हिसान दौडमा विकेश पहिलो

काठमाडौं/ पिनाकल कलेजका विकेश धिमिरे र जय मल्टिपलकी हृदय राई प्रथम हिसान दौडमा सोमबार पहिलो भएका छन्। चार किमि दौड प्रतियोगिताको पुरुषमा विकेश र महिलामा हृदयले उपाधि जितेका हुन्। प्रतियोगिताको पुरुषमा पिनाकलका निनम राई दोस्रो तथा पिनाकलकै नकुल घर्ती तेस्रो भए। विश्व वातारण दिवसका अवसरमा आयोजित दौडको महिलामा कलेज अफ सेन्ट्रल स्टेटकी अस्मिता तामाङ दोस्रो तथा भेनसकी सुकलामो तामाङ तेस्रो स्थानमा रहे। पुरुष र महिलामा पहिलो हुने खेलाडीले समान १५ हजार रुपयाँ पाएका छन्।

सञ्जय र कवितालाई उपाधि

कास्की/ स्याङ्जाका सञ्जयकुमार गुप्ता र गोरखाकी कविता नेपालीले प्रथम गण्डकी प्रदेशस्तरीय फुल कन्ट्याक्ट करँते प्रतियोगिताको उपाधि जितेका छन्। पुरुषमा सञ्जय र महिलामा कविता पहिलो भएका हुन्। प्रतियोगिताअन्तर्गत ३५ केजी तौल पुरुषतर्फ स्याङ्जाका सुरेश सार्कीले स्वर्ण पदक हात पारे। उनी प्रतियोगिताको उत्कृष्ट खेलाडीसमेत घोषित भएका थिए। तनहुँका सन्जन गुरुङले रजत जिते। ५५ केजीतर्फ स्याङ्जाका नीरज रानामगरले स्वर्ण र कास्कीका दिपेश ठकुरीले रजत जिते। ५० केजी महिलातर्फ कास्कीकी सरगम कुमालले स्वर्ण भिडन्तमा कास्कीकै मेनुका अधिकारीलाई हराइन्।

भद्रकाली र साइपालको जित

काठमाडौं/ भद्रकाली र साइपाल एकेडेमीले प्रथम बिएमसिए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषमा सोमबार जित हात पारेका छन्। प्रतियोगितामा भद्रकालीले स्कलर्स होमलाई ४३-३७ ले पराजित गऱ्यो। भद्रकालीको जितमा प्रतीक राईले २० स्कोरको योगदान गरे। साइपालले बिएमसिए ‘ए’ लाई २९-२० ले हरायो। सिनियर पुरुषमा सेन्ट जोसेफले एचएचसिएलाई ५२-४९ तथा बुढानीलकण्ठ आश्रमले नेसनल युनाइटेडलाई ३२-२५ ले पाखा लगाए। सिनियर महिलामा एचएचसिएले साइपाललाई ३१-२३ तथा ग्रिनल्यान्डले सेन्ट जेभियर्सलाई २१-१७ ले पन्छाए।

ज्लाटनद्वारा सन्न्यास घोषणा

व्यावसायिक क्लब फुटबल प्रतियोगितामा ३४ उपाधि जितेका स्विडेनका स्ट्राइकर ज्लाटनले समग्र खेलबाटै सन्न्यास लिए



मिलान/ सिरिए क्लब एसी मिलानका स्ट्राइकर ज्लाटन इब्राहिमोभिकले व्यावसायिक फुटबलबाट आइतबार सन्न्यास घोषणा गरेका छन्। ज्लाटनले सिरिए लिगको समापनसँगै व्यावसायिक फुटबलबाट सन्न्यास लिने घोषणा गरिसकेका थिए। सिरि ए लिगको आइतबार अन्तिम खेल थियो। उनले एसी मिलानबाट खेल्न पाउँदा खुसी र करिअरबाट बिदा हुँदा दुःख लागेको बताएका छन्।

स्विडेनका भेट्रान स्ट्राइकर ज्लाटनले करिअरमा आबद्ध क्लबमा प्रिमियर लिग उपाधि जिते। उनले पेरिस सेन्ट जर्मेन (पिएसजी), म्यानचेस्टर युनाइटेड, एसी मिलान र इन्टर मिलानबाट व्यावसायिक फुटबल खेलेका थिए।

एसी मिलानका समर्थकलाई अन्तिमपटक सम्बोधन गर्दै ज्लाटनले फुटबलबाट टाढिएको बताएका छन्। ‘अहिले म केवल फुटबलबाट टाढिएको हुँ, समर्थकको मनबाट टाढिनेछैन,’ भावुक हुँदै उनले भने। युरोपका चर्चित क्लबबाट प्रतिस्पर्धा गरेका ज्लाटनले करिअरमा व्यावसायिक क्लब लेभलमा पाँच सय ११ गोल गरेका छन्। करिअरमा ज्लाटनले समग्रमा १४ पटक शीर्ष डिभिजनको प्रिमियर लिग उपाधि उचाले। उनले करिअरमा विभिन्न देशमा खेल्दा ३४ उपाधि हात पारे। क्रिस्टियानो रोनाल्डो र लियोनल मेसीका समकक्षीका रूपमा ज्लाटनलाई लिने गरिन्छ।

उत्कृष्ट फर्ममा रहँदा ज्लाटनले दुवै खेलाडीलाई बालोन डिअर उपाधिमाथि दबाब राखेका थिए। कीर्तिमानी रूपमा उनी ११ पटक फिफाले प्रदान गर्ने बालोन डिअरको मनोनयनमा परेका थिए। तर, दुर्भाग्यवश उनी एकपटक पनि फिफाको सर्वोत्कृष्ट खेलाडी बन्न सकेनन्। क्लबस्तरीय करिअरमा उनले सबैभन्दा ठूलो उपाधि हात पारेको नै युरोपा लिग थियो। सन् २०१७ मा इंग्लिस क्लब म्यानचेस्टर युनाइटेडमा आबद्ध हुँदा ज्लाटनले युरोपा लिगको उपाधि चुमेका थिए।

माल्मोदेखि एसी मिलानसम्म

ज्लाटनले सन् १९९९ मा क्लबस्तरीय फुटबल सुरुवात गरेका थिए। उनले स्विडेनकै माल्मो क्लबमा दुई वर्ष बिताए। सन् २००१ पछि नेदरल्यान्ड्सको एज्याक्समा आबद्ध भए। एज्याक्सबाट उनले तीन उपाधि जिते। तीन वर्षपछि उनी सिरिए क्लब युभेन्टससँग जोडिए। युभेन्टसमा उनले दुईपटक सिरिए लिग जिते। सन् २००९ मा स्पेनिस क्लब बार्सिलोनासँग उनी अनुबन्धित भए। उनको समयमा बार्सिलोनामा एकसेएक खेलाडी थिए। त्यसवेला मेसी, एन्ड्रेस इनिस्टा, सावी र कार्लोस पियुलजस्ता खेलाडीसँग उनले ड्रेसिङ रुम सेयर गरेका थिए। बार्सिलोनामा केवल एक वर्ष मात्र बस्दा उनले स्पेनिस ला लिगको उपाधि ट्रफी उचालेका थिए।

फ्रान्सको पिएसजीमा उनले आफ्नो भविष्य खोजे। त्यसवेला पिएसजीले विश्वका राम्रा खेलाडी भित्र्याउने अभियान चलाएको थियो। उनले पिएसजीमा चार सिजन बिताउँदा चार लिग वान उपाधि हात पारेका थिए। पिएसजीबाट एक सय २२ खेलमा उनले एक सय १३ गोल गरेका थिए। सन् २०१६ मा उनी इंग्लिस क्लब म्यानचेस्टर युनाइटेडसँग आबद्ध भए। म्यानचेस्टरमा दुई वर्ष रहँदा उनले लिग कप र युरोपा कप जिते। युरोपियन फुटबललाई छाडेर ज्लाटन अमेरिकन क्लब एलए ग्यालेक्सीसँग आबद्ध भए। सन् २०२० मा उनी पुनः एसी मिलानमै फर्किए। उनले एसी मिलानबाट एक सय ६३ खेलमा ९३ गोल गरेका थिए।

६२ अन्तर्राष्ट्रिय गोल

स्विडेन फुटबल इतिहासमा ज्लाटन उत्कृष्ट स्ट्राइकरमा पर्छन्। स्विडेनका लागि एक सय २२ अन्तर्राष्ट्रिय खेलमा उनले ६२ गोल गरेका छन्। युवा खेलाडीलाई मौका दिनुपर्ने भावना बोकेका ज्लाटनले सन् २०१६ मा युरोकपपछि सन्न्यास लिए। तर, राष्ट्रिय फुटबल संघको दबाबमा उनले सन् २०२१ मा सन्न्यास फिर्ता लिए। सन्न्यास लिएपछि ज्लाटनले दोस्रोपटक मिलानबाट सर्घैंका लागि बिदा हुँदा दुःख लागेको बताएका छन्।

‘पहिलोपटक मिलानमा आउँदा धेरै खुसी भएको थिएँ, अहिले यहाँबाट सन्न्यास लिँदा दुःख लागेको छ,’ उनले भने, ‘एसी मिलानका समर्थकले मलाई धेरै माया गर्नुभएको छ, यो मलाई घरजस्तै लाग्छ।’ ४१ वर्षका ज्लाटन यस सिजन चोटका कारण अधिकांश समय मैदानबाहिर रहे। ‘यो मैदानमा बिताएका सबै क्षण यादगार रहनेछ,’ उनले भने, ‘मैले फुटबलबाट बिदाइ लिने समय आएको छ, समर्थकबाट कहिल्यै अलग हुनेछैन।’

केनमाथि रियल म्याड्रिडको नजर



म्याड्रिड/ स्पेनिस क्लब रियल म्याड्रिडले विश्वस्तरीय स्ट्राइकर भित्र्याउने अभियान थालेको छ। सदाबहार स्ट्राइकर करिम बेन्जिमाले क्लब छाडेपछि म्याड्रिड नयाँ स्ट्राइकर भित्र्याउने योजनामा रहेको स्पेनिस मिडियाहरूले जनाएका छन्। स्पेनिस मिडियाहरूका अनुसार बेन्जिमाको स्थानमा इंग्लिस क्लब टोटनह्यामका कप्तान ह्यारी केनलाई म्याड्रिडले अनुबन्ध गर्न सक्छ। टोटनह्यामबाट केनले चार सय ३५ खेलमा दुई सय ८० गोल गरेका छन्। बेन्जिमाले १४ वर्ष म्याड्रिडमा बिताएका थिए। केन मात्र नभएर म्याड्रिडले नेपोलीका भिक्टार ओसिहन, इन्टर मिलानका लाउटारो मार्टिनेज, चेल्सीका काई हाभेर्ट्ज तथा युभेन्टसका भाल्कोभिकमाथि पनि नजर राखेको छ। १४ पटकको युरोपियन च्याम्पियन्स लिग च्याम्पियन म्याड्रिडले पाँच खेलाडी सर्ट लिस्टमा राख्दा केनलाई पहिलो प्राथमिकतामा राखेको छ। केनसँग सम्झौता गर्न म्याड्रिडले सुरुवाती ७७ मिलियन युरो प्रस्ताव राखेको छ।

केनको मूल्य सय मिलियन पाउन्ड

टोटनह्याम भने केनलाई अन्य क्लबमा नपठाउने योजनामा छ। टोटनह्यामका अध्यक्ष ड्यानिल लेभले केन महत्त्वपूर्ण खेलाडी भएका कारण सम्झौता नगर्ने जनाएका छन्। तर, कुनै पनि क्लबले केनमाथि सय मिलियन पाउन्ड खर्चिन तयार भए टोटनह्यामले पुनर्विचार गर्न सक्ने उनको भनाइ छ। ‘हामी केनलाई सामान्य रकममा बिक्री गर्दैनौं, टोटनह्यामले उनको रिलिज रकम सय मिलियन पाउन्ड राखेको छ,’ ड्यानिलले भने, ‘सम्भवतः यो रकम म्याड्रिडले खर्चन सक्छ, तर स्पेनिस क्लबबाट सोचेजस्तो प्रस्ताव आएन।’

सिटीमा जाने प्रयास

दुई वर्षअघि केन प्रिमियर लिग च्याम्पियन म्यानचेस्टर सिटीमा जान प्रयास गरेका थिए। तर, टोटनह्याम त्यसै सिजन च्याम्पियन्स लिगमा छनोट हुँदा केन नै मुख्य खेलाडी बनेका थिए। च्याम्पियन्स लिगमा समेत राम्रो नतिजा निकाल्न टोटनह्यामले केनलाई सिटी पठाएन। यद्यपि, केन यसबीचमा स्पेनिस क्लबसँग नजिक रहे। सेल्टिकका म्यानेजर एन्गेसँग केनले वार्ता गरेका थिए। बालोन डिअर विजेता बेन्जिमाले सन् २००९ मा लियोनबाट म्याड्रिडसँग सम्झौता गरेका थिए। यसक्रममा उनले पाँचपटक च्याम्पियन्स लिग तथा चारपटक स्पेनिस ला लिगा जितेका थिए।

बोदेबर्साइन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बोदेबर्साइन, सप्तरी-५

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि आशयको सूचना

प्रकाशित मिति : २०८०/०२/२३

यस नगरपालिकाको कार्यालयबाट मिति २०८०/०१/०५ गते काठमाडौं पोष्ट राष्ट्रिय दैनिक पत्रिका तथा इ-विड मार्फत प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रितपूर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रहरु सार्वजनिक खरिद ऐन, नियमावली र विड डकुमेन्टमा राखिएका मुल्यांकनका प्रावधानहरुका आधारमा मुल्यांकन गर्दा तपशिल बमोजिमका बोलपत्रहरु सारभुत रुपमा प्रभावग्राही भएकाले निजहरुको आर्थिक प्रस्ताव तपशिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुदाँ, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ज) ५ को प्रयोजनार्थ सम्पूर्ण सरोकारवालाहरुलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	आयोजनाको नाम र ठेक्का आई.डि.नं.	प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु	आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान
१	Construction Works of 15 Beded Hospital, Bodebarsain-5 (BBMS/NCB/ Works/2079/080-09)	१. न्यू ड्राईगन निर्माण सेवा प्रा.लि. काभ्रेपलाञ्चोक २. श्रृंखला निर्माण सेवा प्रा.लि., विदुर-४, नुवाकोट	**मिति :** २०८०/०२/३० **समय :** ०१:०० बजे **स्थान :** बोदेबर्साइन नगरपालिकाको कार्यालय, बोदेबर्साइन, सप्तहरी

प्रमुख प्रशासकिय अधिकृत

कुश्मा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत
गण्डकी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०२/२३

यस कार्यालयबाट मिति २०७९/१०/१८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार पेश हुन आएका ई-बोलपत्रहरु मध्ये प्राविधिक तथा आर्थिक प्रस्ताव परिक्षणबाट निमानुसारको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतका लागी छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	आयोजनाको नाम र ठेक्का नं	छनौट भएको बोलपत्रदाता	कबोल रकम रु (भ्याट, कन्टिन्जेन्सी र PS रकम बाहेक)
1	Construction of Ward Office Building at Arthar Dandakharka (Ward No 14), Parbat KM/W/NCB/PAR/11(079/80)	M/S Vastu / ADB JV, Siwalaya chowk, Kushma	१८,०९०,२६४।०९

प्रमुख प्रशासकीय अधिकृत

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com